# लेखापरीक्षण प्रतिवेदन

## तारकेश्वर नगरपालिका, काठमाडौँ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# तारकेश्वर नगरपालिका, काठमाडौँ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/540

मिति : २०८३-१-३०

श्रीमान् नगरप्रमुखज्यू,

तारकेश्वर नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, काठमाण्डौं।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/540

श्रीमान् नगरप्रमुखज्यू,
तारकेश्वर नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय काठमाण्डौं ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको रायः

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु ३ अर्ब ३९ करोड ४१ लाख ९० हजारको लेखापरीक्षणबाट रु. १६ करोड ८० लाख ८४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ७ करोड ८ लाख २५ हजार सम्परीक्षण भई प्रतिक्रियाबाट रु २ करोड ४७ लाख ७६ हजार थप बेरुजु सहित असुल गर्नुपर्ने रु ४६ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ३ करोड ९५ लाख १० हजार, नियमित गर्नुपर्ने रु. ६ करोड ४४ लाख ८२ हजार र पेश्की बाँकी रु.१ करोड ३४ लाख ३४ हजार गरी जम्मा रु. १२ करोड २० लाख ३५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. ४३ करोड ९३ लाख ६४ हजार मध्ये रु. ५ लाख ९५ हजार सम्परीक्षण भई रु. ४३ करोड ८७ लाख ७० हजार र यसवर्षको रु. १२ करोड २० लाख ३५ हजार थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. ५६ करोड ८ लाख ५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

## ३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की | |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | | |
| ७७ | ४५६ | १६,८०,८४,३२६ | ० | ८२ | ७,०८,२४,७५२ | २,४७,७५,६१५ | ७७ | ३७४ | १२,२०,३५,१८९ | ४६,०९,४११ | ६,४४,८२,०२२ | ३,९५,१०,१४१ | ० | ० | १०,३९,९२,१६३ | १,३४,३३,६१६ | |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ४३,९३,६४,२८८ | ० | ५,९४,७१६ | ४३,८७,६९,५७२ | ० | १२,२०,३५,१८९ | ५६,०८,०४,७६१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको | | | | |
| १ | २०८१/८२ | ७३ | संयोजक /प्रतिवेदक भत्ता | ५,१०० |
| २ | २०८१/८२ | ९४ | सम्झौता पेश गर्नपर्नेः | ९६,०५० |
| ३ | २०८१/८२ | ११६.१ र ११६.२ | सभाहलमा भएको कार्यक्रममा कर्मचारीलाई यातायात भत्ताः | २,००० |
| ४ | २०८१/८२ | १०१ | संचार खर्चः | ५,००० |
| ५ | २०८१/८२ | ७६.१ | विविध खर्च प्रमाणः | ३८,५०० |
| ६ | २०८१/८२ | २.७ | वित्तीय विवरणको विश्लेषण : | ६,१९,९९,६२२ |
| ७ | २०८१/८२ | ३४.१,३४.२ र ३४.३ | बैठक भत्ताः | १७,८५० |
| ८ | २०८१/८२ | १०६ | बढी बिल पेशः | ३,२०० |
| ९ | २०८१/८२ | ९२ | बढी प्रशिक्षण भत्ताः | २,१२५ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८१/८२ | ८० | बढी तलब भुक्तानीः | १३,११२ |
| ११ | २०८१/८२ | ९१ | प्रशिक्षक भत्ताः | ३,४०० |
| १२ | २०८१/८२ | ३१ | पेश्की बाँकी : | २०,००० |
| १३ | २०८१/८२ | १५१ | नर्म्स विपरीत भुक्तानीः | ३,८२५ |
| १४ | २०८१/८२ | १०४ | दोहोरो भुक्तानीः | १०,२०० |
| १५ | २०८१/८२ | ८६ | तालिम कार्यक्रममा कार्यपत्र वेगर भुक्तानीः | ४,२५० |
| १६ | २०८१/८२ | ७२ | गाडी भाडा बढी भुक्तानीः | १३,००० |
| १७ | २०८१/८२ | १२८ | कार्यविधि भन्दा बढी प्रोत्साहन भत्ता भुक्तानी : | १७,५७,४४७ |
| १८ | २०८१/८२ | ११८ | कागजात पेश गर्नुपर्नेः | १,००,००० |
| १९ | २०८१/८२ | १२९ | कर्मचारी प्रोत्साहन भत्ता : | ६५,८१,२४३ |
| २० | २०८१/८२ | ११३.४ | आन्तरिक लेखापरीक्षणबाट कायम बेहोरा असुली फस्यौंट नभएको: | ६०,९३० |
| २१ | २०८१/८२ | १४१ | अनुगमन भत्ताः | ३०,००० |
| २२ | २०८१/८२ | ८९ | अध्ययन अवलोकन भ्रमणको प्रतिवेदन खर्चः | ५,४०० |
| २३ | २०८१/८२ | १०५ | अध्ययन अवलोकन भ्रमणः | ५२,४९८ |
| जम्मा | | | | ७,०८,२४,७५२ |
| गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण | | | | |
| २४ | २०८०/८१ | ९६ | बढी भुक्तानी | २५,३४३ |
| २५ | २०८०/८१ | १०१ | बढी भुक्तानी | ४०,२८१ |
| २६ | २०८०/८१ | २० | पेश्की बाँकी | ७६,७५० |
| २७ | २०८०/८१ | ९९ | पेश्की फछ्र्यौट हुन छुट भएको | ४,५२,३४२ |
| जम्मा | | | | ५,९४,७१६ |
| जम्मा | | | | ७,१४,१९,४६८ |

# तारकेश्वर नगरपालिका, काठमाडौँ

# ( ८०३३५४०६३०० )

# तारकेश्वर नगरपालिका , काठमाडौं

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै शासन पद्धतिलाई सुदृढ गरी विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु तारकेश्वर नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, ३५ वर्ग किलोमिटर क्षेत्रफल तथा १५१५०८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।१८ देखि २०८२।१०।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय - व्ययतर्फ रु. ३ अर्ब ३९ करोड ४१ लाख ८९ हजार ५२९.२ रुपैंयाको को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७,१५,५०९ असुल भई सम्बन्धित राजश्व खातामा दाखिला प्रमाण पेश भएको छ ।

| दाखिला मिति | कारोबार संकेत नं. | दाखिला खाता | वापत | दाखिला रकम (रु.) |
|---|---|---|---|---|
| २०८२।१०।२९ | ०८२।७९९८७४१ | संघीय (राबावै) | छात्रवृत्ति बढी निकासा | १७४०० |
| २०८२।१२।८ | ५०९३ | पालिका (एनआईसि एसिया) | अनुगमन भत्ता र अन्य बढी भुक्तानी | २१२५ |
| २०८२।१२।८ | ०८२।९०२३७१५ | संघीय (राबावै) | अनुगमन भत्ता र अन्य बढी भुक्तानी | १५३० |
| २०८२।१२।८ | ५०८९ | पालिका (एनआईसि एसिया) | नर्म्स भन्दा बढी भुक्तानी | २१२५ |
| २०८२।१२।८ | ५०९२ | पालिका (एनआईसि एसिया) | नर्म्स भन्दा बढी भुक्तानी | २१२५ |
| २०८२।१२।८ | ०८२।९०२१४९३ | संघीय (राबावै) | पोषणकार्यक्रम बढी भुक्तानी | १५३० |
| २०८२।१२।८ | ५०९१ | पालिका (एनआईसि एसिया) | बिल बढी भुक्तानी | २०८५० |
| २०८२।१२।८ | ०८२।९०२०११० | संघीय (राबावै) | बढी भुक्तानी | ५१० |
| २०८२।१२।८ | ०८२।९०२१८०१ | संघीय (राबावै) | बढी भुक्तानी | १०२० |
| २०८२।१२।८ | ५०९४ | पालिका (एनआईसि एसिया) | बैठक भत्ता बढी भुक्तानी | ७६५० |
| २०८२।११।१० | ४३०५ | पालिका (एनआईसि एसिया) | तलब बढी भुक्तानी | ३२५७३ |
| २०८२।११।१० | ४३०४ | पालिका (एनआईसि एसिया) | तलब बढी भुक्तानी | ३२५७३ |
| २०८२।१२।६ | ५०८० | पालिका (एनआईसि एसिया) | यातायात भत्ता बढी भुक्तानी | ५०० |
| २०८२।१२।८ | ५०८६ | पालिका (एनआईसि एसिया) | बढी भुक्तानी | १३४३५ |
| २०८२।११।८ | ५०८७ | पालिका (एनआईसि एसिया) | नर्म्स भन्दा बढी भुक्तानी | ८५० |
| २०८२।१२।८ | ०८२।९०२२२७६ | संघीय (राबावै) | कृषि कार्यक्रम बढी भुक्तानी | १३८८७७ |
| २०८२।१२।८ | ५०९० | पालिका (एनआईसि एसिया) | बैठक भत्ता बढी भुक्तानी | ४६५० |
| ०८२।१०।२५ | ०८२-७५८३८०५ | संघीय खाता | कुञ्चिप्वाकलमावि शुन्य दरवन्दि शिक्षक तलब बढी निकासा | ४३६८९ |
| ०८२।१०।२५ | ०८२-७५८३८०५ | संघीय खाता | कुञ्चिप्वाकलमावि शुन्य दरवन्दि शिक्षक तलब बढी निकासा | २४७५७ |
| ०८२।१०।२६ | ०८२-७६६४१८८ | संघीय खाता | कालीदेवी मावि प्राविधिक भत्ता बढी निकासा | ३६००० |
| ०८२।१०।२८ | ०८२-७७४७३२० | संघीय खाता | जितपुर मावि प्राविधिक भत्ता बढी निकासा | ३६००० |
| ०८२।१०।२६ | ०८२-७६५६३२२ | संघीय खाता | नागार्जुन मावि छात्रवृत्ति बढी निकासा | ६८०० |
| ०८२।१०।२६ | ०८२-१५७१३९०९ | संघीय खाता | तारकेश्वर मनमैजू मावि छात्रवृत्ति बढी निकासा | १२०० |
| ०८२।१०।२६ | ०८२-७६५७३०३ | संघीय खाता | काभ्रेस्थली मावि छात्रवृति बढी निकासा | ६४०० |
| ०८२।१०।२७ | ४६९६ | पालिका खाता | पृथ्वीनारायण मावि वहालकर ०८१।८२ वापत | ४८००० |
| ०८२।१०।२५ | ४६३७ | पालिका खाता | पृथ्वीनारायण मावि वहालकर ०८०।८१ वापत | ४८००० |
| ०८२।११।११ | ०८२-८१५८६२६ | संघीय खाता | पृथ्वीनारायण मावि छात्रवृत्ति बढि निकासा | ३६४०० |
| ०८२।१०।२८ | ०८२-७७५१२०९ | संघीय खाता | मानसिंह धर्म छात्रवृत्ति बढी निकासा | ४२००० |
| ०८२।११।१ | ०८२-७८४५६४४ | संघीय खाता | कालीदेवी मावि छात्रवृत्ति बढी निकासा | १६००० |
| ०८२।११।४ | ०८२-७९२५७१२ | संघीय खाता | जीतपुर मावि छात्रवृत्ति बढी निकासा | ६४०० |

| | | | | |
|---|---|---|---|---|
| ०८२।११।१ | ०८२-७८४५०३ | संघीय खाता | कुञ्चिप्वाकल छात्रवृत्ति बढी निकासा | २४०० |
| ०८२।११।४ | ०८२-७९०५८१५ | संघीय खाता | नागार्जून ठूलागाँउ छात्रवृत्ति बढी निकासा | ३२०० |
| २०८२।१०।२५ | २२३६ | पालिका खाता | बढी भुक्तानी वापत | १०००० |
| ०८२।१२।८ | ५०९९ | पालिका खाता | स्वास्तिका कार्की विभिन्न बढी भुक्तानी | ४१८६ |
| ०८२।१२।९ | ५१६१ | पालिकाा खाता | साधना जोशि भत्ता बढी भुक्तानी | १२७५ |
| ०८२।१२।९ | ५१६० | पालिका खाता | सविता आचार्य लगायत अन्य व्यक्ति बैठक भत्ता बढी भुक्तानी | ३४३७४ |
| ०८२।१२।८ | ५१०४ | पालिका खाता | अशोक श्रेष्ठ आमन्त्रित बैठक भत्ता बढी भुक्तानी | ५१०० |
| ०८२।१२।९ | ५१७१ | पालिका खाता | सविता आचार्य लगायत अन्य आमन्त्रिच बैठक भत्ता बढी भुक्तानी | ९८०० |
| ०८२।१२।१० | ५१७८ | पालिका खाता | भुपेन्द्र सिंह वडाल भत्ता बढी भुक्तानी | १७०० |
| ०८२।१२।१० | ५१७९ | पालिका खाता | भुपेन्द्र सिंह वडाल भत्ता तथा अन्य बढी भुक्तानी | २५०५ |
| ०८२।१२।११ | ५२०० | पालिका खाता | निर्मला शर्मा अनुगमन भत्ता बढी भुक्तानी | ९००० |
| | | | जम्मा | ७१५५०९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण :**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० मा नेपाल सरकार मन्त्रिपरिषदबाट जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचिमा संलग्न गरिएको छ ।

| आ.व २०८१/८२ को आर्थिक विवरण | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति | | | भुक्तानी | | |
| विवरण | रकम रु. | रकम रु. | विवरण | रकम रु. | रकम रु. |
| सुरुमौज्दात | | २७८०५३८४० | चालु खर्च | | ६६०९३७७९२.३ |
| १.संचित कोष | १३३८१२२४३.६ | | १.पालिकातर्फ | ३३०६८२५८५.६ | |
| २.धरौटी | ४५५९२८१३.३६ | | २.संघीयसशर्त | ३०७८४९२८४.७ | |
| ३.कार्यसञ्चालन कोष | १८२३१०६.७४ | | ३.संघीयविशेष | १४७२९६३०.९७ | |
| ४. अन्य कोषप्रकोप व्यवस्थापन कोष | २५०६४७२९.५ | | ४.प्रदेशसशर्त | ७६७६२९१ | |
| ५.मर्मत संभार कोष | ७१७६०९४६.८१ | | ५.प्रदेशविशेष | ० | |
| यस वर्षको आय | | ७७३६८२०७३.९ | | | |
| १.आन्तरिक आय | ३८३८६१६३३.३ | | | | |
| २.स्थानीय राजश्व | ३७९०६९४४७.९ | | | | |
| ३.जनसहभागिता | १०७५०९९२.६८ | | पुँजीगतखर्च | | ६५८९४३४९३.४ |
| वित्तीय हस्तान्तरण (संघ) | | ७२५२२८८४७.३ | १.पालिका तर्फ | ६००२२०८७७.५ | |
| १.समानीकरण अनुदान | २०६२७६४८० | | २.संघीय सशर्त | २९२४०९०५ | |
| २.राजस्व बाँडफाँट | १०९०३२९९६ | | ३.संघीय विशेष | १४७२९६३०.९७ | |
| ३. सशर्त अनुदान | ३८८४७९१८० | | ४.संघीय समपूरक | ५०६०९३५ | |
| ४. समपूरक अनुदान | ५९१०५५९.७८ | | ५.प्रदेश सशर्त | ३९५०२३८ | |
| ५.विशेष अनुदान | १५५२९६३१.५८ | | ६.प्रदेश विशेष | ० | |
| | | | ७.प्रदेश समपुरक | ५७४०९०७ | |
| | | | अन्तरसरकारी अख्तियारी (संघ) | | |
| वित्तीय हस्तान्तरण (प्रदेश) | | ११४०४२७२२ | सामाजिक सुरक्षा खर्च | १६१४६२२६२.२ | १६१४६२२६२.२ |
| १. समानीकरण अनुदान | २३१३१००० | | | | |
| २. राजस्व बाँडफाँट | ५१८७७७२१.९६ | | | | |
| ३. सशर्त अनुदान | २७४१२००० | | | | |
| ४.समपूरक अनुदान | १०३७२००० | | | | |
| ५.विशेष अनुदान | १२५०००० | | | | |
| कार्यसञ्चालन कोष आय | २७११८७२५.७ | २७११८७२५.७ | धरौटीफिर्ता तथा सदर स्याहा | ११९४४२०८ | ११९४४२०८ |
| धरौटी आय | १५७८५३११.८३ | १५७८५३११.८३ | कार्यसञ्चालनकोषबाट भएको खर्च | | ८७६१०११ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अन्यकोषबाट भएको खर्चमर्मत संभारकोष | २३४३२७३ | |
| सामाजिक सुरक्षा | १६१४६२२६२.२ | १६१४६२२६२.२ | प्रकोपव्यवस्थापन कोष | ६४१७७३८ | |
| | | | अनुदानफिर्ता | | |
| | | | संघतर्फ | | ५३१५४२५५.३६ |
| | | | १. सशर्त अनुदान | ५१५०४६२९.९७ | |
| | | | २. विशेष अनुदान | ८००००.६१ | |
| | | | ३. समपूरक अनुदान | ८४९६२४.७८ | |
| | | | प्रदेशतर्फ | | २१६६६५६४ |
| | | | १.सशर्तअनुदान | १५७८५४७१ | |
| | | | २. विशेष अनुदान | १२५०००० | |
| | | | ३. समपूरक अनुदान | ४६३१०९३ | |
| | | | अन्तिममौज्दात | | ५१८५०४१९६.७ |
| | | | १.संचितकोषको मौज्दात | ३७२६५४१११.१ | |
| | | | २.धरौटी | ५१०८२५११.१९ | |
| | | | ३.कार्यसञ्चालनकोष | ६१६४४२१.०१ | |
| | | | ४.प्रकोप व्यवस्थापन कोष | १९१८५४७९.५ | |
| | | | ५.मर्मत संभार कोष | ६९४१७६७३.८१ | |
| जम्मा | २०९५३७३७८३ | | जम्मा | २०९५३७३७८३ | |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं२७०) तयार गर्नुपर्छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६१४६२२६२.२४ सुत्र प्रणाली लेखाङ्कन गरेको छैन ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले सम्पूर्ण कारोबार नसमेटेको हुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

२.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ११०३८६००८.३१, यस वर्षको प्राप्ति रु. २८०२३१९३८.७९, यस वर्षको भुक्तानी रु.२८८२०२१२३९.९९ र बैंक मौज्दात रु. ९६९२४४०.५२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | २७८०५३८४०.०२ | १८१७३१९९४२.९४ | १५७६८६९५९५८६.२६ | ५१८५०४१९६.७ |
| सूत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १६७६६७८३१.७१ | १५३७०८८००४.१५ | १३०५१५१६५३.७३ | ५०८८११७५६.१८ |
| फरक | ११०३८६००८.३१ | २८०२३१९३८.७९ | २८८२०२१२३९.९९ | ९६९२४४०.५२ |

२.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. २४५४३६३८५ मौज्दात रहेकोमा यो वर्ष रु. २७८०५३८४०.०२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३२६१७४५५.०२ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

२.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. २५००३९२.४३, पुँजीगत खातामा रु. १३६२८८६.१३, , राजस्व बाँडफाँड खातामा रु.९८४५०३२१.१९ समेत रु.१०२३१३५९९.७५ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **कर दायित्त्वः**

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **४२,५५०.७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

२.७ **बैङ्क हिसाब विवरण** -

पालिकाबाट प्राप्त प्रतिक्रियाको आधारमा कायम संसोधित बेरुजु यसै प्रतिवेदनको थप बेरुजु खण्डतर्फ दफा नं. १ मा समावेश गरिएको छ ।

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१९** को निर्णयले रू **६१,९५७,०७१.०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३ **आन्तरिक लेखापरीक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको CGAS तर्फको आन्तरिक लेखापरीक्षण गराएको छैन भने पालिका तर्फको आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्त्यमा मात्र गराएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने आधार देखिएन । यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहायबमोजिम रहेका छन:

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको देखिएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन,

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाइएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम (१०) बमोजिम स्थानीय तहले एकिकृत वित्तिय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन,

• दिगो विकास योजना (२०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन,

• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन,

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन ।कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता, गाडी भाडा र योजना अनुगमनमा खर्च गर्ने गरेको,

• शीर्षक फरक पारी खर्च लेख्ने गरेको,

• प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम कार्य विवरण बनाई लागु गरेको पाइएन,

• भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन तयार गर्ने गरेको पाइएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पतिको संकलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरुको अभिलेख राखेको पाइएन,

• लेखापरीक्षणको क्रममा कतिपय भौचरसँग स्रेस्ता संलग्न रहेको पाइएन,

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय संयन्त्र बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

५ **रकमान्तर :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रहि कुनै शीर्षकबाट पुँजिगत शीर्षकमा पच्चिस प्रतिशतले नबढाई रकमान्तर गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा यस पालिकाले २०८१ आषाढमा आर्थिक वर्ष ०८१।८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी हिउँदे सभाको निर्णयबाट विभिन्न ११० कार्यक्रम तथा योजनाको रु. ३८,०४,९१,७०७।- बजेट घटाई विभिन्न ४७३ योजना तथा कार्यक्रममा रु.९६,३३,७२,७०७।- बजेट वृद्धि गरी खर्च गरेको छ । यसरी सभाबाट स्वीकृत कार्यक्रम घटाई हिउँदे सभाबाट निर्णय गराई अन्य योजना तथा कार्यक्रममा खर्च गरेको देखिन्छ।

६ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नु पर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्ने देखिन्छ ।

८ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा उपप्रमुखले मिति २०८१।३।७ गते रु.२ अर्ब ५२ करोड ५८ लाख ८८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।७ मा पारित भएको छ ।यसैगरी स्थानीय तहका

प्रमुखले मिति २०८१।०३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

९ **बजेट खर्च :**

आर्थिक वर्ष २०८१।८२ को पालिकाको कुल बजेट खर्च मध्ये चालु र पुँजीगत खर्च देहाय बमोजिम गरेको छ ।

| कुल बजेट संशोधन सहित रु. | कुल बजेट खर्च रु. | चालु खर्च रु. | प्रतिशत | पुँजीगत खर्च रु. | प्रतिशत |
|---|---|---|---|---|---|
| ३, १२ , ९९ , ५५ , ००० | १३०५१५१६५३.७३ | ६४, ६२ , ०८ , १६०.३१ | ४९.५१ | ६५, ८९ , ४३ , ४९३.४२ | ५०.४९ |

उपर्युक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ३ अर्ब १२ करोड ९९ लाख ५५ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ६४ करोड ६२ लाख ८ हजार र पुँजीगत तर्फ रु. ६५ करोड ८९ लाख ४३ हजार गरी कुल खर्च रु.१ अर्ब ३० करोड ५१ लाख ५१ हजार अर्थात कुल खर्चको तुलनामा ५०.४९ प्रतिशत पुँजिगतमा र ४९.५१ प्रतिशत चालुमा खर्च भएको छ ।

१० **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ३८३८६१६३३.३४ ।- राजस्व बाँडफाँटबाट रु.५३९९८०१६५.८।- गरी जम्मा रु. ९२३८४१७९९.१४ र अनुदानबाट रु.६१३२४६२०५.०१।- समेत रु.१५३७०८८००४.१५।-आम्दानी गरेकोमा चालु तर्फ रु.६४,६२,०८,१६०.३१।- र पुँजिगत तर्फ रु.६५,८९,४३,४९३.४२।- समेत रु. १३०५१५१६५३.७३।- खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २९.४१ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी पारिश्रमिकमा रु.१०२४८००० खर्च गरेको छ ।जुन पालिकाको आन्तरिक आय रु. ३८३८६१६३३.३४ को २.६७ प्रतिशत रहेको छ । पालिकाले कुल खर्चको तुलनामा ४९.५१प्रतिशत चालु, ५०.४९ प्रतिशत पुँजिगत निर्माण तर्फ खर्च गरेको देखिन्छ ।यसबाट पालिकाले विकास निर्माण खर्च न्यून हुने र प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकतम विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको २०८१/८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| सिनं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १९,०१,०७,०००.०० | ५,२१,४२,८९०.०० | ४.०२ |
| २ | पूर्वाधार विकास | १,४७,८६,०४,८२६.०० | ४८,७८,१९,२६५.१० | ३७.५२ |
| ३ | सामाजिक विकास | १,०४,४९,०८,४३०.०० | ५२,१९,६९,८०५.०५ | ४०.१४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७,७४,२५,७४४.०० | २,५५,७३,५७४.०० | १.९७ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ३१,२९,०९,०००.०० | २१,२५,८५,१८४.५८ | १६.३५ |
| जम्मा | | ३१०३९५५००० | १३०००९०७१८.७३ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन भई खर्च गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४०.१४ प्रतिशत र सबै भन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.९७ प्रतिशत खर्च रहेको छ ।पालिकाको बजेट खर्च रु.१३०५१५१६५३.७३ रहेकोमा क्षेत्रगत बजेटमा संघीय समपूरक अनुदानको रु.५०६०९३५ समावेश नभएकोले क्षेत्रगत बजेट खर्चमा पालिकाको खर्च रु.१३०००९०७१८.७३ देखिएको छ ।

१२ **त्रैमासिक पुँजीगत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पुँजीगत | ४९०३१४७१ | १०००००००० | ० | ० | ३९०३१४७१ | ४०६८५१९४.९७ |
| २ | प्रदेश पुँजीगत | ९६९११४५ | ० | ० | ० | ९६९११४५ | ६२९११४५ |
| ३ | नगरपालिका पुँजीगत | ६००२२०८७८ | ११४८१२६३४ | ५००९१६३१ | १८४८५८५८६ | २५०४५८०२६ | १२७५७५४०२ |
| | कुल खर्च | ६५८९४३४९३ | १२४८१२६३४ | ५००९१६३१ | १८४८५८५८६ | २९९१८०६४२ | १७४५५१७४२ |
| | खर्च प्रतिशत | १०० | १८.९४ | ७.६४ | २८.०५ | ४५.४० | २६.४९ |

उपर्युक्त विवरण अनुसार पुँजिगत तर्फ यो वर्ष जम्मा रु. ६५ करोड ८९ लाख ४३ हजार खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रु. १२ करोड ४८ लाख १२ हजार (१८.९४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ५ करोड ९१ हजार (७.६० प्रतिशत) तेस्रो त्रैमासिकमा रु.१८ करोड ४८ लाख ५८ हजार (२८.०५ प्रतिशत) र चौथो त्रैमासिकमा रु. २९ करोड ९१ लाख ८० हजार (४५.४० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १७ करोड ४५ लाख ५१ हजार (२६.४९ प्रतिशत) खर्च गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर र परिमाणमा समेत जोखिम थपिन सक्ने देखिन्छ।

## १३ अनुदान फिर्ता :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | ३८८४७९१८० | ३३७०९०१८८.७ | ५१३८८९९१.२७ |
| | विशेष | १५५२९६३१.५८ | १४७२९६३०.९७ | ८०००००.६१ |
| | समपूरक | ५९१०५५९.७८ | ५०६०९३५ | ८४९६२४.७८ |
| जम्मा | | ४०९९१९३७१.४ | ३५६८८०७५४.७ | ५३०३८६१६.६६ |
| प्रदेश सरकार | सशर्त | २७४१२००० | ११६२६५२९ | १५७८५४७१ |
| | विशेष | १२५०००० | ० | १२५०००० |
| | समपूरक | १०३७२००० | ५७४०९०७ | ४६३१०९३ |
| जम्मा | | ३९०३४००० | १७३६७४३६ | २१६६६५६४ |
| कुल जम्मा | | ४४८९५३३७१ | ३७४२४८१९१ | ७४७०५१८०.७ |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु. ४० करोड ९९ लाख १९ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्ष रु.३५ करोड ६८ लाख ८० हजार बजेट खर्च भई बाँकी रु. ५ करोड ३० लाख ३८ हजार मिति २०८२।३।३२ मा सङ्घीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु. ३ करोड ९० लाख ३४ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्ष रु. १ करोड ७३ लाख ६७ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रु. २ करोड १६ लाख ६६ हजार रहेकोमा मिति २०८२।३।३२ मा रु

१९१२६५६४ फिर्ता गरेको देखिन्छ भने फिर्ता बाँकी रु.२५४०००० मिति २०८२।७।२१ मा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ ।खर्च नभई बाँकी रहेको रकम तोकिएको समयमा सम्बन्धित कोषमा निकासा फिर्ता गर्नुपर्दछ ।

१४ **वार्षिक खरिद गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राही समुदाय समेतबाट वार्षिक रु. ६५ करोड ८९ लाख ४३ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेकोमा खरिद गुरुयोजना बनाएको पाईएन। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई पूर्वानुमानयोग्य,पारदर्शी, परिमाणमुखी र मितव्ययी खरिद कार्य गर्नुपर्दछ ।

१५ **भुक्तानी बाँकी प्रमाणीत बेगर भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरीद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.६२८५९४८.६ भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी गर्दा बजेटमा व्यवस्था गरी भुक्तानी बाकीँको कच्चावारी प्रमाणित गराई खर्च लेख्नुपर्नेमा सो नगरी खर्च लेखेको नियमित नदेखिएको रु.

| भौचर नं | भुक्तानी पाउनेको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ७६।२०८१।६।२१ | आशामाया महर्जन श्रेष्ठ | १८६७० | खाजा खर्च |
| ९५।२०८१।६।२२ | पुजन केसी | ७३२२५ | सडक हेरालु पारिश्रमिक |
| २१९।२०८१।८।१८ | आरति पौडेल | ९२०० | भ्रमण भत्ता |
| २३८।२०८१।१०।११ | स्वास्थ्य तर्फका ३१ जना कर्मचारीको प्रोत्साहन भत्ता | १५३७५०५.२१ | २०८०।८१ को प्रोत्साहन भत्ता |
| २४२।२०८१।१०।११ | स्वास्थ्य तर्फका ७० जना कर्मचारीको प्रोत्साहन भत्ता | ४२०५३४८.३९ | २०८०।८१ को प्रोत्साहन भत्ता |
| ५६०।२०८२।२।७ | धर्मस्थली तेक्वान्दो डोजाङ्ग | ४४२००० | आव २०८०।८१ मा गरेको कार्यक्रम २०८१।८२ मा नगर कार्यपालिकाको निर्णयको आधारमा भुक्तानी |
| जम्मा | | ६२८५९४८.६ | |

| | |
|---|---|
| अनियमित भएको | ६२,८५,९४८.६ |

१६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(च) बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहित पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १७ ठेक्का बन्दोवस्त :

पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | लागत अनुमान | | | | | | | | यस बर्ष सम्पः | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा<br>योजनाको लागत अनुमान | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्र/ सिलबन्दी दरभाउ बाट | ४४ | ४१६०५१००९.१५ | ८ | ५१८९७७०३.६७ | २८ | २७६७२२९६३.५४ | ८ | ८२५४४२९६.६१ | २४ | २२ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागि रु. ४१ करोड ६० लाख ५१ हजार लागतको ४४ ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु ५ करोड १८ लाख ९७ हजारको ८ ठेक्का व्यवस्थापन भएको, दोश्रो चौमासिकमा रु. २७ करोड ६७ लाख २३ हजारको २८ ठेक्का व्यवस्थापन भएको र तेस्रो त्रैमासिकमा रु ८ करोड २५ लाख ४४ हजारको ८ ठेक्का व्यवस्थापन भएको देखिन्छ । ठेक्का व्यवस्थापन मार्फत २४ वटा योजनाहरुमा रु.२२ करोड ४३ लाख ८३ हजार खर्च भई आर्थिक वर्षको अन्त्यसम्ममा २० ठेक्का सम्पन्न हुन बाँकी देखिन्छ ।बाँकी ठेक्का समेत समयमानै सम्पन्न गर्नुपर्दछ ।

## १८ ठेक्का व्यवस्था :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २.४७ देखि ६०.१९ प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको देखिन्छ। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको पूर्ण रुपमा गुणस्तर परीक्षण गरेको पाईएन । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहाय अनुसार उल्लेख छ ।

| सि.नं | योजनाको नाम | ठेक्का नं | कुल ल.ई. | न्यून भएको निर्माण व्यबसायी फर्मको नाम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | Construction Works of Sangle Khola Corridor Nirman | TARA/3/NCB /081-082 | 19474207.75 | Sahasrara Construction Pvt.Ltd | -३३.१९ |
| २ | Construction works of Kavresthali Kaure Sadak KhandamaWall Nirman. | TARA/13/NCB /081-082 | 2914059.44 | R.B.RHYTHM CONSTRUCTION PVT. LTD | -४२.०६ |
| ३ | Construction works of Gram Sewa Ma.Bi. ma Truss Tatha PVC Flooring Nirman. | TARA/14/NCB /081-082 | 3374353.86 | N.J. Construction | -२९.११ |
| ४ | Construction works of Gumba dekhi Saatdhara samma 1 km Overlap Kalopatre. | TARA/15/NCB /081-082 | 4896973.34 | Subol Construction | -२.४७ |
| ५ | Tarakeshwor Nagarpalikama Raheko Muhan Bata Pani Sankalan Garna Brihat Tyanki Nirman Ra Prasodhan Yojana Ward 7. | TARA/37/NCB /081-082 | 23996545.31 | Jay Kalika-Adriya-Banshagopal JV | -६.४९ |
| ६ | Construction works of Lolang Bohoratar Hamut Sadak.. | TARA/39/NCB /081-082 | 4899871.31 | Lolang Nirman Sewa. | -१५.८५ |
| ७ | Construction Works of Lambagar Mahadev Mandir dekhi Jarankhu Pul samma Corridor Nirman. | TARA/49/NCB /081-082 | 4916890.35 | Om Durgeshwori Mahadev Nirman Sewa | -६०.१९ |

१९ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण ,कार्य सम्पादन जमानत, पेस्की, बैंक ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी संलग्न हुने गर्दछ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

२० **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फर्स्योट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फर्स्योट/कारवाही भएका विवाद | फर्स्योट /कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| २६ | ६९ | ९५ | ६२ | ३३ |

उपरोक्त विवरण अनुसार गतवर्षबाट जिम्मेवारी बाँकी रहेको २६, यस वर्ष ६९ नयाँ मुद्दा दर्ता भई ९५ मुद्दा बाँकी भएकोमा ६२ मुद्दा फर्स्योट भई यस आर्थिक वर्षको अन्त्यमा ३३ मुद्दाको कारबाही हुन बाँकी देखिन्छ। बाँकी मुद्दाको समेत समयमानै टुङ्गो लगाउनु पर्दछ ।

२१ **कानुन निर्माण :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या | २०८१।८२ मा मात्र बनेका कानुन |
|---|---|---|---|
| १. | ऐन | १० | २ |
| २. | नियमावली | ५ | ० |
| ३. | कार्यविधि तथा निर्देशिका | २९ | ६ |
| ४. | नीति | ४ | २ |
| | जम्मा | ४८ | १० |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका १० ऐन, ५ नियमावली, २९ कार्यविधि तथा निर्देशिका, र ४ नीति गरी जम्मा ४८ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ ।यस वर्ष मात्र २ ऐन,६ कार्यविधि तथा निर्देशिका र २ नीति बनाएको छ। सोही ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधि र मापदण्ड पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाईएन।

२२ **सेवा प्रवाहको स्थिति :**

पालिकाले यस आर्थिक वर्ष देहाय बमोजिमको पञ्जीकरण सेवा उपलब्ध गराएको पाइयो।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ६०९ |
| मृत्यु दर्ता | १४१ |
| बसाइँसराइ दर्ता | ३९४ |
| विवाह दर्ता | ३७७ |
| सम्बन्ध विच्छेद दर्ता | ६० |
| जम्मा | १५८१ |

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले आ.व. २०८१।८२ मा जन्मदर्ता ६०९, मृत्यु दर्ता १४१, बसाँइसराइ दर्ता ३९४ परिवार, विवाह दर्ता ३७७, सम्बन्ध विच्छेद दर्ता ६० गरी १५८१ जनालाई पञ्जीकरण सेवा प्रवाह गरेको छ। भने पालिकाले वडा मार्फत भूमिहिन दलित ५५, भूमिहिन सुकुम्बासी १३४ र अव्यवस्थित बसोबासी २८३ गरी ४७२ जनाको लगत संकलन गरेको गरेको छ ।

२३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले २०८० सालमा नगरसभाबाट पास गरेको संगठन व्यवस्थापन सर्वेक्षण अनुसार पालिका अन्तरगतको नगर अस्पताल बाहेक कृषि भेटनरी स्वास्थ्य शिक्षा आयुर्वेदमा कार्यरत कार्यालय सहयोगी समेत गरी ३३२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित स्थायी १३७ र करार १०३ सहित २३७ जना पदपूर्ती भएको देखिन्छ ।

२४ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी :**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका ७४ जनाको रु.५३५३६५७४।- र पालिका तर्फका ६३ जनाको रु.३९९९५८३।- सहित १३७ जना कर्मचारीलाई रु.९३५३६१५७।- तलब भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२५ **कर्मचारी व्यवस्थापन :**

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र विना प्रस्ताव दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले १०३ जना करारमा नियुक्ति गरेको रु ३८८०८२५५ तलब भत्ता भुक्तानी गरेको छ भने उल्लेखित पदहरुमा बाहेक ३३ कर्मचारी करारमा नियुक्त गरी रु. १४६२४६७० तलब भत्ता भुक्तानी गरेको पाइयो ।पालिकाले स्थायी कर्मचारी लोकसेवा माग गरी पदपुर्ति गर्नु पर्दछ साथै दरबन्दी भन्दा बाहिर ८ जना कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | मासिक दर | वार्षिक तलव भत्ता खर्च | कैफियत |
|---|---|---|---|---|
| सब इन्जिनियर | ४ | ३४७३० | १८४५९६० | |
| कम्प्युटर अपरेटर | १ | ३४७३० | ४६१४९० | |
| कार्यालय सहायक | ७ | ३२९०२ | ३०६४०८२ | |
| सहायक कम्प्युटर अपरेटर | ८ | ३२९०२ | ३५०१८०८ | |
| सामाजिक परिचालक | ३ | ३२९०२ | १३१३१७८ | दरबन्दी भन्दा बाहिर |
| अमिन | २ | ३२९०२ | ८७५४५२ | |
| दोभासे | १ | ३२९०२ | ४३७७२६ | दरबन्दी भन्दा बाहिर |
| कार्यालय सहयोगी | १९ | २४७०२ | ६२९१३९४ | |
| हसचा | ५ | २७६१२ | १८४४७८० | |
| हेरालु | १ | २४७०२ | ३३११२६ | दरबन्दी छैन |
| सुरक्षा गार्ड | २ | २४७०२ | ६६२२५२ | दरबन्दी छैन |
| फिल्ड सहायक | १ | ३४७३० | ४६१४९० | |
| रेडियोग्राफर | १ | ३४७३० | ४६१४९० | |
| स्टाफ नर्स | १ | ३४७३० | ४६१४९० | |
| ल्याव असिस्टेन्ट | १ | ३२७०२ | ४३५१२६ | |
| अनमी | १ | ३२७०२ | ४३५१२६ | |
| अहेब | १ | ३२७०२ | ४३५१२६ | |
| अभ्यङ्गकर्ता | १ | ३२७०२ | ४३५१२६ | |
| कार्यालय सहयोगी | १६ | २४७०२ | ५२९८०१६ | |
| इलेक्ट्रिसियन | १ | २४७०२ | ३३११२६ | |
| हसचा | २ | २४७०२ | ६६२२५२ | |
| सुरक्षा गार्ड | १ | २४७०२ | ३३११२६ | दरबन्दी छैन |
| नगरप्रहरी निरीक्षक | १ | ४३६८९ | ५६७९५७ | |
| नगरप्रहरी नायब निरीक्षक | १ | ३४७३० | ४५१४९० | |
| नगरप्रहरी सहायक निरीक्षक | २ | ३२७०२ | ८५०२५२ | |
| नगरप्रहरी हवल्दार | ४ | २७६१२ | १४७५८२४ | |
| नगरप्रहरी जवान | १५ | २६०८२ | ५०८५९९० | |
| जम्मा | १०३ | | ३८८०८२५५ | |

| | |
|---|---|
| अनियमित भएको | ३०,७५,४०८ |

२६ **रिक्त पदको सूचना :**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ३३२ जना रहेकोमा देहाय बमोजिम १३७ जना स्थायी, १०३ जना करारमा कार्यरत रही ९२ पद रिक्त रहेका छन् । तर पालिककाले यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तीका लागि तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।यस सम्बन्धमा पालिकासँग छलफल गर्दा प्रदेश किताबखानामा स्थानीय तहबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसारको पद दर्ता नभएकोले लोकसेवा माग गर्न नसकेको जनाएको छ ।

२७ **अवकाश कोष :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले अवकाश कोष स्थापना गरेको पाइएन। अवकाश भएका कर्मचारीलाई अवकाश वापतको रकम भुक्तानी गर्नको लागी पालिकाबाट एकमुष्ट रकम निकासा गरी कर्मचारी कल्याण कोष मार्फत खर्च गर्ने गरेको पाइयो ।ऐनले तोकेको बमोजिमको कोषमा कर्मचारीको तलबबाट रकम कट्टा गरी कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन।

२८ **आर्थिक सहायता :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले तारकेश्वर नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ अनुसार विभिन्न २४ व्यक्तिहरुलाई जनही रु.२०००।०० देखि रु.२०००००।०० सम्मको समेत गरी जम्मा रु.६३१२५३।००आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३८३८६१६३३.३४।०० को ०.१६ प्रतिशत हुन आउँछ ।आर्थिक सहायता वितरण गर्दा कार्यविधि बमोजिम दोहोरो नपर्ने गरी कमजोर आर्थिक अवस्था भएको नागरिकलाई मात्र वितरण गरिनुपर्दछ ।

२९ **सूचना प्रकाशन तथा प्रसारण :**

सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ४,५,६,७,८,२७,२८ तथा नियमावली, २०६५ मा नागरिकको सूचनाको हक सम्बर्द्धन संरक्षण र प्रचलन गर्ने सम्बन्धमा सार्वजनिक निकायले सूचना अधिकारी तोक्ने, आफ्नो निकायको सूचना वर्गीकरण र अद्यावधिक गर्ने,सार्वजनिक निकायले तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन गर्नुपर्ने, आफ्नो वेब साईट नियमित अद्यावधिक गर्ने तथा सार्वजनिक निकायसँग माग गरिएको सूचना र उपलब्ध गराएको सूचनाको विवरण छुट्टै अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सूचनाको हक सम्बर्द्धन र प्रचलन गर्ने सम्बन्धमा आफ्नो वेब साईट नियमित अद्यावधिक गर्ने, सूचना अधिकारी तोक्ने लगाएतको कार्य गरेको भएता पनि आफ्नो निकायको सूचना वर्गीकरण र अद्यावधिक गर्ने, तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन गर्ने गरेको नपाइएकोले सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीले गरेको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखिन्छ ।

३० **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ।

३१ **पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि

निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई दिएको पेश्की मध्ये म्याद नाघेको रु ४४८६८४८२।४६ र म्याद ननाघेको रु १०२०६५९१ गरी रु ५५०७५०७३।४६ बाँकी रहेकोमा चालु आबको म्याद नाघेको पेश्की रु १३४५३६१६ आर्थिक वर्षको अन्त्यसम्म पनि फस्र्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फस्र्यौट गर्नुपर्ने रु

| मिति | भौचर नं | पेश्कीको प्रयोजन | पेश्की लिनेको नाम | म्याद नाघेको पेश्की रकम |
|---|---|---|---|---|
| कर्मचारी | | | | |
| ०८१/१२/०६ | ५१ | स्थानीय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | फत्ते बहादुर गुरुङ | १५०००० |
| १४/०७/२०८१ | १५८ | साँस्कृतिक जात्रा पर्व | सविता कुमारी काफ्ले | १००००० |
| २३/०८/२०८१ | २२९ | कार्यक्रम खर्च | दिनेश राज पन्त | २५००० |
| १३/११/२०८१ | ३२० | १ दिने पशु सम्बन्धि अभिमुखिकरण कार्यक्रम | प्रेम परीयार | १६०००० |
| २५/१२/२०८१ | ४१४ | विषेशज्ञ स्वास्थ्य शिविर सञ्चालन | विनोद कुमार शाह | ३००००० |
| ३१/१२/२०८१ | ४३८ | जिल्ला स्तरिय खेलकुद प्रतियोगिता सहभागिता व्यवस्थापन | उमेश धिताल | ५०००० |
| ११/०१/२०८२ | ४५८ | ११ वटा वडामा करदाता शिक्षा कार्यक्रम तथा राजश्व संकलन शिविर सञ्चालन | हरिकृष्ण अर्याल | २००००० |
| ११/०१/२०८२ | ४५८ | राजस्व शाखा तथा वडामा कार्यरत राजस्व संग सम्बन्धित कर्मचारीहरुको त्रैमासिक रुपमा अन्तरक्रिया तथा क्षमता विकास कार्यक्रम | हरिकृष्ण अर्याल | १००००० |
| २२/०२/२०८२ | ६३२ | वृक्षारोपण कार्यक्रम | जिवनाथ भण्डारी | ८०००० |
| १८/०३/२०८२ | ७६५ | कोख देखि सोख सम्म समावेशीकरण कार्यक्रम १६ | नानु कार्की तिवारी | ५०००० |
| संस्थागत | | | | |
| २९/१०/२०८१ | २६३ | सबै स्वास्थ्य शंस्थाहरुलाई कार्यालय संचालन खर्च | शहरी स्वास्थय केन्द्र ता.न.पा.११ | ४५००० |
| २९/१०/२०८१ | २६३ | सबै स्वास्थ्य शंस्थाहरुलाई कार्यालय संचालन खर्च | साङ्गला प्राथमिक स्वास्थ्य केन्द्र | १३०००० |
| २२/१२/२०८१ | ४०९ | स्वयवसेविका क्षमता विकास कार्यक्रम | साङला प्राथमिक स्वास्थ्थ केन्द्र. | १००००० |
| १२/०२/२०८२ | ५९८ | उपमेयरसँग महिला विशेष प्रसुति पोषण कार्यक्रम स्वास्थ्य सेवा अभियान कार्यक्रम संचालन प्रजनन स्वास्थय सेवा तथा पाठेघरको मुखको क्यान्सर स्तनक्यान्सर जनचेतना | साङला प्राथमिक स्वास्थ्थ केन्द्र. | १५०००० |
| निर्माण व्यवसायी | | | | |
| ३०/१०/२०८१ | १८९ | चिसापानी तिनपिप्ले खण्ड स्तरोन्नती TARA/६०/NCB/०८०-८१ | सेलेक्शना कन्ट्रक्सन प्रा.लि. | २०००००० |
| ०५/१२/२०८१ | २७८ | बिहानीचोकबाट देवीथुम्का सल्ले गाउँ हुदै जगात गुर्जे भञ्जयाङ नुवाकोट जोडने सडक(अर्को जिल्ला) | मनसुन इन्फ्रास्ट्रक्चर प्रा.लि. | २२१००० |
| ०५/१२/२०८१ | २७९ | साङला क्लव देखि रामशरण कार्कीको घर हुदै साङला प्राथमिक केन्द्र जाने सडक स्तरोन्नती | मनसुन इन्फ्रास्ट्रक्चर प्रा.लि. | ५३,२५०.०० |
| १९/१२/२०८१ | ३१२ | साङला क्लव देखि रामशरण कार्कीको घर हुदै साङला प्राथमिक केन्द्र जाने सडक स्तरोन्नती | मनसुन इन्फ्रास्ट्रक्चर प्रा.लि. | २१७००० |
| १९/१२/२०८१ | ३१३ | बौदेश्वर महादेव पार्क | राइनास कन्स्ट्रक्सन | ६२६००० |

| | | | | |
|---|---|---|---|---|
| | | | एण्ड कन्सल्टेन्सी प्रा. लि. | |
| ३१/१२/२०८१ | ३७३ | पिपलडाँडा खेल मैदान स्तरोन्नती | ब्लु स्काई कन्स्ट्रक्सन प्रा.लि. | ६०७००० |
| २०/०२/२०८२ | ४६३ | साङ्ला खोला करिडोर विष्णुमती दोभान देखि इन्द्रायणीपुल सम्म सडक स्तरोन्नती | जे.बि.एन.एस.कृषु जे.भि. | १५५०००० |
| २६/०२/२०८२ | ४७३ | ज्ञानभूमि चोक चिम्बर पोखरी सडक स्तरोन्नती १६ | दक्षिणकाली अल ओभर बिल्डर्स एण्ड सप्लायर्स प्रा लि | ५५२००० |
| २६/०२/२०८२ | ४७६ | नगर अस्पताल ओ. पि. डी. ब्लक निर्माण १६ | माहाबाई जगन्नाथ बिल्डर्स प्रा.ली. | ११२५९९१ |
| २७/०२/२०८२ | ४८८ | साङ्ला खोला करिडोर विष्णुमती दोभान देखि इन्द्रायणीपुल सम्म सडक स्तरोन्नती | जे.बि.एन.एस.कृषु जे.भि. | ३००००० |
| २८/०२/२०८२ | ४९३ | ज्ञानभूमि चोक चिम्बर पोखरी सडक स्तरोन्नती १६ | दक्षिणकाली अल ओभर बिल्डर्स एण्ड सप्लायर्स प्रा लि | ५५२००० |
| १६/०१/२०८२ | ६ | शेषमतिपुल–लामवगर–हस्पिटल(वगलामुखि मन्दिर) करिडोर निर्माण | किशन एण्ड दृष्टी विल्डर्स प्रा. लि. | १०५०३७५ |
| २६/०२/२०८२ | १० | कृषि बजार पूर्वाधार निर्माण तथा निरन्तरता | कृशु निर्माण सेवा प्रा. लि. | १२३९००० |
| ०५/०१/२०८२ | २ | धर्मस्थली पुरानोबजार तिमिल्सिना गाएँ ठाडेढुगा काभ्रेस्थली सडक तारकेश्वर | जय कालिका – एड्रिया –बंशगोपाल जे भि | १७००००० |
| जम्मा | | | | १३४३३६१६ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | १,३४,३३,६१६ |

## ३२ परामर्श खर्च :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) (क) मा परामर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका १२ परामर्शदाता कम्पनीसँग रु. १३३४७०००।- को परामर्श सेवा वापत सम्झौता भएकोमा यस आवमा नगरपालिका क्षेत्राधिकार भित्र पर्ने पार्किङ शुल्क बहाल बिटौरी शल्क पर्यटन शुल्क विज्ञापन कर तथा अन्य कर तथा गैरकर स्रोतहरुको विस्तृत साम्भाव्यता अध्ययन कार्य वापतको रु.४८८१६० भुक्तानी भएको देखिन्छ ।

| सिनं | कार्य विवरण | सम्झौता रका | परामर्शदाता |
|---|---|---|---|
| १ | हाईकिङ ट्रयाक | ९८८७५० | MATRISHAKTI CONSTRUCTIONS AND ENGINEERING CONSULTANCY PVT. LTD. |
| २ | बोटानिकल गार्डेन निर्माण | ११९०१५९।१६ | One Line Architects Pvt. Ltd. |
| ३ | नगरस्तरिय सभाहल निर्माण | ९९३७०३।२४ | Sanvi Engineering and Services Pvt. Ltd |
| ४ | नगर बस सन्चाल गर्न रुट निर्माण | ११९६६२०० | Greentech Consultancy Pvt. Ltd. |
| ५ | खुल्ला चिडियाखाना निर्माण | ९९५५३० | Infratech Designers and Builders Pvt. Ltd. |
| ६ | क्रिकेट रङ्गशाला निर्माण | ९९४४०० | Sarbottam Engineering Solution Pvt. Ltd. |
| ७ | मनमैजु भ्यव:छे | ९९४१८१ | Line Work Architects Pvt. Ltd. |
| ८ | नगर अस्पताल | ९९४१८१ | Shape Builders Pvt. Ltd. |
| ९ | नेपालटार पुल सँगै पैदलयात्री पुल निर्माण | ९९०००० | Radha Raman Engineering Consultancy & Construction Pvt. Ltd. |
| १० | अस्पताल अगाडी नजिकै चिहान सँगै आर्च पुल निर्माण | ९८०८४० | Bhatta consultant and Research Pvt. Ltd. |
| ११ | औद्योगिक ग्राम स्थापना | ९७०८९६ | Vumi Engineering Consortiumumi Engineering Consortium |
| १२ | नगरपालिका क्षेत्राधिकार भित्र पर्ने पार्किङ शुल्क बहाल बिटौरी शल्क पर्यटन शुल्क विज्ञापन कर तथा अन्य कर तथा गैरकर स्रोतहरुको विस्तृत साम्भाव्यता अध्ययन कार्य | ४८८१६० | गभर्मेन्स अटोमेशन सोलुशन प्रालि |
| | जम्मा | १३३४७००० | |

यस्ता डिपिआर सम्भब भएमा पालिकाकै जनशक्तिवाट गराउने र सोको पर्याप्त विश्लेषण गरी कार्यान्वयन योग्य आयोजनाहरुको मात्र डिपिआर तथा गुरुयोजना बनाउनुपर्दछ ।यसरी प्राप्त विस्तृत परियोजना प्रतिवेदनहरु सम्पत्तिको रुपमा अभिलेख गर्नुपर्दछ ।

३३ **भुक्तानी दिन बाँकी विवरण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षको बजेटमा समेत गत वर्षको नगरस्तरिय योजना तथा कार्यक्रमको रु. ६० करोड २२ लाख भुक्तानी दिन बाँकीको व्यवस्था गरी आ व २०८१।८२ मा भुक्तानी दिएको छ । यस अन्तर्गत चालु र पहिले नै यकिन गर्न सकिने जस्तै घरभाडा , भ्रमण भत्ता, बैठक भत्ताको लागी कर्मचारी, व्यक्ति तथा फर्मको चालु प्रकृतिका खर्चका दायित्वहरु भुक्तानी वाँकी राखेको पाईयो । आन्तरिक आय न्युन रहेका पालिकामा बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने, तथा केही बहुवर्षे क्रमागत ठेक्काका योजनाको रकम समेत भुक्तानी बाँकीको रुपमा राख्ने प्रवृतिका कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वर्षेनि पालिकालाई दायित्व थपिने क्रम बढ्दै गएको देखिन्छ । वार्षिक बजेटले बहुवर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको आर्थिक दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

३४ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका ३६ सहकारी संस्थाहरुले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो भने बाँकी ५४ सहकारी संस्थाहरुले कोपोमिसमा विवरण अद्यावधीक नगरेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरेको पनि पाइएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।साथै पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाले तोकिए बमोजिम विवरण एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला नगरेको र सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गर्नु पर्दछ ।

३५ **ढुङ्गा गिटी बालुवाः**

आ.ब २०८१।८२ को आय ठेक्का अन्तर्गत ढुङ्गा गिटी बालुवाको लागि ५ वटा खोला खोल्साहरुको नेशनल ईन्स्टिच्युट अफ हेल्थ एण्ड ईन्भायरमेन्ट प्रा.लि ललितपुरको आई.ई.ई रीपोर्ट अनुसार मौज्दात रहेको दहत्तर बहत्तर २०५६०.४० घन मिटर मध्ये १६९२५.८० प्रयोग गर्न सकिने उल्लेख गरेको पाईयो । २०८१।५।२८ गते नगर कार्यपालिका द्वारा स्वीकृत सोही डि.पी.आर ले २०७८।७९ मा जिल्ला समन्वय समिति, काठमाडौले तत् तत् खोलाहरुको स्वीकृत आई.ई.ई रीपोर्ट अनुसार जमिनमा मौज्दात रहेको भन्दा ४ गुणा बढी प्रक्षेपीत संकलन परीमाण स्वीकृत गरेको आधारमा २०८१.८२ को लागि ८०८०५.८० घनमिटर प्रक्षेपित परीमाणको ६५०५५.८० घनमिटर उत्खनन गर्न सिफारिस गर्ने गरी आई.ई.ई प्रतिबेदन पालिकालाई सिफारिस सहित पेश भएकोमा सोही परीमाण पालिकाले स्वीकृत गरी ठेक्का गरेको देखिन्छ ।

| सि.न | खोला | परीमाण मौज्दात आई.ई.ई | परीमाण प्रक्षेपीत मौज्दात घ.मी | बास्तविक उत्खनन गर्न सकिने आई.ई.ई | वास्तविक प्रयोग गर्न सकिने प्रक्षेपीत | उत्खननको अनुपात प्रतिशत | आई.ई.ई भन्दा फरक परेको प्रक्षेपीत परीमाण |
|---|---|---|---|---|---|---|---|
| १ | महादेव खोला | ९९९८.६ | ४४११८ | ८९९८.७ | ३९७०६.२ | ९० | ४.४१ |
| २ | साङ्ले खोला | ५३३६.८ | १६२२४.१ | ४८०३.१ | १४६०१.७ | ९० | ३.०४ |
| ३ | चुनी खोला | १८३३.३ | १०३४०.८ | २५४.७ | १६३७.३ | १६ | ६.४२ |
| ४ | भण्डार खोला | ९३१ | ३३५२.४ | ८३८.१ | ३०१७.२ | ९० | ३.६ |
| ५ | सल्मी खोला | २२५६.८ | ६७७०.४ | २०३१.१ | ६०९३.४ | ९० | ३ |
| जम्मा | | २०५६०.४ | ८०८०५.८ | १६९२५.८ | ६५०५५.८ | ९० | ४ |

पालिकाले ४ गुणा बढी परीमाणको प्रदेश आर्थिक ऐन, २०८१ को दरमा प्रति घन मिटर रु २४७.१७(मू.अ कर बाहेक) लागत अनुमान रु १८१७०२२१.५५(मू.अ कर सहित) स्वीकृत गरी बढाबढ ठेक्का आव्हान गरेकोमा थापा रियलस्टेट एण्ड कन्सट्रक्सन कम्पनी प्रा.लि संग २०८१।८।२१ मा मू.अ कर सहित रु २३१६५००१.१३ मा सम्झौता भएको पाईयो । सम्झौताको बखत ५०% पहिलो किस्ता राजश्व रु ११६००००० दाखिला भएकोमा सम्झौताको म्याद २०८२।२।३२ सम्ममा अन्तिम असुली सम्झौताको शर्तमा

उल्लेख नगरी २०८२।३।३१ मा बाँकी किस्ता असुली भएको देखिन्छ । असुल भएको राजश्व रु २३१६५००१.१३ मध्ये मू.अ कर रु २६६५००० २०८२।१०।१४ गते संघीय कोष दाखिला गरेको देखिए पनि प्रदेशको राजश्व बाँडफाँडको ४०% हिस्सा रु ८२००००० प्रदेश सरकारको सञ्चित कोषमा दाखिला गरेको देखिएन ।पालिकाले एक्कासी राजश्व घट्न जाने कारण देखाउदै आई.ई.ई ले सिफारिस गरेको भन्दा ४ गुणा बढी परीमाणमा उत्खनन परीमाण स्वीकृत गरी ठेक्का आव्हान गरेको देखिदा वातावरणीय जोखिम बढाउन सक्ने तर्फ पालिका सचेत हुनु पर्दछ । तथा चुनी खोलामा प्रक्षेपीत परीमाण १६% मात्र राखेको देखिदा नब्बे प्रतिशतको हिस्सामा बाँकी ७६६९.४२ घनमिटर कम हुने गरी उत्खननको लागि स्वीकृत गरेको देखिन्छ ।उक्त परीमाण उत्खनन नहुने आधार देखिदैन पालिकाले सो परीमाणको उत्खनन हुन सक्ने जोखिम प्रति साबधानी देखाएको पाईएन ।यस सम्बन्धमा राजश्व चुहावट भएको हुनसक्ने तर्फ पालिकाले एकिन गर्नु पर्दछ ।

३६ **कर संकलन :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान रु. ४०००००००।- गरेकोमा असुली रु. ३८३८६१६३३.३४।- भएको छ ।जुन अनुमानको तुलनामा ९५.९६ प्रतिशत हुन्छ । राजस्व संकलनको प्रक्षेपण गर्दा अनुमान र संकलन को विश्लेषण गरिनुपर्दछ। अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउन के कस्ता कर संकलनका सम्भाव्यता छन तिनीहरुको पहिचान गरिनुपर्दछ। विभिन्न शीर्षकमा असुली गरेको राजस्वको विवरण निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| सम्पती कर | ८७४५०००० | ८४१५७६९७.५३ |
| भुमिकर/मालपोत | ३०००००० | ३९५४४९०.५ |
| वहाल कर | ६००००००० | ५००९७२७४.६५ |
| वहाल विटौरी कर | २८०००००० | १४५९०० |
| अन्य मनोरञ्जन कर | १५०००० | १२८९१० |
| अन्य बिक्रीबाट प्राप्त रकम | ५३००००० | १९४२० |
| परीक्षा शुल्क | २४००००० | ५६५०० |
| नक्सापास दस्तुर | ७००००००० | ७४८५५५९९.७४ |
| सिफारिश दस्तुर | ७००००००० | ६२१८०३३१.४९ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४००००० | ३२१२३८० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ४००००० | २८६६६४४.७२ |
| अन्य राजस्व | २९००००० | ९९१३८१४७.७१ |
| व्यवसाय कर | ७००००००० | ३०४८३३७ |
| जम्मा | ४०००००००० | ३८३८६१६३३.३ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

३७ **व्यवसाय कर :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाका दर्ता भएका व्यवसायी मध्ये यस वर्ष व्यवसाय रजिष्ट्रेशन शुल्क वापत रु. ३२१२३८० र व्यवसाय कर वापत रु. ३०४८३३७ संकलन गरेको छ।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको भएता पनि कर तिर्न वा नविकरण गर्न आएका व्यवसायीहरुको मात्र कर पालिकाले संकल गर्ने गरेको पाइयो ।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी कर नतिर्ने व्यसायीबाट समेत कर संकलन गर्न पालिकाले पहल गर्नुपर्ने देखिन्छ।

३८ **फोहरमैला व्यवस्थापन :**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

क) ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा फोहरमैला व्यवस्थापन कार्यको लागि मिति २०८१।१०।१८ मा बसेको ५९ औ कार्यपालिकाको बैठकले तोकेको शर्तमा रही पालिका क्षेत्र भित्रका इन्छुक संघ संस्था फर्म कम्पनीहरुसँग आशयको पत्र माग गरी प्राप्त आशयदाताहरुबाट उपर्युक्त आशयकर्ता छनौट गरी फोहोरमैला तत्कालका लागि व्यवस्थापन गर्ने निर्णय सहित ३ दिन भित्र सूचना प्रकाशन गर्ने निर्णय गरेको देखियो । पालिकाले मिति २०८१।१०।२० मा पालिकाको वेवसाइट मार्फत आशयको सूचना प्रकाशन गरेको देखिन्छ। २०८१।११।६ मा बसेको ६० औ कार्यपालिकाको बैठकले १ मात्र संस्थाले आशय पेश गरेको र ठेक्का प्रक्रियामा गई फोहोर व्यवस्थापन कार्य सम्पन्न नहुँदा सम्मको लागि तत्काल फोहोर मैला व्यवस्थापनको जिम्मा तारकेश्वर सरसफाई तथा वातावरण संरक्षण प्रालिलाई दिने निर्णय गरेको देखिन्छ । पालिकाले मिति २०८१।११।६ मा ६० औ नगर कार्यपालिकाको बैठकको निर्णयमा आधारित रही तारकेश्वर सरसफाई तथा वातावरण संरक्षण प्रालिसंग सम्झौता गरेको देखिन्छ।आशयको सूचनाको बुदा नं १३ मा वडागत रुपमा फोहोर संकलन गर्ने घरधुरी संख्या घरधनीको नाम नम्बर र शुल्क निर्धारण गरेको निर्णय विवरण नगरपालिकामा पेश गर्नुपर्ने उल्लेख गरेको छ ।लेखापरीक्षणको क्रममा उक्त संस्थाले घरधुरी संख्या घरधनीको नाम नम्बर र शुल्क निर्धारण गरेको निर्णय माग गरेकोमा पेश नगरेको पाइयो ।पालिकाले फोहोरमैला वापतको शुल्क संकलनको लागि दररेट निर्धारण गरी बोलकबोलमा सम्झौता गर्नुपर्नेमा उक्त संस्थाले शुल्क निर्धारण गर्ने र उसले छापेको रसिद प्रथम पक्षले रसिदको सिरियल नम्बर अभिलेखिकरण गरी प्रमाणित गरी दिएपछि मात्र दोस्रो पक्षले शुल्क उठाउन प्रयोगमा ल्याउन पाउने उल्लेख छ ।सम्झौताको बुँदा नं २ मा करारमा दुबै पक्षको आपसी समझदारीमा दोस्रो पक्षको मन्जुरी भइ फोहोरमैला व्यवस्थापनका लागि प्रत्येक घरधुरीबाट रसिद बमोजिम उठेको रकमको ५ प्रतिशत रकम मासिक रुपमा नगरपालिकाको राजस्व खातामा दाखिला गर्नुपर्ने उल्लेख छ। उक्त फर्मले रसिद नं ३०१०१ देखि ४०००० सम्मको रसिद मार्फत यस वर्ष रु ११६४६७४३ शुल्क उठाएकोमा उक्त शुल्कको ५ प्रतिशतले हुने रु ५८२३३७ मिति २०८२।७।११ मा मात्र पालिकाको राजश्वमा दाखिला गरेको देखियो ।पालिका भित्र २०७८ को जनगणना अनुसार ४१२६२ घरधुरी रहेको जनाएको छ ।उक्त संस्थाले प्रति घरधुरी कतिको दरले रकम उठाएको नखुलेकोले उठाएको रकम सम्बन्धमा विश्वस्त हुन सक्ने आधार रहेन । सम्झौताको बुँदा नं ३ मा दोस्रो पक्षले मासिक रुपमा कार्यालयमा भएको खर्च फोहोर संकलनको लागि हुने खर्च लगायतका अन्य आवश्यक रसिदको अर्धकट्टी सहितको आम्दानी र खर्चको विवरण अनिवार्य रुपमा पालिकामा पेश गर्नुपर्ने उल्लेख गरेकोमा खर्चको विवरण पालिकामा पेश गरेको पाइएन ।सम्झौताको बुदा नं ४ मा मासिक हुने खर्च नगरपालिकामा सम्झौता गर्दा उल्लेख गरेको विषयमा मात्र आधारित भई गर्नुपर्ने उल्लेख भएकोमा खर्चको विवरण पेश नभएकोले सम्झौता बमोजिमको विषयमा खर्च भए नभएको सम्बन्धमा यकिन हुन सकिएन ।

ख) ऐनको दफा १५(१) अनुसार स्थानीय तहले दफा १४ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्ने र दफा १५(२) मा उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थाकको छनौट गर्दा त्यसका आधार समेत उल्लेख गरेको छ । तर पालिकाको क्षेत्रभित्र प्रतिस्पर्धा बेगर नै १ निजी कम्पनीले फोहरमैला व्यवस्थापनको कार्य गरिरहेको छ।

ग) ऐनको दफा १५(४) अनुसार उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले स्थानीय तहसँग गरेको सम्झौताको अधिनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्ने व्यवस्था छ । तर पालिका क्षेत्र भित्र ४१२६२ घरधुरीबाट प्रति घरधुरी मासिक कुन दरले रकम उठाएको छ सो सम्बन्धमा पालिका जानकार नरहेको अवस्था छ।

३९ **वन पैदावर :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४(४) मा सामुदायिक वनबाट आय प्राप्त गर्न सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्रि तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना बनाइ पालिकाबाट स्वीकृत गराउनुपर्ने र वन पैदावरको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकामा सो वापतको कुनै रकम प्राप्त भएको पाइएन ।

४० **बाख्रा पैचो कार्यक्रम :**

६९।२०८१।६।२१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। पालिकाले बाख्रा पैचो कार्यक्रमको लागि यस आव १० बाख्रा खरिदको लागि रु २००००० बजेट विनियोजन गरेकोमा पोषिलो कृषि तथा पशुपंक्षी स्रोत फर्ममार्फत १५ वाख्रा खरिद गरी रु ३००००० खर्च गरेको पाइयो ।५ बाख्रा बढी खरिद गरेको सम्बन्धमा पालिकाले ५ बाख्रा मरेकोले थप ५ जना व्यक्तिलाई वितरण गरेको जनाई उक्त व्यक्तिसँग रहेका बाख्रा मरेको हो भन्ने पुष्टि हुने फोटो तथा वडाअध्यक्षको सिफारिसका आधारमा भुक्तानी भएको देखिन्छ ।यसरी बजेट भन्दा बढी भुक्तानी रकम नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

४१ **कृषि तथा पशुपंक्षी अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउनेकार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलगन्तामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट कृषि तर्फ रु ३४८९००० र पशुतर्फ रु १२१७००० गरी रु ४७०६००० अनुदान वितरण भएको देखिन्छ । यस्ता अनुदानका रकम वितरणका लागि लाभग्राही छनौट गर्दा छनौट विधि, गत वर्ष अनुदान दिएको रकमको अभिलेख भिडान गर्दै खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्रस | अनुदानको किसिम | व्यक्ती संख्या | खर्च भएको रकम रु. |
|---|---|---|---|
| कृषि तर्फ | | | |
| १ | धानको बिउ(उन्नत) ६०% अनुदान | ३१५ | ४८०००० |
| २ | गहँको बिउँ (उन्नत) ६०% अनुदान | १५० | ५४०००० |
| ३ | कृषि चुन वितरण कार्यक्रम | १५० | १६२००० |
| ४ | मिनी ट्याक्टर वितरण ६०% अनुदान कार्यक्रम | २८ | ७५०००० |
| ५ | मौरीको खालि घार ६०% अनुदानमा वितरण कार्यक्रम | ४४ | १०६००० |
| ६ | निःशुल्क हिउदे तरकारी मिनी किट वितरण कार्यक्रम | ४५० | ३००००० |
| ७ | निःशुल्क बर्षे तरकारी मिनी किट वितरण कार्यक्रम | ३५० | ३००००० |
| ८ | तरकारी खेती प्रवर्द्धनको लागि ६०% लागत साझेदारीमा टनेल प्लाष्टिक वितरण कार्यक्रम | ६६ | ३००००० |
| ९ | ६० % लागत साझेदारिमा भर्मि कम्पोष्ट मल वितरण कार्यक्रम | ४५० | ३५१००० |
| १० | रैथाने बालीको विउ/ भर्मि कम्षोष्ट मल बितरण कार्यक्रम | १५ | २००००० |
| | जम्मा | २०१८ | ३४८९००० |
| पशु तर्फ | | | |
| १ | एकैपटकमा२ वटा बाछा/पाडा ब्याऊने गाई/भैसीको बाछा/पाडा स्याहार प्रोत्साहान कार्यक्रम | ४ परिवार | १२०००० |
| २ | हिऊँदे तथा बर्षे घाँसको विऊ वितरण | २५७ जना | ३००००० |
| ३ | Cow mat वितरण कार्यक्रम(६०-४०अनुदान ) | ७० | ५००००० |
| ४ | उत्कृष्ट डेरीहरुलाई Milk analyzer वितरण (६०-४०)अनुदान | १ | ११७००० |
| ५ | निम्न आय भएका कृषक परिवारमा बाख्रा पैचो फलोअप कार्यक्रम | ९ परिवर | १८०००० |
| | जम्मा | ३४१ | १२१७००० |
| | कूल जम्मा | २३५८ | ४७०६००० |

४२ **फरक शीर्षकमा खर्च :**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ को उप नियम २(क) मा खर्च गर्ने अधिकार प्राप्त गर्ने अधिकारीले स्वीकृत बजेट तथा कार्यक्रम र सम्बन्धीत शीर्षकमा परेको एकिन गरेर मात्र खर्च गर्नपर्ने व्यवस्था छ।पालिकाले देहायबमोजिमको खर्च शीर्षक फरक पारी खर्च गरेको पाइएकोले नियमसम्मत नदेखिएको रु.

| भौचर नं | खर्चलेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|
| ११५।२०८१।७।४ | आर्थिक सहायता | पदाधिकारी अन्य भत्ता | ४०००० |
| २७०।२०८१।१०।३० | अभिमुखिकरण कार्यक्रम | Iron चक्की खरिद तथा वितरण कार्यक्रम | ८४७५० |
| ४४३।२०८२।१।८ | अध्ययन अवलोकन भ्रमण / भ्रमण खर्च | लोकसेवा तयारी बारबार तथा वारिष्टा तालिम कार्यक्रम | २००००० |
| जम्मा | | | ३२४७५० |

| | |
|---|---|
| अनियमित भएको | ३,२४,७५० |

४३ **तेस्रो मेयर रनिङ शिल्ड सम्बन्धमा :**

पालिकाको आयोजनामा संचालन भएको तेस्रो मेयर रनिङ शिल्ड कप सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन्:

४३.१ **बढी भुक्तानी :** ५१७।२०८२।१।२८ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। तेस्रो मेयर रनिङ शिल्ड लगायत खेलकुद कार्यक्रम संचालन तथा व्यवस्थापन शिर्षकबाट पदम बहादुर खत्रीलाई रु १५ लाख पेश्की दिइ तेस्रो मेयर रनिङ शिल्ड प्रतियोगीता २०८१ कार्यक्रम संचालन गरेकोमा निजले पेश गरेको बिलभरपाई परीक्षण गर्दा रु २८४८०४४ खर्च भएको देखिएकोमा निजलाई २९२१३७५ भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम पदम बहादुर खत्रीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,३३१ |

४३.२ **दोहोरो सुविधा :**५१७।२०८२।१।२८ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। तेस्रो मेयर रनिङ शिल्ड प्रतियोगिता संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत श्री दिनेश राज पन्तले कार्यक्रम संयोजक ७ दिनको १००० को दरले ७००० र कार्यक्रम अनुगमन वापत ७ दिनको १००० का दरले ७००० भुक्तानी लिएको पाइएकोले कार्यक्रम अनुगमन वापतको कर बाहेक असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९५० |

४३.३ **बढी प्रशिक्षक नियुक्ति :**५१७।२०८२।१।२८ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। उसु खेलको लागि कार्यक्रम प्रस्ताव गर्दा १४ जनाको ४००० को दरले रु ५६००० खर्च गर्ने गरी कार्यक्रम स्वीकृत गरेकोमा बिल भरपाई मा २५ जना प्रशिक्षकलाई ४००० को दरले रु १००००० खर्च गरेको भरपाई पेश गरेकोले उक्त कार्यक्रममा ११ जना बढी प्रशिक्षक राख्नुपर्ने अवस्था खुल्ने प्रमाण कागजात तथा समितिको निर्णय र उक्त खेलमा सहभागी साथै खेलको कार्यतालिका सहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा ११ जना प्रशिक्षक वराबरको रु ४४००० पेश्की फर्स्यौट गर्ने पदम ब खत्रीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,००० |

४४ **कोटेशन र सिधै खरिद :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) मा ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम ४ को अधिनमा रही दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ।जिन्सी तथा सेवा खरिदमा रु.३२६७२६०९.३५ र निर्माण मर्मत कार्यमा रु. ७७८९०९६.५५ गरी निर्माण, मर्मत कार्यमा १० पटक तथा सेवा जिन्सी खरिदमा १३९ पटक टुक्रा टुक्रा गरी प्रतिस्पर्धा, पारदर्शिता, समानता, मितव्ययिता जस्ता खरिद कानुनको मनसाय विपरित खरिद गरेर आ.व २०८१।८२ मा पालिकाले रु. ४०४६१७०५.९० खर्च गरेकोमा पालिकाले कार्यक्रम र बजेट बिनियोजन तथा तत्कालिन आवश्यकताको आधारमा कोटेशन विधि प्रयोग गरेको जनाए पनि प्रभावकारी खरिद गुरुयोजना बनाएर खरिद प्रणालीलाई प्रतिस्पर्धी र पारदर्शी बनाउनु पर्ने देखिन्छ ।

४५ **एम्बुलेन्स खरिदः**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार सार्बजनिक निकायले सरकारी भुक्तानी गर्दा बिल, भरपाई र अन्य प्रमाण संलग्न गरेर मात्र भुक्तानी दिनुपर्ने कानुनी व्यबस्था छ । पालिकाले २०८०.८१ मा तारकेश्वर

नगरपालिका र सल्यानको शारदा नगरपालिका बिचमा आपसी सहकार्य गर्ने मेमोरेन्डम अफ अन्डरस्टाण्डिङ्ग (MOU) भए अनुसार २०८१।८२ मा पालिकाले शारदा नगरपालिकालाई एम्बुलेन्स हस्तान्तरण गर्ने निर्णय गरेको देखियो । पालिकाले भौ.नं ४९०(२०८२।२।२७) बाट नगरको बिबिध खातामा रु २५००००० ट्रान्सफर गरी खर्च लेखेको देखियो ।आपसमा समझदारी भए अनुसार खरिदको मोडालिटी बारेमा सम्झौतामा कुनै उल्लेख नभएकोमा रु २०,०८,१०० मूल्य बराबरको महिन्द्रा बोलेरो अग्री ईन्कर्पोरेसनबाट खरिद गरेकोमा स्टोर दाखिला गरेको तथा बचत भएको रकम फिर्ता गरेको प्रमाण संलग्न गरेको छैन भने शारदा नगरपालिकाले रु.३८००० फिर्ता दाखिला गरेको देखिए पनि बिल अनुसार फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५३,९०० |

४६ **विविध खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही पुष्ट्याईँ हुने प्रमाण तथा औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष विविध तर्फ रु.८३८४८१५ विविध कार्यक्रम तर्फ रु ३२१७००० र सभा संचालनमा रु २५००००० गरी रु.१,४१,०१,८१५ बजेट विनियोजन गरेकोमा विविध खर्च तर्फ रु. ८०७९३७८ विविध कार्यक्रममा रु २७२०७२० र सभा संचालनमा रु.४५५३५० समेत रु.१,१२,५५,४४८ खर्च गरेको स्थानीय सञ्चितकोष व्यवस्थापन (सुत्र) प्रणालीबाट देखिन्छ । पालिकाको आन्तरिक आय रु. ३८३८६१६३३.३४ रहेकोमा विविध खर्च आन्तरिक आयको २.९३ प्रतिशत हुन्छ । विविध खर्च तर्फको खर्चका विलभरपाईसँग भिडान हुने गरी उपस्थिति संलग्न गर्नुपर्नेमा सो गरेको देखिँदैन । खर्च गर्दा औचित्य पुष्टी हुने प्रमाणहरु आगन्तुक अतिथी, कार्यक्रममा सहभागी तथा बैठकमा उपस्थिति, माईन्यूट निर्णय र समय समेत संलग्न नगरी खर्च गर्नु उचित होईन। उल्लिखित कागजातसँग मेल खाने गरी प्रमाण राखी यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

४७ **सवारी साधन मर्मत खर्च :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ (३) मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत गराउनु पर्ने,यस नियमावलीको प्रकृया अपनाई मर्मत संम्भार गराउनु पर्ने सामाग्री मर्मत गराउदा कुनै मालसामान पार्टपूर्जा वा उपकरण प्रतिष्थापन गर्नु पर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नु पर्ने। यसरी खरिद गरेको सामानको जिन्सी दाखिला गराई रु ५०००।००भन्दा बढी मूल्यका सामानको अभिलेख राखी प्रतिस्थापन गरिएको कुरा सम्वन्धित प्राविधिक बाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी, कार्यालय प्रयोजन/अन्य प्रयोजन समेत ६ वटा चार पाङ्ग्रे लोडर सहित र ५४ दुई पाङ्ग्रे सवारीको गरी ६० सवारी साधन मर्मत गरेबापत वार्षिक रु.२५०२५४३।- खर्च गरेको छ । सवारी साधन मर्मत गराएकोमा सवारी मर्मत फाराम कार्यालयप्रमुखबाट स्वीकृत गरेर खर्च गर्नुपर्नेमा उल्लेखित प्रकृया अपनाएको देखिएन ।खरिद कानुनको प्रकृया नअपनाई मर्मत गराउँदा मितव्ययिता दक्षता पारदर्शिता तथा टिकाउपना हुने गरी काम भएको छ भन्ने आधार नदेखिएकोले खरिद कानुनको पालना गरी मर्मत गराउनु पर्दछ ।

४८ **विज्ञापन कर :**

विज्ञापन नियमन गर्ने ऐन २०७६को दफा २१(२) ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७को (६)क (३) तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २०७९।५।७ को परिपत्रमा सवै सरकारी विज्ञापन वापत भुक्तानी हुने रकममा ऐनको दफा २१ ख बमोजिम तीन प्रतिशतले हुन आउने रकम भुक्तानी गर्दाको वखत नै कट्टा गरी विज्ञापन वोर्डको एभरेष्ट बैक सिंहदरवारमा रहेको बैक खाता नंबर ००१२०१०५२०००३७[office of the Advertisement Board] मा नियमित रुपमा पठाउनु पर्ने निर्देशन गरेको छ।नमुनाको रुपमा परीक्षण गर्दा पालिकाले निम्नानुसार विज्ञापन भुक्तानीमा कर रकम कट्टा गरी विज्ञापन वोर्डको एभरेष्ट बैक सिंहदरवारमा रहेको बैक खाता नंबर ००१२०१०५२०००३७[office of the Advertisement Board]मा नियमित रुपमा पठाएको नदेखिएकोले कानुनको पालना गरी सम्बन्धितबाट असुल गरी विज्ञापन वोर्ड पठाउनु पर्ने रु.

| भौचरनं | फर्मको नाम | मुअकर बाहेक रकम | ३प्रतिशत रकम |
|---|---|---|---|
| ४०।२०८१।६।१९ | एम आर एड्भरटाइजिङ एजेन्सी प्राली | ११३४०० | ३४०२ |
| | ग्लोबल मिडिया प्रालि | १०९२०० | ३२७६ |
| २१०।२०८१।८।१६ | एम आर एड्भरटाइजिङ एजेन्सी प्राली | २९२९५० | ८७८८ |
| ५२८।२०८२।१।३० | बहार मिडिया प्रालि | ५८८०० | १७६४ |
| ५२९।२०८२।१।३० | गण्डकी मिडिया प्राली | ३७८०० | ११३४ |
| ५३१।२०८२।२।१ | जागोस सप्लायर्स प्राली | २०५८०० | ६१७४ |
| ५३९।२०८२।२।४ | बहार मिडिया प्राली | ७८७५० | २३६२ |
| ५४८।२०८२।२।६ | जागोस प्रिन्ट प्रालि | १२०७५० | ३६२२ |
| ५५५।२०८२।२।६ | बहार मिडिया प्राली | ४६२०० | १३८६ |
| जम्मा | | | ३१९०८ |

| प्रमाण पेश नगरेको | ३१,९०८ |
|---|---|

४९ **संचार शुल्क बढी भुक्तानी :**

२२३।२०८१।८।२० र ९३६।२०८२।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। वल्ड फाइवर नेट प्रालि काठमाण्डौसंग मिति २०८१।२।२ मा भएको सम्झौता अनुसार १७ स्थानमा नेट जडान वापत ६ महिनाको मुअकर सहित रु ५७११८१.१ भुक्तानी गर्ने गरी सम्झौता भएको देखिन्छ ।उक्त सम्झौतालाई कार्यालयले निरन्तरता दिदै यस वर्ष कार्तिक देखि ६ महिनाको लागि १८ स्थानमा ६ महिनाको नविकरण र ४ स्थानमा नयाँजडान वापत मुअ कर समेत रु ६९८३०३.८४ भुक्तानी हुनुपर्नेमा भौचर नं २२३।२०८१।८।२० बाट रु. ७४०६८१ भुक्तानी भएको पाइएकोले रु. ४२३७७.१६ बढी भुक्तानी भएको देखिन्छ भने भौचर नं ९३६।२०८२।३।२४ बाट २३ स्थानको नविकरण गरेवापत रु. ५८०४५८ भुक्तानी गरेकोमा शिक्षा शाखा, स्वास्थ्य शाखा, ६ नं वडा कार्यालय र जितपुरफेदी गरी ४ स्थानमा अगाडिको बिलमा वार्षिक नविकरण गरेको पाइएकोले पछाडीको बिलमा यी ४ स्थानको इन्टरनेट जडान वापत ६ महिनाको शुल्क दोहोरो परेको रु. ४९९९२ समेत रु. ९२३६९.१६ वल्ड फाइवर नेट प्रालि काठमाण्डौलाई बढी भुक्तानी भएको पाइएकोले उक्त फर्मसंग असुल गर्नुपर्ने देखिएको रु.

| असुल गर्नुपर्ने | ९२,३६९.१६ |
|---|---|

५० **कार्यविधि विपरित आर्थिक सहायता :**

पालिकाले आर्थिक सहायता वितरण गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ तथा पालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधिको अधिनमा रहि वितरण गर्नुपर्ने देखिन्छ।तारकेश्वर नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०७७ को दफा ३ मा यस नगरपालिका जनप्रतिनिधि एवं कार्यरत कर्मचारीहरुलाई कुनै पनि रोग लागि अस्पताल भर्ना भई उपचार गराइरहेको अवस्थामा रोगसंग सम्बन्धित कागजातको आधारमा बढीमा रु २५००० सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने उल्लेख छ । पालिकाले देहाय बमोजिमको जनप्रतिनिधि तथा कर्मचारीलाई कार्यविधिले तोकेभन्दा बढी आर्थिक सहायता वितरण गर्ने कार्य नियम सम्मत नदेखिएको रु.

| भौचरनं मिति | नाम | भुक्तानी रकम | कार्यविधि बमोजिम पाउने रकम | कार्यविधि भन्दा बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| ८८९।२०८२।३।२४ | अहेब शारदा पाण्डे लामिछाने | ५०००० | २५००० | ५०००० |
| ८३३।२०८२।३।२१ | | २५००० | | |
| ७६६।२०८२।३।१८ | उप प्रमुख सृजना बुर्लाकोटी | २००००० | २५००० | ३३५५६० |
| १५७।२०८१।७।१४ | | १६०५६० | | |
| जम्मा | | ४३५५६० | ५०००० | ३८५५६० |

| | |
|---|---|
| अनियमित भएको | ३,८५,५६० |

५१ **अनुगमन भत्ताः**

अर्थमन्त्रालयबाट जारी कार्यसंचालन निर्देशिकामा अनुगमन वापत रकम भुक्तानी लिन पाउने व्यवस्था देखिदैन तर पालिकाले बजेट किताबमा प्रकाशन गरेको २०८१।८२ को खर्च मापदण्डमा अनुगमन वापत रु १००० भुक्तानी गर्न मिल्ने उल्लेख गरेको छ । नमुनाको रुपमा परीक्षण गर्दा देहायको कार्यक्रममा जतिदिन कार्यक्रम संचालन भएको छ त्यतिनै दिन सम्बन्धित शाखा भन्दा बाहिरको कर्मचारीलाई समेत अनुगमन वापतको रकम भुक्तानी लिएको पाइयो । अनुगमनमा गएका कर्मचारी तथा पदाधिकारीले अनुगमन प्रतिवेदन समेत पेश नगरी अनुगमन भत्ता भुक्तानी लिने गरेको पाइयो । अत अनुगमन गर्दा अख्तियार प्राप्त व्यक्तिले मितिव्ययी, आवश्यकता र औचित्यता समेतलाई आधार मानी यस्तो खर्च भुक्तानी कार्यमा नियन्त्रण गर्नुपर्दछ।यस सम्बन्धी केही उदाहरण देहायअनुसार रहेका छन् ।

| भौचर नं | अनुगमन कर्ता | कार्यक्रमको नाम | अनुगमन दिन | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| ९।२०८१।६।१६ | २ | निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम | १ | २००० | |
| ५१४।२०८२।१।२३ | ७ | भिटामिन ए कार्यक्रम | २ | १४००० | २ दिने कार्यक्रममा २ दिनै अनुगमन |
| ८६१।२०८२।३।२२ | ४ | बृहत रक्तदान कार्यक्रम | ५ | १८००० | ५ दिने कार्यक्रममा २ जना ले ५ दिन नै अनुगमन र २ जनाले ४ दिन अनुगमन |

५२ **ढल सफाइ कार्यः**

६।२०८१।६।१६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।वडा नं ६ मा मिति २०८०।८।२० मा बसेको विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिको निर्णयले रु ४०००० बजेट विनियोजन गरेकोमा सानो वाइपास देखि कोलपाखा पुल सम्म ढल खोल्ने कार्य गरे वापत मिति २०८०।२।२० देखि २०८०।४।९ सम्म ६ जनाले ८ दिन काम गरेको भनि डोर हाजिर भरेर ल्याएको देखिन्छ भने उक्त कार्यको लागि प्राविधिक स्टिमेट गरेको पाइएन साथै मिति २०८१।३।२ मा भुक्तानी को लागि वडाले माग गरेकोमा २०८१।३।२४ मा मात्र प्राविधिकले नाप जाँच गरेको पाइएकोले स्टिमेट वेगरको कार्य,प्रमाणित नगरेको डोर हाजिर साथै भुक्तानी माग पछि गरेको नापी पेश गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४०,००० |

५३ **ढिला कार्य सम्पन्नः**

३।२०८१।६।१५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले डिजिटल सिफारिस कार्यान्वयन तथा सहयोग कार्यक्रमको लागि जारा ग्रुप अफ कम्पनी प्रा ली संग मिति २०८१।२।३१ मा मिति २०८१।४।२० सम्म कार्य सम्पन्न गर्ने गरी मुअकर सहित रु४६७८२० मा सम्झौता गरेको छ ।सम्झौतामा ढिला कार्य सम्पन्न गरेका प्रचलिक कानून बमोजिम जरिवाना लगाउने उल्लेख गरेकोमा निजले मिति २०८१।५।२३ मा ३५ दिन ढिला गरी कार्यसम्पन्न गरेको पाइएकोले ३५ दिनको ०.०५ प्रतिशतका दरले मुअकर बाहेकको सम्झौता रकम रु. ४१४००० ले हुने रकम जारा ग्रुप अफ कम्पनी प्राली बाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२४५ |

५४ **ड्राइभिङ सिकाइ तालिमः**

१९।२०८१।६।१६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। वडा नं ८ ले जनजागरण महिला उपभोक्ता समिति मार्फत १५ दिने मोटर ड्राइभिङ तालिम सहदेव मोटर ड्राइभिङ सेन्टर मार्फत संचालन गरेको भनि वडाको निर्णय मार्फत कार्य संचालन गरी भुक्तानीको लागि पालिकामा पेश भएको कागजात परीक्षण गर्दा उक्त समितिले ड्राइभिङ सेन्टरले प्रतिव्यक्ति प्रति १५ दिन कतिमा सिकाउने हो सोको दररेट माग नगरी तालिम कार्यक्रममा जस्तो प्रशिक्षक पारिश्रमिक मर्मत खाजा खाना उद्घाटन समापन वापतको २००००० खर्च गरेको भनि सोधभर्ना भुक्तानी लिएको पाइएकोले उक्त तालिम केन्द्रले २२ जनालाई १५ दिन सिकाउँदा लागेको बिल, तालिममा सहभागिले तालिम प्रशिक्षण केन्द्रबाट प्राप्त गरेको प्रमाण पत्र, लाइसेन्सको परीक्षामा समावेश भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

५५ **प्रदेश समपूरक अनुदानः**

बागमती प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यबिधि, २०७७ को दफा ४ अनुसार प्रदेश तर्फको बिनियोजन साल बसाली खर्च गर्नुपर्ने तथा ठेक्का सम्झौताको कुल कार्य सम्पन्न भएको आधारमा बढीमा ५०% हिस्सा मात्र प्रदेशले व्यहोर्ने व्यबस्था गरेको छ ।यस पालिकामा आर्थिक बर्ष २०८१।८२ मा प्रदेश समपूरक अनुदान तर्फको NCB/06/W/2081.82 तर्फ धर्मस्थली-तिमलसेना गाँउ जोड्ने सडक स्तरोन्नती ठेक्कामा २०८१।१२।७ मा सम्झौता भई २०८१।३।१ मा सम्पन्न गर्ने गरी जय कालिका एड्रिया।बंशगोपाल जे.भी संग रु २०१४०१०७।८५ मा सम्झौता भई प्रदेश तर्फको रु.३४००००० पेश्की भुक्तानी दिईएकोमा पहिलोर दोस्रो बिलमा क्रमसः रु.१२००००० र ५००००० पेश्की फस्यौट भए पनि तेस्रो बिलमा पेश्की कट्टी नभएको र ४४.३७% मात्र प्रगति भई योजनाको म्याद थप भएको पाईयो । नियमानुसार फछ्यौट भैसक्नुपर्ने प्रदेश तर्फको पेश्की भुक्तानी प्रदेश संचित कोषमा फिर्ता दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,००,००० |

५६ **ट्याक कोटको प्रयोगः**

सडक बिभागको सडक तथा पुलको स्पेशिफिकेशन, २०७३(संसोधन २०७८ समेत) को तालिका १३.१० मा कालोपत्रे गर्दा बिटुमिनस सतहमा ०.४०-०.६० लिटर प्रतिबर्ग मिटर र ग्रयानुअल सतहमा ०.५०-०.६० लिटर प्रति बर्गमिटर बिटुमिन ट्याक कोटको प्रयोग गर्न सकिने स्पेशिफिकेशन नं १३०२ मा व्यबस्था गरेको छ । पालिकाले पालिकाभर २०८०.८१ र २०८१.८२ मा सञ्चालित कालोपत्रे योजनाहरुमा ट्याक कोटको लागि १ लिटर प्रति बर्गमिटर लागत अनुमान स्वीकृत गरी सोही प्रयोग समेत गरेको छ । कालोपत्रे को ट्रे टेष्ट र डिप टेष्टको रिपोर्ट संलग्न नभएकोले प्रति बर्ग मिटर कति परिमाण प्रयोग भएको भन्ने समेत एकिन हुन सकेन । आ.ब २०८१.८२ र २०८२.८३ मा लागत अनुमान सोही अनुसार तयार भए पनि ०.६ लिटर प्रति बर्गमिटरनै प्रयोग गरेको देखिए पनि २०८०.८१ को निम्न बमोजिमका २ बहुबर्षे ठेक्काहरुमा प्रति बर्ग मिटर १ लिटरनै प्रयोग गरी बिटुमिनको स्पेशिफिकेसन भन्दा बढी

भुक्तानी गरेको देखिएकोले ट्रे टेष्ट र डिप टेष्टले उक्त परिमाण प्रयोग भएको खुल्ने भए सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.

| सि.न | ठेक्का नं र निर्माण व्यबसायीको नाम | प्रयोग भएको ट्याक कोटको परीमाण(१ लि.प्रति बर्ग मिटर) | हुनुपर्ने परीमाण(०.६ लिटर प्रति बर्ग मिटर) | दर(कर बाहेक) | रकम (कर बाहेक) |
|---|---|---|---|---|---|
| १ | NCB/61/2080.81 बीर रोल्पाली। थ्री.डि.आई जे.भी | ६४०७.६६ | ३८४४.६ | १७० | ४३५७२०.२ |
| २ | NCB/17/2080.81 प्रकृति कन्सट्रक्सन प्रा.लि | ३९५४.०३ | २३७२.४१ | २५० | ३९५४०३. |
| ३ | NCB/15/2080.81 सुबोल कन्स्ट्रक्सन प्रा.लि | ३१७२.६६ | १९०३.६ | १६५ | २०९३९५.५५ |
| ४ | NCB/60/2080.81 सेलेस्ना कन्स्ट्रक्सन प्रा.लि | २३५२ | १४११.२ | १२५ | ११७६०० |
| जम्मा | | | | | ११५८११८.७५ |

| प्रमाण पेश नगरेको | ११,५८,११८.७५ |
|---|---|

५७ **लागत अनुमान स्वीकृतिः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निर्माण तथा मर्मत कार्य, ऐनको दफा ५(१) अनुसार अनिबार्य रुपमा लागत अनुमान स्विकृत गरेर मात्र कार्यान्वियन गर्नुपर्ने व्यबस्था छ । यस पालिकाले भौ.न ३२(२०८१।६।१८) मा बि.डि.टि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि(६०९७७४२४७) संग बडा नं ६ मा लागत अनुमान बेगर खानेपानी आयोजना मर्मतमा कोटेशन बिधिबाट रु.१,२१,००० भुक्तानी गरेको देखिएकोमा नियमसम्मत नभएको रु.

| अनियमित भएको | १,२१,००० |
|---|---|

५८ **बीमा भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार रु २० लाख भन्दा बढीको लागत अनुमान भएको ठेक्का सम्झौताहरुमा सम्झौता मिति देखि त्रुटी सच्याउने मिति सम्म मान्य हुने गरी बीमा गर्नुपर्ने व्यबस्था छ ।यस पालिकाले कानुनी व्यवस्था तथा ठेक्का सम्झौताको जि.सी.सी १९.१ मा भएको ब्यवस्था बिपरीत बीर रोल्पाली।थ्रि.डि.आई जे.भी ले NCB/06/W/2080.81मा बाईपास-गुहेश्वरी सडक स्तरोन्नती ठेक्कामा बि.ओ.क्यूमा रु १००००० बीमा बापत व्यवस्था गरी रु ९९९५९.७० को बिजक पेश भए बमोजिम पालिकासंग भुक्तानी गर्दा फर्मको मात्र एकल नाम भएको बीमा बिजक पेश गरेको तथा त्रुटी सच्याउने अबधि समेत लागू नभएकोले पाईएकोले जे.भी संग असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ९९,९५९.७ |
|---|---|

५९ **बीमा :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२(१) अनुसार सार्वजनिक निकायले २० लाख भन्दा बढीको निर्माण ठेक्कापट्टा गर्दा अनिवार्य रुपमा बीमा समावेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै ठेक्का सम्झौताको जि.सी.सी. १९।१ अनुसार ठेक्का सम्झौताको मिति देखि त्रुती सच्याउने अविधसम्मको सामाग्री, श्रमिक र उपकरणको सम्झौताको ११५% ईन्स्योर्ड रकमको आधारमा बीम गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले निम्न बमोजिमका ठेक्का सम्झौताहरुमा पि.एसमा विजक पेश गर्दा पुरै बीमा अवधि नसमेटी भुक्तानी लिएको देखिएकोले ढिला बीम गरेको तथा कर वीजकमा त्रुटी सच्याउने अवधि उल्लेख नगरी बढी भुक्तानी दिईएकोले बीमा पूर्ण रुपमा कभरेज भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा निर्माण व्यवसायीहरुबाट असूल उपर गर्नुपर्ने रु.

| सि.न | ठेक्का नं र निर्माण व्यबसायीको नाम | बी.ओ.क्यू मा बीमा | बीमा अबधी ठेक्का सम्झौता अनुसार (महिना) | बिजकमा बीमा अबधि ( महिना) | बीमा भुक्तानी | बीमा बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | TARA/3/NCB/081-082 Sahasrara Construction Pvt.Ltd | ५०००० | १७ | ० | ५०००० | ५०००० |
| २ | TARA/4/NCB/081-082 Kamana Construction And Multiple Enterprises | ३०००० | १७ | २ | २४२२३ | २२०८६ |
| ३ | TARA/5/NCB/081-082 Shobha Bhagawati Construction And Suppliers Pvt. Ltd. | ३०००० | २७ | १ | ३०००० | २८८८९ |
| ४ | TARA/6/NCB/081-082 Papipet Nirman Sewa. | ३०००० | १४ | १ | ३०००० | २७८८० |
| ५ | TARA/7/NCB/081-082 Bhastipur-Chhailing-Rashila J/V | २०००० | १६ | १ | २०००० | १८७५० |
| ६ | TARA/8/NCB/081-082 Mansun Infrastructure Pvt. Ltd. | २०००० | १७ | १ | २०००० | १८८२४ |
| ७ | TARA/9/NCB/081-082 Mansun Infrastructure Pvt. Ltd. | २०००० | १७ | ० | २०००० | २०००० |
| ८ | TARA/10/NCB/081-082 Subol Construction | २५००० | १७ | ४ | २५००० | १९११८ |
| ९ | TARA/11/NCB/081-082 Subol Construction | २५००० | १७ | ४ | २०७७० | १५८८३ |
| १० | TARA/12/NCB/081-082 Dakshinkali All Over Builders,andSuppliers Pvt. Ltd. | १२५०० | १७ | ४ | १२५०० | ९५५९ |
| ११ | TARA/13/NCB/081-082 R.B.RHYTHM CONSTRUCTION PVT. LTD | २०००० | १७ | ४ | ७६९९ | ५८८८ |
| १२ | TARA/14/NCB/081-082 N.J. Construction | २५००० | १७ |  | २५००० | २५००० |
| १३ | TARA/15/NCB/081-082 Subol Construction | २५००० | १७ | ४ | २५००० | १९११८ |
| १४ | TARA/16/NCB/081-082 Jay Kalika-Adriya-Banshagopal JV | १००००० | २३ | ० | ९७९३६ | ९७९३६ |
| १५ | TARA/17/NCB/081-082 Rainas Construction& Consultancy Pvt.Ltd | १५००० | १५ | २ | १५००० | १२७९५ |
| १६ | TARA/18/NCB/081-082 N.N.N. Construction And Suppliers. | २५००० | १५ | २ | २५००० | २१३२५ |
| १७ | TARA/19/NCB/081-082 Dhaneshwor Construction suppliers P.Ltd. | २५००० | १६ | ३ | २५००० | २०४४० |
| १८ | TARA/20/NCB/081-082 Naulakha Construction and Suppliers | ५०००० | १६ | ३ | ५०००० | ४०८८१ |
| १९ | TARA/21/NCB/081-082 Bluesky Construction Pvt.Ltd. | २०००० | १५ | २ | ५०००० | ४२६५१ |
| २० | TARA/22/NCB/081-082 Kishan and Dristi Builders (P). Ltd. | १५०००० | १७ | ४ | १५०००० | ११७४७० |
| २१ | TARA/23/NCB/081-082 Jagaruk Builders. | ६०००० | १५ | २ | २८२७५ | २५११४६ |
| २२ | TARA/24/NCB/081-082 N.N.N. Construction And Suppliers | ३०००० | १५ | २ | १७४५५ | १५४७८ |
| २३ | TARA/25/NCB/081-082 Kismat Cristal BM JV | ३०००० | १४ | १ | ३०००० | २७४४५ |
| २४ | TARA/26/NCB/081-082 Thapa Realestate and Construction company pvt.ltd | २०००० | १४ | १ | २०००० | १८४४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | TARA/27/NCB/081-082 Bidin-Thapa JV | ५०००० | १६ | ४ | ५०००० | ३७५०० |
| २६ | TARA/28/NCB/081-082 Nepaltech Group Company Pvt. Ltd. | ३०००० | १५ | २ | ३०००० | २५७६० |
| २७ | TARA/29/NCB/081-082 GANGA AND SINGH-KB SONS J/V. | १००००० | २० | ७ | १००००० | ६५६५७ |
| २८ | TARA/30/NCB/081-082 mani construction. | ५०००० | १९ | ६ | ५०००० | ३४३९२ |
| २९ | TARA/31/NCB/081-082 mahabai jagannath Builders pvt.ltd | १००००० | २२ | ९ | १००००० | ५९६३३ |
| ३० | TARA/32/NCB/081-082 J.D.Lamichhane Construction PVT. LTD | ५०००० | १५ | १२ | ३०२९९ | ६०६० |
| ३१ | TARA/33/NCB/081-082 J.D.Lamichhane Construction PVT. LTD | ३०००० | १५ | १२ | २४२३९ | ४८४८ |
| ३२ | TARA/35/NCB/081-082 Subol Construction | १५००० | १५ | ३ | १५००० | १२००० |
| ३३ | TARA/36/NCB/081-082 Dakshinkali All Over Builders and Suppliers pvt ltd | ५०००० | १५ | ४ | ५०००० | ३६६६७ |
| ३४ | TARA/37/NCB/081-082 Jay Kalika-Adriya-Banshagopal JV | १००००० | २४ | ११ | १००००० | ५४१६७ |
| ३५ | TARA/38/NCB/081-082 Lolang Nirman Sewa. | २५००० | १५ | ० | २४९८३ | २४९८३ |
| ३६ | TARA/39/NCB/081-082 Lolang Nirman Sewa. | ३०००० | १५ | ० | २९९१८ | २९९१८ |
| ३७ | TARA/42/NCB/081-082 Bhairab Kunda Construction | ३०००० | १७ | ४ | ३०००० | २२७२७ |
| ३८ | TARA/43/NCB/081-082 Thapa Realestate and Construction company pvt.ltd | ७०००० | २० | ७ | ७०००० | ४५१८४ |
| ३९ | TARA/45/NCB/081-082 Krishu Nirman Sewa Pvt. Ltd. | ५०००० | १६ | ० | ४९५३९ | ४९५३९ |
| ४० | TARA/07/NCB/080-081 Mahalaxmi & Manakamana Mai Nirman Sewa | ४०००० | २४ | १ | ३६२९६ | ३४७५२ |
| ४१ | TARA/17/NCB/080-081 Prakriti Construction and Suppliers Pvt. Ltd. | ५०००० | २८ | १५ | ३५३२७ | १६४०२ |
| ४२ | TARA/31/NCB/080-081 Ashimala Construction Pvt. Ltd. | २५००० | १६ | ३ | ६५८२ | ५३४८ |
| ४३ | TARA/44/NCB/080-081 Ashimala Construction Pvt. Ltd. | २५००० | २० | २ | २१५६९ | १९४१२ |
| ४४ | TARA/47/NCB/080-081 Swostik Nepal Construction Pvt. Ltd. | २४५०० | १९ | ० | २४५०० | २४५०० |
| ४५ | TARA/48/NCB/080-081 Mahalaxmi & Manakamana Mai Nirman Sewa | २५००० | १८ | ६ | २२७९० | १५३३० |
| ४६ | TARA/50/NCB/080-081 Bidin Engineering Consult and Construct Pvt. Ltd. | ५०००० | २० | ७ | ४४०७७ | २८६५० |
| ४७ | TARA/52/NCB/080-081 Krishu Nirman Sewa Pvt. Ltd. | २५००० | १८ | ० | ९५२२ | ९५२२ |
| ४८ | TARA/53/NCB/080-081 Gorkhali Brothers Construction | १५८७३ | १९ | ० | १५७८३ | १५७८३ |
| ४९ | TARA/57/NCB/080-081 Bluesky Construction Pvt. Ltd. | ५०००० | २१ | १ | ५०००० | ४७६१९ |
| ५० | TARA/60/NCB/080-081 Selexna | १००००० | २१ | ७ | १००००० | ६५८५४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Construction | | | | | |
| ५१ | TARA/61/NCB/080-081 Bir Rolpali-Three D.I. JV | १००००० | १९ | ६ | १००००० | ६८४२१ |
| | | | | | जम्मा | १५८१६२५.७४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,८१,६२५.७४ |

## ६० बेस माथि ढलानः

सडक बिभागको पेभमेन्ट डिजाईन गाईडलाईन, २०२१ को डिजाईन अनुसार डि.पि.आर. सहित ट्राफिक अध्ययन भएकोमा सोही अनुसार पेभमेन्ट डिजाईन गरिने भए पनि सामान्य रिजिड पेभमेन्टमा सब ग्रेड पछि, सव-बेस र सो माथि रिजिड पेभमेन्ट(ढलान) गर्ने गरेको देखिन्छ ।सब बेस भन्दा बेशको लागत पनि स्वत बढी हुने गर्दछ ।पालिकाले दिएको बिवरण अनुसार १६४ योजनामा सब बेसको ठाउँमा बेस प्रयोग गर्दा रु ३५२७६७४.४८ लागत फरक परेको देखिन्छ । स्ट्याण्डर्ड विपरीत बढी लागत पर्ने गरी निर्माण कार्य गराउँदा पालिकालाई बढी व्ययभार पर्ने भएकोले पालिकाले मितव्ययी भएर कार्य सम्पादन गराउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६१ अधुरो ठेक्का :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ (१) अनुसार निर्माण कार्यको हकमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुसार सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्वसायीले अनुरोध गरेमा मात्र सार्वजनिक निकायले कार्यस्वीकार गरी निर्माण व्यवसायीको कार्य सम्पन्न प्रमाण पत्र जारी गर्न सक्ने व्यवस्था छ । पालिकाले रु २६९५३२० मा सम्झौता गरी आसीमाला कन्स्ट्रक्सन प्रा.लि संग झण्डा पार्कमा पिकनिक स्पट निर्माण कार्यको लागि २०८१।१२।०६ देखि २०८१।३२० सम्ममा सम्पन्न गर्नु पर्नेमा म्याद थप भई २०८१।६।३० सम्ममा पहिलो बिल भौ.न ३४१(२०८१।१२।२७) बाट रु १२२६७७३.६९ भुक्तानी भएको पाईयो ।पालिकाले यस सम्बन्धमा वडा नं २ को योजना कार्यान्वियनमा कठिनाई नभएको व्यहोराको पत्रको आधारमा शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा उक्त पिकनिक स्पट निर्माण ठेक्का सम्झौता गरे पनि हाल निर्माण कार्य रोक्नको लागि निकुञ्जबाट दवाव आएको यद्यपी यस सम्बन्धमा पालिकाले निकुञ्जलाई पत्राचार गरेको प्रमाण नभेटिएको एवम् निर्माण व्यबसायीले सुबिस्ताको आधारमा ठेक्का तोड्ने आसयको २०८१।११।९ मा पत्राचार पालिकामा गरेको देखियो । ठेक्काको ४७.०४% कार्य प्रगति हुँदानै २०८१।११।६ मा कार्य स्वीकार गरी प्लाष्टर र झ्याल ढोका एवम् स्यानिटरी आईटमहरुको रु १४६८५४६.३१ को काम बाँकी रहेको अबस्थामा कार्य स्वीकार गरी सो मिति पछाडि म्याद थप।भुक्तानी भएको नदेखिएकोले निर्माण व्यबसायी आसीमाला कन्स्ट्रक्सन प्रा.लिले बाँकी कार्य सम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,६८,५४६.३१ |

## ६२ संघीय समपूरक अनुदानः

संघीय समपूरक अनुदान सम्बन्धी कार्यबिधि, २०७५ को दफा ९ अनुसार संघीय समपूरक अनुदान कुल निर्माण लागतको ५०% र बार्षिक बिनियोजनको आधारमा कार्यान्वियन गरिने व्यबस्था छ । पालिकाले NCB/22/W/2081.82 अन्तर्गत शेषमती पुल-लामबगर बगलामुखी मन्दिर सम्मको सडक कालोपत्रे ठेक्कामा २०८१।१२।२६ मा सम्झौता भई २०८२।३।३० मा सम्पन्न गर्नुपर्नेमा असार मसान्त(दोस्रो बिल सम्म) ३७.७४% प्रगति भएको देखिन्छ । सम्झौता रु.१८३१५६२६.९० को १०% रु.३६६३००० पेश्की भुक्तानी भएकोमा संघको रु.१७८३००० मध्ये दोस्रो बिलमा रु.७३२६२५ पेश्की फछ्यौट भएकोमा सालबसाली खर्च नभएको पेश्की बाँकी असुल उपर गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५०,३७५ |

## ६३ मनमैजु महिला विद्यालय बढी निकासा :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन्

६३.१ १३।२०८१।६।१६ पालिकाको १३ औ तथा १४ औ नगरसभाले धार्मिक विद्यालयलाई प्रतिविद्यालय ५ लाख र महिला विद्यालयलाई ८ लाखका दरले अनुदान उपलब्ध गराउने गरी निर्णय गरेकोमा मनमैजु महिला विद्यालयलाई १० लाखका दरले भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट फिर्ता गरी पालिकाको राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,००० |

६३.२ मनमैजु महिला विद्यालयलाई पालिकाले उपलब्ध गराएको अनुदान रकमबाट प्रस्तावना बमोजिम खर्च भए नभएको सम्बन्धमा खर्चको प्रमाण कागजात पेश नगरेकोले खर्चको प्रमाण कागजात पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,००,००० |

६४ **शिक्षा तर्फः**

६४.१ **विद्यालय र विद्यार्थी संख्या-** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ चैत्रको विवरण अनुसार देखिएका बेहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | २३ | ११३४० |
| २ | संस्थागत विद्यालय | ८७ | ३२३१२ |
| | जम्मा | ११० | ४३६५२ |

उपरोक्त विवरण अनुसार पालिकाभित्रका २३ सामुदायिक र ८७ संस्थागत सहित ११० विद्यालयमा जम्मा ४३६५२ जना विद्यार्थी अध्यनरत रहेकोमा सामुदायिकमा ११३४० जना र संस्थागतमा ३२३१२ जना विद्यार्थी अध्यनरत रहेको देखिन्छ ।

६४.२ **शिक्षक विद्यार्थी अनुपात-** शिक्षा विभाग शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त २०८१ चैत्रको विवरण अनुसार पालिका अन्तर्गतका विद्यालयको शिक्षक विद्यार्थी अनुपातको निम्नुसार छ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या (पालिका समेत) | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | मुनल्पाखा मा. वि. | १९ | २६१ | १:१४ |
| २ | कालिका कठेरी आ. वि. | २ | ३५ | १:१७ |
| ३ | साङ्गा बालकुमारी मा. वि. | २५ | ४७७ | १:१९ |
| ४ | काभ्रेचिनो मा. वि. | ४१ | ११६१ | १:२९ |
| ५ | नागार्जुन फुलगाँउ मा. वि. | २३ | २४२ | १:१० |
| ६ | कालिकाशरण मा.वि. | १९ | ३९९ | १:२१ |
| ७ | मदनविश्राम आ. वि. | ५ | ५१ | १:१० |
| ८ | सरस्वती आ. वि. | ५ | ६५ | १:१३ |
| ९ | ग्राम सेवा मा.वि. | २८ | ७०१ | १:२५ |
| १० | मनमैजु मा. वि. | २५ | ८२९ | १:३३ |
| ११ | मानसिंह धर्म मा. वि. | ३२ | ११७६ | १:३७ |
| १२ | नेपाल राष्ट्रिय मा.वि. | ३४ | १३९८ | १:४१ |

पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत रहेका २३ वटा विद्यालयमा ४४५ जना शिक्षक र ११३४० जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:२५ रहेको छ । श्री नेपाल राष्ट्रिय मा.वि. को शिक्षक विद्यार्थी अनुपात १:४१ रहेको छ भने श्री नागार्जुन ठूलागाउँ मावि र श्री महादेव स्थान आ.वि.को को शिक्षक विद्यार्थी अनुपात १:१० रहेको छ । कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ ।

६४.३ **सामुदायिक विद्यालयको दरबन्दी तथा पदपूर्तिः** आर्थिक वर्ष २०८१।८२ मा पालिका भित्रका २३ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/ करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | ४०६ | २२२ | १८४ | ० |

उक्त विवरण अनुसार पालिकामा जम्मा ४०६ दरबन्दी रहेकोमा २२२ जना स्थायी पदपूर्ती र १८४ जना राहत/करारमा र पालिका करारमा ३९ जना नियुक्त गरी पदपूर्ति भएको देखिन्छ।

६४.४ **शिक्षक अभिलेखः** पालिकाले पालिका भित्र रहेका विद्यालयहरुको स्वीकृत दरवन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तिको अवस्था, सरुवाको विवरण, अवकास विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए नभएको भिडान गर्न सकिएन । पालिकाले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिई तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात सम्बन्धित शिक्षकको तलब सुविधा रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनुपर्दछ ।

६४.५ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजनः** पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२५ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६

अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

६४.६ **प्रति विद्यार्थी लागत-** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | ३६६६५७७५९ | ३०३७०२२०९।५ | ११३४० | २६७८१ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु २६७८१।- रहेको छ ।

६४.७ **शैक्षिक गुणस्तर-** पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा संस्थागतबाट १४२२ र सामुदायिकबाट ६७० सहित २०९२ विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा विद्यार्थी | उत्तिर्ण विद्यार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | २०९२ | ६३७ | ९६ | ४४.७९ | १४.३३ |
| २ | ३.२१ - ३.६० | | ५३७ | २०३ | ३७.८० | ३०.३० |
| ३ | ३.२१ भन्दा कम | | २१५ | २७२ | १५.११ | ४०.५९ |
| | जम्मा | | १३८९ | ५७१ | ९७.७० | ८५.२२ |

उल्लेखित तालिका अनुसार पालिकाबाट २०९२ जना विद्यार्थी एस.ई.ई. मा सहभागी भएकोमा संस्थातग विद्यालयबाट ६३७ जना र सामुदायकि विद्यालयका ९६ जनाले ३.६१-४.०० जिपिए , संस्थागत विद्यालयबाट ५३७ जनाले र सामुदायिकबाट २०३ जनाले ३.२१-३.६० जिपिए, र संस्थागतका २१५ जना र सामुदायिक विद्यालयका २७२ जना विद्यार्थीले ३.२१ भन्दा कम जिपिए ल्याइ उत्तिण भएको देखिन्छ। सहभागी विद्यार्थी मध्ये संस्थागतबाट ३३ र सामुदायिक विद्यालयबाट ९९ जना अनुत्तिर्ण भएको देखिएको छ। सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु २६७८१।- रहेकोमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

६४.८ **विद्यालय निकासा रजिष्टरः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम (३९) मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन ।अद्यावधिक निकासाको अभिलेख नराख्दा दोहोरो निकासा विद्यालयलाई जान सक्ने स्थिति छ । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ ।

६४.९ **संस्थागत विद्यालयको छात्रवृत्ति-** तारकेश्वर नगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि २०७५ को दफा ६४(१) मा संस्थागत विद्यालयले प्रत्येक शैक्षिक सत्रको जेठ मसान्त सम्ममा जम्मा विद्यार्थी संख्याको दश प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने छ ।यो विषय कार्यान्वयन गर्दा प्रत्येक कक्षा जम्मा विद्यार्थी संख्याको १० प्रतिशत सोही कक्षामा दिनुपर्ने उल्लेख गरेकोमा पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| क्र.सं. | विद्यालय | विद्यालय संख्या | विधार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | संस्थागत | ८७ | ३२३१२ | ३२३१ |

अत: पालिकाले संस्थागत विद्यालयले तोकिए बमोजिम विपन्न, अपाङ्गता भएका महिला, दलित वा जनजाती, जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु व्यवस्था बमोजिम ८७ विद्यालयको ३२३१२ विद्यार्थी रहेकोमा ३२३१ जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विवरण उपलब्ध गराएको विवरण पेश गरेको छ।

६४.१० **विद्यालय अनुदानको अनुगमनः** कार्यक्रम कार्यान्वियन कार्यविधि ०८१।८२ अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको सयंन्त्रमा अनुदान व्यवस्थापन यूनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान, दिवा खाजा अनुदान, ओजेटी अनुदान, आईसिटि ल्याब अनुदान, नमूना विद्यालय भौतिक निर्माण लगायत अन्य विभिन्न शिर्षकवापत रु. २,८३,०९,६३४ अनुदान निकासा दिएकोमा संयन्त्र परिचालन गरी सम्पूर्ण अनुदान खर्चको अनुगमन गरेको देखिएन । पालिकाले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

६४.११ **पालिका शिक्षकः** पालिकाले आफ्नो क्षेत्र भित्रका स्विकृत दरवन्दी अनुसार शिक्षक कर्मचारीको तलब भत्ता लगायतका सुविधा खर्च लेख्दै आएको छ । संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट नपुग खर्च व्यहोर्ने गरी आ.व. २०८१।८२ मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका २३ वटा सामुदायिक विद्यालयहरुमा ८७ जना शिक्षकलाई करार सम्झौता गराई पदस्थापन तलवमा कुल रु. १,९०,०४,२६६ खर्च लेखेकोले पालिकालाई थप व्ययभार पर्न गएको छ ।

| शिक्षक/ कर्मचारी | शिक्षक/ कर्मचारी संख्या | वार्षिक तलब रु. |
|---|---|---|
| मावि | २४ | ७३५०६५० |
| निमावि | २३ | ४९७५८१६ |
| बालबिकास सहजकर्ता | ३९ | ६४७२८०० |
| विद्यालय कर्मचारी | १ | २०५००० |
| जम्मा | ८७ | १९००४२६६ |

६५ **विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ताः**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०७५ को प्रथम संशोधन २०७७ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा अनुपातिक २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि आवश्यक संख्याभन्दा बढि बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु. १०,०००।- का दरले र पालिकाबाट रु. ८००० का दरले भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

| विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | बढि भएको संख्या | बढि व्ययभार रकम |
|---|---|---|---|---|---|
| ग्रामसेवा मावि | ५५ | ३ | ४ | १ | २४४००० |
| कुञ्चिप्वाकल मावि | ४३ | २ | ३ | १ | २४४००० |
| सरस्वती आवि | २२ | १ | २ | १ | २४४००० |
| तारकेश्वर मनमैजू सावि | ७२ | ३ | ४ | १ | २४४००० |
| | | | जम्मा | ४ जना | ९७६००० |

| अनियमित भएको | ९,७६,००० |
|---|---|

६६ **छात्रवृत्ति वितरणः**

आ.व. ०८१।८२ शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधिको कार्यक्रम नं. ७.२.१.१ अनुसार विद्यालयलाई छात्रवृत्ति रकम निकासा दिंदा IEMIS अनुसार प्रविष्ट तथ्यांक सत्यापन गराई यकिन संख्याका आधारमा कक्षा १ देखि ५ सम्मका छात्रा तथा दलित छात्र,छात्राको लागि प्रति विद्यार्थी रु. ४०० तथा लक्षित समूहका विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक रु. ५०० का दरले हुने रकम निकासा दिने र यसरी निकासा दिएको रकम विद्यार्थीलाई वितरण गरेको भर्पाई पालिकामा पेश गर्नुपर्ने, कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने तथा रकम वितरण गर्न बाँकि भए पालिकामा निकासा फिर्ता गर्नुपर्ने व्यवस्था उल्लेख छ ।( नमुना परीक्षणका क्रममा) पालिकाले देहायका विद्यालयलाई कक्षा १ देखी ५ सम्मका छात्रा तथा दलित छात्र छात्राका लागी रकम निकासा गर्नुपर्नेमा कक्षा १ देखी ५ सम्मका IEMIS मा प्रविष्टि भएको दलित छात्रा संख्या नघटाई छात्रा संख्यामा दलित छात्रालाई दोहोरो हुनेगरी निकासा गरेकोले बढि निकासा रकम सम्बन्धित विद्यालयबाट निकासा फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | जानुपर्ने संख्या | गएको संख्या | बढि संख्या | बढि रकम रु |
|---|---|---|---|---|
| धर्मविद्याश्रम प्रावि | ६८ | ८२ | १४ | ५६०० |
| ग्रामसेवा मावि | १०९ | १२९ | २० | ८००० |
| ज्ञानोदय प्रावि | ३५ | ५२ | १७ | ६८०० |
| कालिकाशरण मावि | ५३ | ६८ | १५ | ६००० |
| मनमैजू मावि | १२९ | १८६ | ५७ | २२८०० |
| पूरानोगृह्वेश्वरी मावि | ११६ | १६१ | ४५ | १८००० |
| साङ्लाबालकुमारी मावि | ९६ | १२३ | २७ | १०८०० |
| सरस्वती प्रावि | १६ | २१ | ५ | २००० |
| श्री फुट्टुङ मावि | १३५ | १६२ | २७ | १०८०० |
| | | | जम्मा | ९०८०० |

| असुल गर्नुपर्ने | ९०,८०० |
|---|---|

६७ **दिवा खाजाः**

कार्यक्रम कार्यान्वियन पुस्तिका ०८१।८२ को कार्यक्रम नं. २.७.११.१ मा पालिका भित्रका सामूदायिक विद्यालयमा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकालाई ईमिसको डाटा र उपस्थित दरलाई सत्यापन गराई प्रति विद्यार्थी प्रति दिन रु. १५ का दरले (विद्यालय सञ्चालन भएको दिन र परीक्षामा सामेल भएको दिन समेत) गरी कूल १८० दिन ननाघ्ने गरी निकासा दिने उल्लेख

छ । पालिकाले संघीय शसर्त कार्यक्रममा व्यवस्था भएको दिवा खाजा वापत रु.११८६७४४७ खर्च गरेतापनि पालिकाको आन्तरीक स्रोतबाट पालिकाले पालिका अन्तर्गतका सबै सामूदायिक विद्यालयहरुमा संघीय शसर्तबाट निकासा हुने रकममा प्रति विद्यार्थी रु. १० का दरले ०८२ (वैशाख, जेष्ठ र अषाढका लागि मात्र) थप रु. २६५४४८० गरी कूल संघ र पालिकाबाट रु. १४५२१९२७ निकासा भएको छ ।(नमुना परीक्षणका क्रममा) कतिपय विद्यालयमा निकासा भएका दिवाखाजा रकमको माग फाराममा प्रधानाध्यापक तथा विद्यालय.व्य.समितिबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणीत गरेको पाईएन । अतः कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम पालिकाबाट अनुगमन गरी, सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणीत गराई, स्थानीय तहमा सत्यापन गरी कूल १८० दिन ननाघ्ने गरी निकासा दिनुपर्दछ ।दिवा खाजा सम्बन्धि देखिएका वेहोराहरु निम्नुसार छन् ।

६७.१ **(क)निकासा भन्दा कम खर्च प्रमाणः** देहायको विद्यालयमा दिवा खाजावापत निकासा भएको रकमभन्दा कम विल भर्पाई पेश भएकोले बढि निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असूल गर्नुपर्ने रु.

| विद्यालयको नाम | रु १० का दरले (ECD to ५ ) आन्तरीक स्रोत निकासा | रु १५ का दरले (ECD to ५ ) संघीय निकासा | जम्मा निकासा रकम | विल पेश रकम | अपुग विल बमोजिम असूली रकम |
|---|---|---|---|---|---|
| ग्रामसेवा मावि | १४७८७० | ७६३०९५ | ९१०९६५ | ८५६५५० | ५४४१५ |
| पूरानो गृह्नेश्वरी मावि | २८८८५० | ६७८२३५ | ९६७०८५ | ८९४४६० | ७२६२५ |
| मनमैजू मावि | २०५६३० | ९५४०७५ | ११५९७०५ | १०८३९२८ | ७५७७७ |
| | | | | जम्मा | २०२८१७ |

| असुल गर्नुपर्ने | २,०२,८१७ |
|---|---|

६७.२ **(ख)दिवा खाजाबाट पारिश्रमिक भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ, प्रमाण, कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले यस आव मा श्री कालिशरण माविमा दिवाखाजा वापत संघीय अनुदान वापत रु ४७२३९० र आन्तरीक स्रोतबाट रु ८३६०० निकासा भएकोमा विद्यालयले पेश गरेको विल भर्पाईमा रु ४४४२४९ को खाजा विल पेश भएको र विद्यालय व्यवस्थापन समितिले मिति २०८१।५।१६ देखि लागु हुनेगरी मासिक रु १२००० पारिश्रमिक भुक्तानी हुनेगरी श्री ईन्द्रा चौधरीलाई नियूक्त गरी ०८१ भदौ देखि ०८२ अषाढ मसान्त सम्मको पारिश्रमिकवापत रु १२६००० खर्च भुक्तानी गरको विवरण उपलब्ध गराएको छ । कार्यक्रम कार्यान्वियन कार्यविधिमा दिवाखाजा अनुदानबाट कुनै किसिमको पारिश्रमिक उपलब्ध गराउने व्यवस्था उल्लेख नभएको ईन्द्रा चौधरीलाई भुक्तानी भएको पारिश्रमिक रकम नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,२६,००० |
|---|---|

६८ **ग्रेड रकम बढि भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिकाले देहायका विद्यालयका शिक्षकहरुलाई तलबी प्रतिवेदनमा पारित ग्रेड संख्याभन्दा बढि ग्रेड संख्याका दरले तलब निकासा गरेकोले सम्बन्धित विद्यालयबाट बढि ग्रेड रकम असूल गर्नुपर्ने रु.

| विद्यालयको नाम | शिक्षकको नाम | पाउनुवर्ने ग्रेड सं | दिएको ग्रेड सं | ग्रेड दर | बढि रकम कसकोष सहित असूली | वापत |
|---|---|---|---|---|---|---|
| पृथ्वीनारायण मावि | निमा वासुदेव धित्ताल | ७ | ८ | १४५६ | १४४१५ | ०८१श्रावण देखि चैत्र |
| जीतपुर मावि | निमा मधु आर्याल | ७ | ८ | १४५६ | ४८०५ | ०८२वैशाख देखी अषाढ |
| | | | | जम्मा | १९२२० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,२२० |

६९ **शैक्षिक गुणस्तर सुदृढीकरण अनुदानः**

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।०८२ को क्रियाकलाप नं.२.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकको उपक्रियाकलाप ९.८ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनसम्बन्धी व्यवस्था छ । जसमा विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजनाअनुसार तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने कुरा उल्लेख छ ।साथै यस आ.व. मा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरी शैक्षिक सत्र २०८१ को शैक्षिक तथ्याङ्कमा विद्यालयमा १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालयय रु. ४५ लाख अनुदान उपलब्ध गराउने र उक्त रकम विद्यालयको गुरुयोजना अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अनुदानका लागि कालीदेवी मा.वि. ले विद्यालय सुधार योजना, २०८१ र नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४ अनुसार पेस गरिएको प्रस्ताव र गरेको खर्च देहायअनुसार रहेको देखिन्छ ।पालिकाबाट प्रदान गरिएको अनुदान रकमको प्रभावकारीता एंवम खर्चको सुनिश्चिततताको लागि पालिकाको शिक्षा शाखाबाट अनुगमन गरेको दखिदैन ।अतः कार्यविधिको पालना खर्चको सुनिश्चितता एंवम प्रभावकारिताका निम्ति पालिकाले समयमै अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७० **ओ.जे.टी. अनुदानः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.५०(२.६) मा शिक्षण सिकाइ सामाग्री तथा ओ.जे.टि. व्यवस्थापनका लाागि प्राविधिक धारका विद्यालयलाई अनुदान अन्तर्गत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी रु. १५००० का दरले हुन आउने रकम एकमूष्ट अनुदान दिने र सो रकमबाट प्राथमिक तह तृतीय श्रेणीको १ जना ल्याब असिस्टेन्ट नियूक्त गर्ने, व्यवहारिक अभ्यासमा सहभागी विद्यार्थीलाई प्रति महिना रु. १००० का दरले विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने र बाँकी रकमबाट प्रशिक्षक भत्ता एवम् ल्याव सामाग्रिका अतिरिक्त विद्यार्थीका लागि पाठ्यपुस्तक/पाठ्यसामाग्रि लगायतका शिक्षण सिकाई व्यवस्थापनका लागि उपयोग गर्न सकिने र कार्यक्रमसँग सम्बन्धित प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्ने उल्लेख छ ।पालिकाले जितपुर मा. वि. (सिभिल ईन्जिनियरिङ्ग) तर्फका ७५ जना विद्यार्थीका लागि प्रति विद्यार्थी रु. १५००० का दरले रु.११२५००० र कालीदेवी मावि (कृषि विज्ञान) तर्फका १३९ जना विद्यार्थीका लागि प्रति विद्यार्थी रु. १५००० का दरले रु. २०८५००० निकासा गरेकोमा सम्पादित ओजेटि अनुदानको पालिकाबाट अनुगमन प्रतिवेदन पेश भएको देखिएन ।पालिकाबाट प्राप्त विवरण अनुसार विद्यार्थी निर्वाह खर्चवापत कालीदेवी माविबाट रु २२५०००।०० नगदै र रु ५१००० विद्यार्थीको बैंक खातामा र जितपुर माविबाट रु १४७०००।०० रकम नगदै भुक्तानी भएको देखिन्छ । खर्चको पारदर्शिताका लागि विद्यालयहरुले विद्यार्थी निर्वाह खर्चवापतको रकम कार्यक्रम कार्यान्वियन कार्यविधिमा व्यवस्था भएबमोजिम बैंकमार्फत भुक्तानी दिनुपर्दछ । अतः कार्यविधिको पूर्ण परिपालना गर्दै ओजेटि अभ्यासलाई प्रभावकारी बनाउने तर्फ विद्यालयले ध्यान दिनुपर्दछ ।

| विद्यालयको नाम | प्राविधिक धारतर्फका विद्यार्थी संख्या | | | | निकासा रकम ( रु हजारमा ) | OJT अभ्यास गराए / नगराएको | विद्यार्थीलाई भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| कालीदेवी मावि | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | २०८५ | गराएको | २२५००० | विद्यार्थीको भर्पाई प्रमाण पेश भएको |
| | ५४ | ४८ | १८ | १९ | | | ५१००० | बैंक खातामा पठाएको |
| जीतपुर मावि | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | ११२५ | गराएको | १४७००० | विद्यार्थीको भर्पाई प्रमाण पेश भएको |
| | २५ | २१ | ६ | २४ | | | | |
| जम्मा | | | | | ३२१० | जम्मा | ४२३००० | |

७१ **निःशुल्क पाठ्यपुस्तक अनुदानः**

कार्यक्रम कार्यान्वयन कार्यविधि, ०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा पालिका भित्रका सामूदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्ममा अध्ययनरत विद्यार्थीलाई विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई ईमिसमा प्रविष्ट तथ्यांकसँग सामूदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्यांक सत्यापन गराई अनुदान दिने र यसरी अनुदान दिंदा पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५% संख्यालाई हिसाव गरी अनुदान दिने र शैक्षिक सत्रमा भएको नँया विद्यार्थी संख्याको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने तथा सुरुको ७५% निकासा रकम बचत हुन आएमा विद्यालयमा निकासा हुने अन्य शिर्षकको रकमबाट कटाई स्थानीय तहले हिसाब मिलान गर्नुपर्ने व्यवस्था उल्लेख छ ।पालिकाले यस आ.व.मा भौ.नं. ६०।०८१।१२।२० बाट ७५ प्रतिशतवापतको प्रथम निकासा रु ४५९०५४७।०० र थप अपुग दोस्रो निकासा वापत भौ.नं. ११७।०८२।३।२२ रु १९९१६४०।६८ बाट गरी जम्मा रु ६५८२१८७।६८ निकासा गरेकोमा सो सम्बन्धि देखिएका वेहोराहरु निम्नानुसार छन् ।

७१.१ **पुस्तक वितरण भर्पाई पेश नभएकोः** पालिकाले पृथ्वीनारायण माविका कक्षा १ देखि १२ सम्मका विद्यार्थीका लागि रु ६७३५४७ निकासा भएकोमा विद्यालयले अंग्रेजी माध्यमबाट पठनपाठन हुने भएकोले कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित रकम नै प्रदान गरको भर्पाई पेश गरेको छ ।तर कक्षा ११ र कक्षा १२ का निम्ति निकासा भएको निम्नुसारको पाठ्यपुस्तक वितरण गरेको भर्पाई प्रमाण पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| विद्यालयको नाम | कक्षा | विद्यार्थी संख्या | निकासा रकम रु | कैफियत |
|---|---|---|---|---|
| पृथ्वीनारायण मावि | ११ | ९८ | २६४६० | कक्षा ११ को वितरण भर्पाई पेश नभएको । |
| | १२ | ८८ | २७८०८ | कक्षा १२ को वितरण भर्पाई पेश नभएको । |
| | | जम्मा | ५४२६८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,२६८ |

७१.२ **वितरण भरपाई कम पेशः** पालिकाले ग्रामसेवा माविमा ईमिसका आधारमा पाठ्यपुस्तकवापत रकम निकासा गरेकोमा ग्रामसेवा माविले पेश गरेको पाठ्यपुस्तक खरिद विल तथा विद्यार्थीलाई वितरण भरपाईमा कक्षा २, ३, ४ र ११ को पुस्तक भर्पाई कम पेश भएकोले बढि निकासा रकम रु ११७२८ ग्रामसेवा माविबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,७२८ |

७१.३ **ईमिस विवरणभन्दा बढि विद्यार्थीलाई निकासाः** (नमुना परीक्षणका क्रममा) देहायका विद्यालयले निकासा रकम बराबरको पाठ्यपुस्तक खरिद विल पेश गरेतापनि पालिकाद्धारा ईमिस संख्या भन्दा बढि विद्यार्थीको नाममा पाठ्यपुस्तकवापत रकम निकासा भएको देखिएकोले बढि निकासा रकम सम्बन्धित विद्यालयबाट असूल गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम रु. | बढि निकासा रकम रु. | कैफियत |
|---|---|---|---|
| फुटुङ मावि | ३९८४६० | १४००४ | ईमिस भन्दा बढि विद्यार्थीको विल पेश गरी भुक्तानी |
| ग्रामसेवा मावि | ३५१६७७ | ११७२८ | ईमिस भन्दा बढि विद्यार्थीको विल पेश गरी भुक्तानी |
| कालिका कोठरी आवि | १४२२५ | ६०८९ | ईमिस भन्दा बढि विद्यार्थीको विल पेश गरी भुक्तानी |
| ज्ञानोदय आवि | ४०१४८ | ४३२८ | ईमिस भन्दा बढि विद्यार्थीको विल पेश गरी भुक्तानी |
| महादेवस्थान आवि | १८५२३ | ३४७० | ईमिस भन्दा बढि विद्यार्थीको विल पेश गरी भुक्तानी |
| जम्मा | | ३९६१९ | |

| असुल गर्नुपर्ने | ३९,६१९ |
|---|---|

७२ **गाडी भाडा बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७३ **संयोजक /प्रतिवेदक भत्ता**

कार्यसंचालन निर्देशिका, २०८१ अनुसूची ११ को १५ मा तालिम संयोजक र प्रतिवेदक एकै व्यक्ति भएमा अतिरिक्त भत्ता नपाउने उल्लेख गरेकोमा देहायको कार्यक्रममा एकै व्यक्तिले संयोजक तथा प्रतिवेदन वापतको रकम भुक्तानी लिएको पाइएकोले प्रतिवेदन वापत को रकम असुल गर्नुपर्ने रु.

| भौचर नं | कार्यक्रम | नाम | रकम |
|---|---|---|---|
| ५७३।२०८२।२।७ | जेष्ठ नागरिक तालिम कार्यक्रम | प्रतिमा मिश्र | ८५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ८५० |
|---|---|

७४ **रकम बुझाएको प्रमाण पेश गर्नुपर्नेः**

२७२।२०८१।१०।३० आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। वडा नं ७ को वडा सचिव पद्मा गजुरेलले सूचना प्रकाशन तथा संप्रेषण/ कार्यक्रम अन्तर्गत विभिन्न बिल राखि सोधभर्ना भुक्तानी लिएकोमा उक्त रकम सम्बन्धितलाई बुझाएको प्रमाण पेश गर्नुपर्ने रु.

| नाम | रकम |
|---|---|
| फरक धार | ५००० |
| मानसरोबर नेपाल | ५००० |
| विश्व दृष्टिकोण | २००० |
| कम्युनिटी डेभलप्मेन्ट सेन्टर | १५०० |
| कान्तिपुर पब्लिकेशन | ३६९८ |
| नवअर्थ आवाज | २००० |
| फरकधार | ५००० |
| जम्मा | २४१९८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,१९८ |

७५ **कार्यसम्पन्न पेश गर्नुपर्नेः**

५७५।२०८२।२।८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ अनुसार सार्वजनिक निकायले रु १ लाख भन्दा माथिको मूल्य भएको सामान खरिद गर्दा स्पेसिफिकेसन सहितको लागत अनुमान स्वीकृत गरेर खरिद गर्नुपर्ने व्यवस्था छ।अन्य संस्था सहायता शिर्षकबाट पालिकाले ५ क्वीन्टल कपडा संकलन गर्न मिल्ने घामपानीबाट १० वर्ष केही नहुने क्लोथ ड्रप बक्स ५ *६ फिटको ४ वटा बक्स निर्माण तथा व्यवस्थापनको लागि फुड एण्ड क्लोथ बैंकसंग लागत अनुमान वेगर नै रु ९००००० मा सम्झौता गरी मिति २०८२।१।१८ मा जिन्सी दाखिला गरी सम्झौता बमोजिमको रकम भुक्तानी भएको देखिएकोमा उक्त क्लोथ ड्रप बक्स सम्झौता बमोजिम ५ *६ फिटको बनाउन लाग्ने लागत अनुमान पालिकाले तयार गरेको छैन भने ४ वटा क्लोथ ड्रप बक्स बनाउन रु ९००००० लाग्ने सम्बन्धमा एकिन हुन नसकिएकोले उक्त सामाग्रीको लागत अनुमान सहित प्राविधिक नापजाँच सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,००,००० |

७६ **विविध खर्च प्रमाणः**

९८४।०८२।३।२५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाका सहायकस्तर पाँचौ श्री मनोज श्रेष्ठले विविध खर्च शिर्षकबाट रु ६३८०० सोधभर्ना भुक्तानी र मिना श्रेष्ठको रु १०००० को पेश्कि फछ्र्यौटमा देखिएका वेहोराहरु निम्नानुसार छन् ।

७६.१ **मोबाईल खरिदः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **३८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६.२ **अपुग खर्च प्रमाणः** मिना श्रेष्ठको रु १०००० पेश्कि फछ्र्यौट भुक्तानी लिएकोमा पेश्की फछ्र्यौटको प्रमाण कागजात श्रेस्तामा संलग्न नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा मिना श्रेष्ठबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००० |

७७ **कार्यसम्पन्न भन्दा बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ।पालिकाले देहायबमोजिमको उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्ने भन्दा बढी भुक्तानी दिएको पाइएकोले देहायबमोजिमबाट असुल गर्नुपर्ने रु.

| भौचर नं | उपभोक्ता समितिको नाम | कार्य सम्पन्न रकम | कार्यालयले वेहोर्ने रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ४२८।२०८१।१२।२८ | बाक्चापाखा बाटो ढलान उपभोक्ता समिति वडा नं ८ | २३१८२५७।९१ | १८९४६०६।३२ | १९२८८८० | ३४२७३।६७ |
| ५७७।२०८२।३।२० | सिरानघर हुँदै ठूलोधारो सम्म जाने मोटर सडक स्तरोन्नती वडा नं ३ | १७९२२५२।६५ | १४६३८०२।१२ | १४८८३२७ | २४५२४।८८ |
| | | | | जम्मा | ५८७९८।५५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,७९८.५५ |

७८ **पदाधिकारी भ्रमण खर्चः**

९१९।०८२।३।२४ बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसूची १(ख) मा नगरपालिकाको उपप्रमुखले दैनिक भ्रमण भत्ता रु. १८०० का दरले उपलब्ध गराउने उल्लेख छ ।पालिकाको उपप्रमुख श्री सृर्जना बुर्लाकोटि अर्यालले देहायका मितिमा विभिन्न स्थानमा भ्रमण गरेकोमा ऐन बमोजिम दैनिक रु. १८०० का दरले भ्रमण खर्च बुझ्नुपर्नेमा रु. २००० का दरले भ्रमण खर्च बुझेको तथा भ्रमण खर्च बुझेको अवधिकै होटलबास खर्च विल, खाना, खाजा खर्च विल समेत पेश गरी भुक्तानी लिएको देखिएकोले निम्नानुसार बढि भुक्तानी भएको रकम रु. ३०७१८ उपप्रमुख श्री सृर्जना बुर्लाकोटि अर्यालबाट असूल गर्नुपर्ने रु.

| भ्रमण अवधि | बुझेको रकम | बुझ्नुपर्ने रकम | बढि रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ०८१।९।२३देखि २५ सम्म चितवन | २२९७० | ४०५० | १८९२० | निजको भ्रमण खर्च बुझेको अवधिकै होटलबास खर्च र खाना खाजा खर्चको विल पेश गरी भुक्तानी भएको |
| ०८१।९।२६ देखि ९।२८ सम्म चितवन | ११५९८ | ४०५० | ७५४८ | निजको भ्रमण खर्च बुझेको अवधिकै होटलबास खर्च र खाना खाजा खर्चको विल पेश गरी भुक्तानी भएको |
| ०८२।३।५ देखि३ ।११ सम्म हेटौडा | १५५०० | ११२५० | ४२५० | दैनिक भ्रमण खर्च दर १८०० हुनुपर्नेमा २००० भएको र सरकारी गाडिमा गएको भनेकोमा ट्याक्सि भाडाको समेत भुक्तानी लिएको |
| | | जम्मा | ३०७१८ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,७१८ |

७९ **ईलेक्ट्रोनिक हाजिरि डिभाईसः**

९२४।०८२।३।२४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिका र सेन्ट्रल बारकोड टेक्नोलोजि बिच मिति २०८१।३।१३ का दिन सामूदायिक विद्यालयका लागि १० थान ईलेक्ट्रोनिक हाजिरि डिभाईस जडान गर्ने कार्यका लागि भएको सम्झौताअनुसार रु. २९८८८५ भुक्तानी भएकोमा सम्झौताको बुंदा नं ४ मा सेन्ट्रल बारकोड टेक्नोलोजिले सम्पूर्ण ईलेक्ट्रोनिक डिभाईस जडान गर्नुका साथै उक्त कार्य सञ्चालन सम्बन्धि तालिम सम्झौता भएको मितिले ७ दिनभित्र दिईसक्नुपर्ने र १ वर्ष सम्म प्राविधिक समस्या परेमा निःशुल्क सेवा उपलब्ध गराउनुपर्ने तथा सम्झौताको बुंदा नं ८ मा कार्यसम्पन्न गरिसकेपछि मात्र भुक्तानी दिईने उल्लेख भएकोमा तालिम सञ्चालन गरेको प्रमाण तथा १० थान ईलेक्ट्रोनिक हाजिरि डिभाईस सम्बन्धित विद्यालयहरुमा जडान भएको प्राविधिक प्रमाण वेगर सम्झौताको सम्पूर्ण रकम भुक्तानी भएको देखिएकोले तालिम सञ्चालन तथा डिभाईस जडान प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९८,८८५ |

८० **बढी तलब भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१३,११२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८१ **कानूनी सल्लाहकारः**

८१.१ ३९।२०८१।६।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाबादी भएका मुद्दा अदालतमा बहस गरेको भनि लिगत जुम नेपाल प्रालीलाई संग मिति २०८०।५।१५ गते मिति २०८०।४।१ देखि २०८१असार मसान्त सम्मको लागि कानूनी सल्लाहकारको पदमा नियुक्त गरी मासिक पारिश्रमिक वापत रु.२०००० र सो देखि बाहेक सर्वोच्च अदालतमा पेश गर्ने मस्यौदा वापत रु.२०००० र अन्य निकायमा पेश गर्ने मस्यौदा तथा बहस पैरवी वापत रु.१५००० र तारेख खर्च प्रति तारेख रु.१००० दिने गरी सम्झौता गरेको छ। पालिकाले लिगल जुम नेपाल प्रा.ली.को आव २०८०।८१ को भुक्तानी बाँकी दायित्व राखेको देखिदैन साथै लिगल जुमले मुद्दा अनुसारको विल पेश गर्नुपर्नेमा बिल बेगरनै पालिकाले उक्त फर्मले पेश गरेको तेरिजको आधारमा रु. ६२२४२० अन्य विविध छुट कार्यक्रमबाट भुक्तानी गरेको पाइएकोले प्रत्येक मुद्दाअनुसारको बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२२,४२० |

८१.२ ६२६।२०८२।२।२२ पालिकाबादी भएका मुद्दा अदालतमा बहस गरेको भनि लिगत जुम नेपाल प्रालीलाई संग मिति २०८१।१२।१३ गते मिति २०८१।४।१ देखि २०८२ असार मसान्त सम्मको लागि कानूनी सल्लाहकारको पदमा नियुक्त गरी मासिक पारिश्रमिक वापत रु २०००० र सो देखि बाहेक सर्वोच्च अदालतमा पेश गर्ने मस्यौदा वापत रु २०००० र अन्य निकायमा पेश गर्ने मस्यौदा तथा बहस पैरवी वापत रु १५००० र तारेख खर्च प्रति तारेख रु.१००० दिने गरी सम्झौता गरेको छ।उक्त फर्मले मिति २०८१।४।१ देखि चैत्र सम्मको मासिक तलब तथा बहस पैरवि वापत रु.४१७११० अन्य सेवा शुल्क शिर्षकबाट भुक्तानी गरेकोमा उक्त फर्मको बिल बेगर नै पालिकाले भुक्तानी गरेको पाइएकोले मुद्दा अनुसार लिखतको जवाफ तयार तथा वहस पैरवीको खुल्ने गरी बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१७,११० |

८१.३ फर्मसंग गरेको सम्झौतामा व्यक्तिको मासिक पारिश्रमिक तोकि भुक्तानी दिन मिल्ने नदेखिएकोले यसरी मासिक रु.२०००० को दरले ९ महिनाको भुक्तानी दिएको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,८०,००० |

८२ **आगाडीको आवमा वजेट विनियोजन २ आवमा कार्यक्रमः**

४१६।२०८१।१२।२५ नगरपालिका मेयर कोषबाट आव २०८०।८१ मा ४ लाख २३ हजार बजेट विनयोजन भएकोमा आव २०८०।८१ मा २ लाख बराबरको सामाग्री खरिद गरेकोमा आव २०८१।८२ मा बाँकी रु २२३००० को एडभान्स पन्चेबाजा तालिम कार्यक्रम संचालन गर्ने गरी निर्णय गरी यस आवमा एडभान्स पञ्चेवाजा तालिम तारकेश्वर पन्चेवाजा फुली टिमबाट संचालन भएको पाइयो ।जुन आवको लागि बजेट विनियोजन भएको हो सोही आवमा नै कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले पन्चेबाजा तालिम कार्यक्रम २ आर्थिक वर्षमा गर्ने निर्णय गरी समाग्री खरिद २०८०।८१ र तालिम कार्यक्रम २०८१।८२ मा भुक्तानी बाँकी प्रमाणीत नगराइ निर्णयको आधारमा केही रकम अगाडीको आर्थिक वर्ष र केही रकम पछाडीको आर्थिक वर्षमा खर्च गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,२३,००० |

८३ **नगरकार्यपालिकाको बैठकको आधारमा भुक्तानीः**

१३५।२०८१।७।१२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ।देश संचार प्रालिले मिति २०८१।३।१ मा देश संचार चौतारीको ५० औ श्रृखलाको अवसरमा विभिन्न विधा मार्फत समाज र राष्ट्रलाई योगदान दिने व्यक्तिहरुलाई सम्मान कार्यक्रमको लागि तारकेश्वर नगरपलिकाको लागि समेत लाभ पुग्ने गरी सहकार्य गर्न इच्छुक रहेको निवेदन पेश गरेकोमा नगर कार्यपालिकाको मिति २०८१।५।२८ को निर्णयको आधारमा देश संचार प्रालिको ५० औ वार्षिक उत्सब कार्यक्रममा विभिन्न विधामा राष्ट्र र समाजलाई योगदान पुर्याउने व्यक्तिलाई सम्मान गर्ने कार्यक्रमको लागि रु ३००००० भुक्तानी दिने निर्णय गरेको आधारमा पालिकाले उक्त रकम भुक्तानी गरेको देखिन्छ ।उक्त संस्थासँग पालिकाले कुनै सम्झौता समेत गएको पाइएन भने दिएको रकमबाट उक्त संस्थाले गरेको खर्चको विविरण समेत पालिकामा पेश गरेको नपाइएकोले खर्चको विवरण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

८४ **विविध खर्च सम्बन्धमाः**

८४.१ ९२।२०८१।६।२१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । प्रमुख प्रशासकिय अधिकृत श्री दिनेश पन्तले २०८१ श्रावण देखि असोजसम्मको विविध खर्च सोधभर्ना वापत रु ८०५२७ र भौचर नं १५९।२०८१।७।१४ बाट कार्तिकको विविध खर्च वापत रु १२७४८ समेत रु १०६२६८ भुक्तानी लिएकोमा कार्यालयले केहि निर्णयसमेत गरेको नदेखिएकोले कार्यालय प्रमुखले निर्णय वेगर लिएको सोधभर्ना रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०६,२६८ |

८४.२ ९३।२०८१।६।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । लेखाअधिकृत खिलनाथ वाँस्कोटाले पत्रकार भत्ता वापत २३००० को भरपाई पेश गरेकोमा के वापत पत्रकारलाई भत्ता बुझाएको हो खुल्ने प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २३,००० |
|---|---|

८५ **चाडपर्व खर्च भुक्तानीः**

४४।२०८१।६।१९ सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४।०१।२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।०१।२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४।०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता सम्झौतामा उल्लेख गरी दिन मिल्ने छ भने अन्य सुविधा उपलब्ध गराउने सम्वन्धमा कुनै व्यवस्था छैन । पालिकाले देहायको विद्यालयमा कार्यरत शिक्षकहरुको नाममा नियुक्ति भएको ६ महिना नपुग्दै चाडपर्व खर्च विद्यालयको खातामा निकासा गरेको पाइएकोले सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | शिक्षकको नाम | चाडवर्प वापतको रकम | नियुक्ति मिति |
|---|---|---|---|
| बालिदेवी मावि | बालकृष्ण महर्जन | ४०००० | २०८१।४।२७ |
| | रोमका न्यौपाने | ४०००० | २०८१।४।२७ |
| | सिता सुयल | २५००० | २०८१।४।२७ |
| | शान्ती तामाङ | २५००० | २०८१।४।२७ |
| | नविना आधिकारी | १८००० | २०८१।४।२७ |
| | रोशनी फुयाल | १८००० | २०८१।४।२७ |
| ग्रामसेवा मावि | रोजिना महर्जन | १८००० | २०८१।४।७ |
| कालिकाशरण मावि | प्रकाश जमकटेल | ४०००० | २०८१।४।२७ |
| | प्रमिला अधिकारी | १८००० | २०८१।४।२७ |
| | जम्मा | २४२००० | |

| असुल गर्नुपर्ने | २,४२,००० |
|---|---|

८६ **तालिम कार्यक्रममा कार्यपत्र वेगर भुक्तानीः**

अर्थ मन्त्रालयबाट जारी कार्यसंचालन निर्देशिकामा वाह्य प्रशिक्षकलाई कक्षा वापत रु ६०० र कार्यपत्र वापत रु १००० गरी १६०० भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यसै गरी आन्तरिक प्रशिक्षकले कक्षा वापतको नपाउने र कार्यपत्र वापत रु १००० पाउने व्यवस्था छ ।तर पालिकाले बजेट किताबमा खर्च मापदण्ड प्रकाशन गरी बाह्य प्रशिक्षकलाई प्रतिशेसन ५००० र आन्तरिक प्रशिक्षकलाई २५०० को दररेद तोकेको देखिन्छ ।पालिकाले संचालन गरेको देहायबमोजिमको तालिम कार्यक्रममा प्रशिक्षकले कार्यपत्र पेश गरेको नपाइएकोले कार्यपत्र पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौचर नं | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | सेसन | भुक्तानी रकम कर बाहेक |
|---|---|---|---|---|
| १९१।२०८१।८।६ | व्यक्तिगत घटना दर्ता तालिम | सन्जीत पौडेल | २ | ८५०० |
| ३९२।२०८१।१२।१७ | २०८१।१०।२२, २३ आधारभूत शिक्षा परीक्षा कक्षा ८ को प्रश्नपत्र निर्माण कार्यशाला | इश्वर प्रसाद आचार्य | २ | ४२५० |
| | | पदम बहादुर खत्री | २ | ४२५० |
| ४३६।२०८१।१२।३१ | २०८१।८।१४ को पिएसी होम भिजिट अभिमुखिकरण कार्यक्रम | तिलोत्तमा खनाल | १ | २१२५ |
| ६१८।२०८२।२।१९ | २०८१।११।२३ को अन्तराष्ट्रिय महिला दिवसको अन्तरक्रिया कार्यक्रम | प्रतिमा मिश्र | १ | २१२५ |
| | | यज्ञ राज पाण्ड | २ | ९५०० |
| ५७३।२०८२।२।७ | जेष्ठ नागरिक समितिका पदाधिकारीहरुलाई नागरिक सम्बन्धित तालिम | सृजना वुर्लाकोटी | १ | २१२५ |
| | | सुनिता श्रेष्ठ | २ | ९५०० |
| जम्मा | | | | ४२३७५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ४२,३७५ |
|---|---|

८७ **शिक्षक कासमू मुल्याङ्कन बैठक भत्ताः**

८७३।२०८२।३।२३ शैक्षिक सत्र २०८१ को सामुदायिक विद्यालयका स्थायी शिक्षकहरुको कार्यसम्पादन कार्यसम्पादन मूल्याङ्कनको पुनरावलोकन गर्न मिति २०८२।२।१५ देखि २३ सम्म बैठक बसेको वापत बैठक भत्ता भुक्तानी भएकोमा उक्त समितिको बैठक विहान ७:१५ मा बसेको भनि बैठक भत्ता भुक्तानी लिएकोमा कार्यालयको इहाजिरीमा हेर्दा देहायबमोजिका पदाधिकारी उक्त समयमा (१० बजे भन्दा अगाडि) कार्यालयमा हाजिरी भएको नदेखिएकोले देहायबमोजिमबाट असुल गर्नुपर्ने रु.

| नाम पद | बैठक संख्या | दर कर बाहेक | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| प्रप्रअ इश्वर प्रसाद आचार्य | ९ | १२७५ | ११४७५ | |
| इ प्र समन्तमणी आचार्य | ९ | १२७५ | ११४७५ | |
| उस कृष्ण कुमार श्रेष्ठ | ९ | १२७५ | ११४७५ | |
| शाअ पदम बहादुर खत्री | ९ | १२७५ | ११४७५ | |
| लेअ सविना अर्याल | ९ | १२७५ | ११४७५ | |
| आरति पौडेल | ९ | १२७५ | ३९८२५ | ११४७५ र खाजा खर्च २८३५० लक्ष्मि खाजा घरको बिल |
| कअ उमेश धिताल | ९ | १२७५ | ११४७५ | |
| जम्मा | | | १०८६७५ | |

| असुल गर्नुपर्ने | १,०८,६७५ |
|---|---|

८८ **कार्यक्रम खर्च भन्दा बढी भुक्तानीः**

४४१।२०८२।१।५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। आव २०८१।८२ को लागि वडा नं ९ बाट विनियोजन भएको रु. २ लाखबाट इभेन्स मास्टर प्रालिले खेलकुद कार्यक्रम संचालन गरेको भनि पेश गरेको टुक्रे विलमा मेडल वापत रु १८०००, सर्टिफिकेट वापत रु १८७०० भाडा वापत रु ७५०० फ्रेल्स प्रिन्ट वापत रु २२५०० र उद्घाटन समापन तथा गाडी भाडा वापत रु ३५००० र अन्य रु १५००० गरी रु११६७०० खर्चको बिल भरपाई संलग्न गरी एकमुष्ट फर्मको २ लाखको बिल पेश गरी भुक्तानी लिएको पाइएकोले वास्तविक खर्च भन्दा बढी भुक्तानी लिएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८३,३०० |

८९ **अध्ययन अवलोकन भ्रमणको प्रतिवेदन खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ।अध्ययन अवलोकन भ्रमण खर्च भुक्तानी लिँदा प्रतिवेदन वापत रकम भुक्तानी लिन मिल्ने कानुनी व्यवस्था देखिदैन तर पालिकाबाट अध्ययन अवलोकन भ्रमणको प्रतिवेदन वापत रकम भुक्तानी लिएको पाइएकोले प्रतिवेदन वापतको रकम देहायबमोजिमबाट रकम असुल गर्नुपर्ने रु.

| भौचर नं मिति | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|
| ५७९।२०८१।२।८ | पद्मा गजुरेल | २००० |
| ७७५।२०८२।३।१९ | पुष्प महर्जन | २००० |
| | जम्मा | ४००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

९० **दोहोरो संचार सुविधाः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा सम्बन्धि ऐन २०७५ को पहिलो संशोधन २०७७ को अनुसूची १ मा पदाधिकारीको सेवा सुविधा सम्बन्धि व्यवस्था गरेको छ जसमा नगर उपप्रमुखलाई संचार सुविधा वापत मासिक रु४००० का दरले भुक्तानी हुने गरेकोमा उपप्रमुखको मोवाइलमा भौचर नं ३१४।२०८१।११।१२ बाट रु २००० र भौचर नं ३०७।२०८१।११।११ बाट रु १००० गरी ३००० भुक्तानी गरेको पाइएकोले दोहोरो संचार बापतको रकम उपप्रमुख श्री सृजना बुर्लाकोटीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

९१ **प्रशिक्षक भत्ताः**

४६६।२०८२।१।१४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। सहकारी संस्थामा नेतृत्व तथा संस्थागत विकास तालिम कार्यक्रम मिति

२०८१।१२।२८ र २९ मा कार्यालय समयमा संचालन भएको देखिन्छ ।सामान्यतः कार्यालय समयमा १ दिनमा ४ सेसनको दरले २ दिनमा ८ सेसन हुनुपर्नेमा १० सेसन बापत भुक्तानी लिएको पाइएकोले बढी सेसन वापतको रकम इश्वर प्रसाद आचार्यबाट असुल गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१२५ |

९२ **बढी प्रशिक्षण भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९३ **नर्म्स भन्दा बढी भुक्तानीः**

७३१।२०८२।३।१३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। वडा नं १० मा तिर्थ स्मृति प्रतिष्ठान नेपालले तारकेश्वरका १० माविमा वक्तित्वकला प्रतियोगीता २०८२।२।३० मा संचालन भएकोमा पालिकाको नर्म्स बमोजिम प्रतिवेदन वापत विजयराम न्यौपाने कर बाहेक १७०० भुक्तानी लिन मिल्नेमा निजले कर बाहेक ६५०० भुक्तानी लिएको पाइएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०० |

९४ **सम्झौता पेश गर्नपर्नेः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **९६,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९५ **तालिम कार्यक्रम खर्चः**

९६।२०८१।६।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकालले सुत्रको तालिम खर्च वापत श्री हरिकृष्ण अर्याललाई रु ५६९०० भुक्तानी गरेकोमा खाजा वापतको रु ११००० को बिल, श्रोत व्यक्ति पारिश्रमिक वापत रु २०००० र यातायात वापत रु ४००० गरी रु ३५००० को प्रमाण पेश गरेकोमा साथै बाकी रु २१९०० कुनै प्रमाण पेश गरेको पाइएन ।पालिकाले तालिम कार्यक्रममा समेत प्रशिक्षकको कार्यपत्र पेश नभएको,कार्यक्रममा सहभागीको उपस्थिति कार्य तालिका समेत पेश नगरी रकम भुक्तानी भएकोले तालिम कार्यक्रममा सहभागीको उपस्थिति प्रशिक्षकको कार्यपत्रको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| प्रशिक्षक नाम | सेसन | भुक्तानी रकम कर बाहेक |
|---|---|---|
| नारायण शर्मा | १ | ४२५० |
| नविन चौहान | १ | ४२५० |
| दिलिप सरदार | १ | ४२५० |
| सन्देश चौलागाई | १ | ४२५० |
| जम्मा | | १७००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,००० |

९६ **बढी सोधभर्नाः**

३२३।२०८१।११।१३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। विभिन्न मितिमा कृषिशाखाको बैठक भत्ता वापत ३१००० रिता सिग्देललाई सोधभर्ना गरेकोमा २७ जनाको मात्र उपस्थिति रहेकोले २७००० भुक्तानी हुनुपर्नेमा ३१००० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रिता सिग्देलबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

९७ **विलको आधारमा भुक्तानीः**

१४६।२०८१।७।१३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। नानु कार्की तिवारीले २०८१ भाद्र १९ मा १ दिने कार्यक्रम सम्पन्न गरियो भनि रु १९००० को खाजा खर्च वापतको सोधभर्ना भुक्तानी लिएकोमा उक्त दिन के कार्यक्रम सम्पन्न भएको हो सो खुल्ने प्रमाण कागजात पेश नभएकोले स्वीकृत कार्यक्रम र कार्यक्रममा उपस्थितको विवरण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,००० |

९८ **करकट्टीः**

७८०।२०८२।३।२० आयकर ऐन २०५६ को दफा ८८ मा पटके आम्दानीमा १५ प्रतिशतको दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले खेलकुद कार्यक्रमको लागि गोदावरी मेयर कप फुटवल खेलमा सहभागी खेलाडीहरुको तयारी वापत भएको खर्च सम्बन्धमा सुवर्ण लामाले पेश गरेको विलभरपाई परीक्षण गर्दा खेलाडीहरुलाई नगदै खाजा खर्च भुक्तानी गरेको पाइएकोले आयकर ऐन २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशत कर देहायबमोजिमका व्यक्तिहरुले बुझाएको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | नाम थर | खाजा वापत भुक्तानी रकम | १५ प्रतिशत कर रकम |
|---|---|---|---|
| १ | अजय लामिछाने | ६४०० | ९६० |
| २ | बिबस गुरुङ | ६४०० | ९६० |
| ३ | संजय बिन्दुकार | ६४०० | ९६० |
| ४ | समिर गुरुङ | ६४०० | ९६० |
| ५ | अभिषेक बुढाथोकी | ६४०० | ९६० |
| ६ | रुपेश के.सी | ६४०० | ९६० |
| ७ | ओम ब. आले मगर | ६४०० | ९६० |
| ८ | सुजन महर्जन | ६४०० | ९६० |
| ९ | रबिन चौलागाई | ६४०० | ९६० |
| १० | सुशिल बिन्दुकार | ६४०० | ९६० |
| ११ | सुसन महर्जन | ६४०० | ९६० |
| १२ | दिपेश फुँयाल | ६४०० | ९६० |
| १३ | बिशाल लामा | ६४०० | ९६० |
| १४ | प्रज्वल लामा | ६४०० | ९६० |
| १५ | समन श्रेष्ठ | ६४०० | ९६० |
| १६ | समिर नगरकोटी | ६४०० | ९६० |
| १७ | मोबिन नकर्मी | ६४०० | ९६० |
| १८ | आशिष प्रजा | ६४०० | ९६० |
| १९ | समिर लामा | ६४०० | ९६० |
| २० | अनिल श्रेष्ठ | ६४०० | ९६० |
| २१ | बिक्रम खड्गी - अध्यक्ष | ८००० | १२०० |
| २२ | राजेश श्रेष्ठ - प्रशिक्षक | ८००० | १२०० |
| २३ | सगुन श्रेष्ठ - सहायक प्रशिक्षक | ८००० | १२०० |
| २४ | सुवर्ण लामा - फिजियोथेरापिस्ट | ८००० | १२०० |
| २५ | राजेश डंगोल - टिम मेनेजर | ८००० | १२०० |
| | जम्मा | १६८००० | २५२०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,२०० |

९९ **विल बेगर भुक्तानीः**

११३।२०८१।६।२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। नगरपालिकामा रहेका सावरी साधन पुजाको लागि बलराम राइले पेश्की माग गरेकोमा पालिकाले निजलाई रु ५०००० भुक्तानी गरेको पाइएकोले उक्त खर्चको बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

१०० **डोर हाजिरी बढी भुक्तानीः**

९४।२०८१।६।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।वडा नं ७ मा श्रावण र भाद्रमा २ जना सफाइकर्मी वापत मासिक २०००० को दरले २ जनाको रु ८०००० भुक्तानी हुनुपर्नेमा वडा सचिव पद्मा गजुरेलको नाममा रु १२०००० भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम कर बाहेक निजबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,६०० |

१०१ **संचार खर्चः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०२ **गाडी भाडाः**

५७९।२०८१।२।८ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। अध्ययन अवलोकन भ्रमणको लागि जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रमबाट मिति २०८१।१२।२२ देखि २५ सम्म पोखरा बेनी बाग्लुङ कालिका मन्दिर र जोमसोम मुक्तिनाथ सम्म अध्ययन अवलोकन भ्रमण गएकोमा सवारी साधन भाडा वापत १५००० को दरले ४ दिनको गाडि भाडा रु ६०००० सच्याइ २०००० को दरले ४ दिनको रु ८०००० गराई भरपाईमा सच्याएको देखिन्छ भने सवारी चालकलाई फोन मार्फत सोध्दा निजले कर बाहेक ५०००० भुक्तानी लिएको बुझिन आएकोले कर सहित ५५५५५ पर्ने भएकोले बढीको भरपाई पेश गरी भुक्तानी लिएको रु २४४४४ मध्ये रु ३००० बहाल कर कट्टी भैसकेकोले बहालकर बाहेक बढी भुक्तानी रु २१४४४ पेश्की फर्स्यौट गर्ने पद्मा गजुरेलबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,४४४ |

१०३ **सूचना प्रकाशन भन्दा बढी सिसिको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले सूचना प्रकाशन गरे वापत देहायको फर्मलाई रकम भुक्तानी गरेकोमा निम्नानुसारका फर्मले पत्रिकामा प्रकाशन गरेको सूचनाको साइज भन्दा बढी साइज पेश गरी भुक्तानी लिएको पाइएकोले बढी सिसी पेश गरी भुक्तानी लिएको रकम असुल गर्नुपर्ने रु.

| भौचर नं मिति | फर्मको नाम | पत्रिकाको नाम | सूचना प्रकाशन भएको सिसि | बिलमा पेश भएको सिसि | दर | बढी भुक्तानी २५ प्रतिशत छुट पश्चात मुअकर समेत |
|---|---|---|---|---|---|---|
| ५४८। २०८२।२।६ | जागोस प्रिन्ट प्रालि | नयाँ पत्रिका २०८१।१२।११ | ६० | १२० | १४०० | ७११९० |
| ५३१। २०८२।२।१ | जागोस सप्लायर्स एण्ड सर्भिसेज प्रालि | हिमालयन टाइम्स | १५३।७५ | १९६ | १४०० | ५०१२९ |
| | | २०८१।९।५ | | | | |
| ९४०। २०८२।३। २५ | जागोस सप्लायर्स एण्ड सर्भिसेज प्रालि | नयाँ पत्रिका २०८१।१०।१४ | ७४ | १४० | १४०० | ७८३०९ |
| | | २०८१।१०।२३ | ९२ | १३२ | | ४७४६० |
| | | २०८१।१०।२९ | ६० | १०८ | | ५६९५२ |
| | | २०८१।९।३ | ६२ | १२० | | ६८८१७ |
| ९४०। २०८२।३। २५ | जागोस प्रिन्ट प्रालि | नयाँ पत्रिका | ५२ | १०८ | १४०० | ६६४४४ |
| | | २०८१।११।२ | | | | |
| | | २०८१।११।९ | ६० | १२० | १४०० | ७११९० |
| | | २०८१।११।५ | ५६ | १०८ | १४०० | ६१६९८ |
| | | २०८१।११।११ | ६० | १०० | १४०० | ४७४६० |
| ९७८। २०८२।३। २५ | क्रियोटिक लिङ्क | सौर्य दैनिक | ८० | १३६ | १४०० | ६६४४४ |
| ९७८। २०८२।३। २५ | मल्टिसेवा कम्पनी प्रालि | नयाँ पत्रिका | १०० | १४४ | १४०० | ५२२०६ |
| | | २०८१।११।२ | | | | |
| | | २०८१।११।१२ | ९० | १३२ | १४०० | ४९८३३ |
| | | २०८१।११।१३ | १०५ | २१० | १४०० | १२४५८२.५ |
| ६०४। २०८२।२। १४ | जागोस सप्लायर्स एण्ड सर्भिसेज प्रालि | नया पत्रिका | ४५।५ | ७२ | १४०० | ३१४४२.२५ |
| | | २०८१।१२।१५ | | | | |
| | | २०८१।१२।२२ | ४०।२५ | ६० | १४०० | २३४३३ |
| ७३०। २०८२।३। १२ | मल्टी सेवा कम्पनी प्राली | नयाँ पत्रिका | ६०।७५ | १२० | १४०० | ७०३०० |
| | | २०८१।१२।४ | | | | |
| | | २०८१।११।२२३ | ५६।३५ | १२० | १४०० | ७५५२१ |
| | | २०८१।१२।११ | ४० | ८० | १४०० | ४७४६० |
| ७६०। २०८२।३। १८ | आरोही मिडिया हाउस | सौर्य दैनिक | ८० | १०० | १४०० | २३७३० |
| | | २०८२।२।३० | | | | |
| जम्मा | | | | | | ११८४६०१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,८४,६०१ |

१०४ **दोहोरो भुक्तानीः**

८७८।२०८२।३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले वडा नं ९ को वडा समितिको श्रावण देखि चैत्र सम्मको बैठक भत्ता भौचर नं ५०७।२०८२।१।२२ मा भुक्तानी भइ सकेकोमा पुन भैचर नं ८७८।२०८२।३।२३ बाट श्रावण देखि पुष सम्म भुक्तानी भएको पाइएकोले श्रावण देखि पुषसम्मको देहायका पदाधिकारीको दोहोरो बैठक भत्ता भुक्तानी भएको पाइएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| नाम | कर बाहेक भुक्तानी रकम |
|---|---|
| वडा अध्यक्ष श्री श्यामकृष्ण महर्जन | १०२०० |
| उज्वल अधिकारी | १०२०० |
| निर्मला मिजार | १०२०० |
| सदस्य लक्ष्मी अधिकारी | १०२०० |
| सदस्य श्याम कृष्ण महर्जन | १०२०० |
| जम्मा | ५१००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,००० |

१०५ **अध्ययन अवलोकन भ्रमणः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५२,४९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०६ **बढी बिल पेशः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०७ **वास्तविक खर्च भन्दा बढी भुक्तानीः**

६३३।२०८२।२।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। जितपुरफेदी प्रगतीशिल महिला उपभोक्ता समितिले ३ महिना बुटिक तालिमको लागि पालिकासँग उक्त उपभोक्ता समितिले पेश गरेको प्रस्तावना अनुरुप तालिम संचालनको लागि सम्झौता गरेको

देखिएकोमा उक्त उपभोक्ता समितिले बुटिक तालिमको प्रशिक्षणको लागि सरस्वती टेलरिङ एण्ड ट्रेनिङ सेन्टरसंग रु ११०००० मा सम्झौता गरी रकम भुक्तानी गरेकोमा पालिकाबाट प्रशिक्षण वापत रु १२४००० भुक्तानी लिएको पाइएकोले बास्तविक खर्च भन्दा बढी भुक्तानी भएको रकम जितपुरफेदी प्रगतिशिल महिला उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,००० |

१०८ **मर्मत आदेश वेगर भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६(३) मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान तयार गराउनु पर्ने,यस नियमावलीको प्रकृया अपनाई मर्मत संम्भार गराउनु पर्ने सामाग्री मर्मत गराउदा कुनै मालसामान पार्टपूर्जा वा उपकरण प्रतिस्थापन गर्नु पर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नु पर्ने। यसरी खरिद गरेको सामानको जिन्सी दाखिला गराई रु ५०००।००भन्दा बढी मूल्यका सामानको अभिलेख राखी प्रतिस्थापन गरिएको कुरा सम्वन्धित प्राविधिक बाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्ने उल्लेख छ ।नमुनाको रुपमा परीक्षण गर्दा देहायबमोजिमको भौचरबाट सवारी साधन मर्मत वापतको रकम भुक्तानी भएकोमा बिलको आधारमा मात्र भुक्तानी भएको पाइएकोले मर्मत आदेश तथा कार्यसम्पन्न फाराम पेश गर्नुपर्ने रु.

| भौचर नं | फर्म / व्यक्तिको नाम | रकम |
|---|---|---|
| १३४।२०८१।७।१२ | फुयाल अटो केयर सेन्टर प्राली | ६६०७६।७५ |
| १४५।२०८१।७।१३ | सानु थापा मगर | १२९९३ |
| १६५।२०८२।७।२७ | Jcv मर्मत | ४३६९० |
| ५८१।२०८२।२।८ | बाइक मर्मत मनोज श्रेष्ठ | १३८५० |
| | जम्मा | १३६६०९।७५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३६,६०९ |

१०९ **एकै समयको दुई बैठक भत्ता भुक्तानीः**

२१६।२०८१।८।१८ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। कृषि विकास समितिको विभिन्न मितिमा बसेको बैठक वापत १० वटा बैठक वापतको बैठक भत्ता माग गरेकोका मिति २०८१।७।३० बेलुका ४ बजेको २ वटा माइनुट राखि देहायबमोजिमले भुक्तानी लिएको पाइएकोले देहायबमोजिमबाट असुल गर्नुपर्ने रु.

| नाम पद | भुक्तानी रकम | कैफियत |
|---|---|---|
| नगर उपप्रमुख सृजना बुर्लाकोटी | ८५० | |
| प्रप्रअ दिनेश राज पन्त | ८५० | |
| रिता सिग्देल | ३४०० | प्रतिक्षा न्यौपानेलाई २५५० नबुझाएको र बैठक भत्ता ८५० गरी ३४०० |
| सुधा अधिकारी | ८५० | |
| जम्मा | ५९५० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९५० |

११० **वितरण भरपाईः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत

पुगे वा नपुगेको जाँच गर्नुपर्दछ।पालिकाले देहायबमोजिमको खर्च गरेकोमा लेखापरीक्षणको क्रममा वितरण भरपाई तथा प्रमाण कागजात पेश नभएको पाइएकोले वितरण भरपाई तथा प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| भौचर नं | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ३६८।२०८१।१२।११ | म्युजिक क्राफ्ट सेलर प्राली बाट वडा नं २ को लागि १७ थान वाद्य सामाग्री खरिद | ४८९८५ | ओम कारेश्वर भजन समुह |
| ३८९।२०८१।१२।१७ | म्युजिक क्राफ्ट सेलर प्राली विल नं ०४८, ०४७ , ०४६।२०८१।१२।११ , बमोजिमको सामाग्री | ४०६११२ | |
| ६८२।२०८२।३।५ | इन्स्ट्रुमेन्टल जोन ब्याग पाइपर १ थान | ९९४४१ | देविस्थान टोल बिकास संस्था |
| ७९५।२०८२।३।२० | इन्स्ट्रुमेन्टल जोनबाट वडा नं १ को लागी मादल २ थान, तबलासेट २ थान , झ्याली २ थान , छिनछिन मजिरा २ थान , हार्मोनियम २ थान | १२८५९४ | नाटेश्वर भजन समूहलाई वितरण गर्न |
| ७९६।२०८२।३।२० | इन्टुमेन्टल जोन | १५७०७० | भौचरमा कागजात संलग्न नरहेको |
| ८६२।२०८२।३।१२ | इन्टुमेन्टल जोन विल नं ५० ।२०८२।१।२८ बमोजिमको समाग्री | १९७१८५ | वितरण भरपाई पेश गर्नुपर्ने |
| जम्मा | | १०३७३८७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,३७,३८७ |

१११ **आधारभूत तह परीक्षा अनुगमन भत्ताः**

८४४।२०८२।३।२१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। आधारभूत शिक्षा उत्तिर्ण परीक्षा संचालन अन्तर्गत मिति २०८१।१२।१० देखि १२।१७ सम्म संचालन भएको आधारभूत तह कक्षा ५ को अन्तिम परीक्षा २०८१ को परीक्षा अनुगमन तथा मिति २०८१।१२।३ देखि ९ सम्म संचालन भएको कक्षा ८ को परीक्षा २०८१ को अनुगमन वापत देहायबमोजिमको व्यक्तिहरुले अनुगमन भत्ता भुक्तानी लिएकोमा विद्यालय अनुगमन रजिष्टरमा देहायबमोजिमको कर्मचारीहरुले अनुगमन गरेको नपाइएकोले देहायबमोजिमबाट असुल गर्नुपर्ने रु.

| नाम थर | पद | अनुगमन गरेको दिन | अनुगमन वापत पाउने रकम | खुद भुक्तानी | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| श्री कृष्ण हरि महर्जन | नगर प्रमुख | ० | ० | ५९५० | ५९५० |
| श्री सृजना बुर्लाकोटी अर्याल | नगर उपप्रमुख | ० | ० | ५९५० | ५९५० |
| श्री ईश्वर प्रसाद आचार्य | प्र.प्र.अ | ० | ० | ११०५० | ११०५० |
| श्री पदम ब. खत्री | शाखा प्रमुख | १२।४( १ ) | ८५० | ११९०० | ११०५० |
| श्री सबिना अर्याल | लेखा अधिकृत | ० | ० | ११०५० | ११०५० |
| श्री राजेन्द्र प्र. तिमिल्सिना | न.शि.अ | १२।३, ४ , ६ ( ३ दिन ) | २५५० | ११०५० | ८५०० |
| श्री कृष्ण प्रसाद ओझा | प्रअ | ० | ० | ३४०० | ३४०० |
| रविना महर्जन | निशिससदस्य | ० | ० | २५५० | २५५० |
| श्री कृष्ण हरि अर्याल | निशिससदस्य | ० | ० | २५५० | २५५० |
| नारायण शर्मा | परीक्षा समिति सदस्य | १२।५( १ दिन ) | ८५० | ५९५० | ५१०० |
| श्री अशोक श्रेष्ठ | सूचना प्रविधि अधिकृत | ० | ० | ८५० | ८५० |
| श्री सिर्जना घिमिरे | अधिकृत | ० | ० | १७०० | १७०० |
| श्री टीकाराम श्रेष्ठ | नप्र प्रमुख | ० | ० | २५५० | २५५० |
| श्री आरति पौडेल | प्रास | ० | ० | ५९५० | ५९५० |
| श्री राजेन्द्र फुयाल | परीक्षा समिति सदस्य | १२।३, ४ , ६ ( ३ दिन ) | २५५० | ११०५० | ८५०० |
| श्री नारायण गिरी | परीक्षा समिति सदस्य | १२।४, ५ | १७०० | ११०५० | ९३५० |
| श्री सुरेश अधिकारी | परीक्षा समिति सदस्य | १२।३, ४ , ६ ( ३ दिन ) | २५५० | ११०५० | ८५०० |
| श्री सन्दिप सापकोटा | परीक्षा समिति सदस्य | ० | ० | ११०५० | ११०५० |
| श्री प्रमोद चन्द्र डाँगी | लेखापाल | ० | ० | ५९५० | ५९५० |
| श्री उमेश धिताल | क.अ | १२।४ | ८५० | ११०५० | १०२०० |
| प्रविण खत्री | पाँचौ | ० | ० | ७६५० | ७६५० |
| मनोज श्रेष्ठ | पाँचौ | ० | ० | १७०० | १७०० |
| शिवराम न्यौपाने | न.प्र | ० | ० | १७०० | १७०० |
| विनोद सिटौला | न प्र | ० | ० | १७०० | १७०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| बलराम राई | हसचा | ० | ० | १७०० | १७०० |
| सानु थापा मगर | हसचा | ० | रकम बुझाएको नपाइएकोले आरति पौडेलबाट असुल | १७०० | १७०० |
| श्री प्रितम राई | ह.स.चा | ० | ० | ८५० | ८५० |
| श्री सावित्री खनाल | न.प्र | ० | ० | ८५० | ८५० |
| श्री रुकेश महर्जन | ह.स.चा | ० | ० | १७०० | १७०० |
| श्री कैलाश अर्याल | ह.स.चा | ० | ० | १७०० | १७०० |
| | | | | जम्मा | १५३००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३,००० |

११२ **बैठक भत्ता सम्बन्धमाः**

९४२।२०८२।३।२५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। विभिन्न दिवशीय कार्यक्रम खर्च शिर्षकबाट बैठक भत्ता वापत रु ७०६०० प्रतिमा मिश्रको नाममा भुक्तानी भएकोमा रु १५६०० को खाजा खर्च लेखेकोमा बाँकी रु ५५००० को बैठक भत्ता सोधभर्ना लिएकोमा सम्बन्धितलाई बुझाएको नदेखिएकोले माइनुट सहित सम्बन्धितलाई बुझाएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,००० |

११३ **आन्तरिक लेखापरीक्षणबाट कायम बेहोरा असुली फर्स्योट नभएको:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अवागै फर्स्योट गर्नुपर्ने र अन्तिम लेखापरीक्षण हुनुअगाडि फस्यौट नभएमा अन्तिम लेखापरीक्षणमा कायम हुने व्यवस्था रहेको छ ।पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको देहायबमोजिमको बेरुजु असुल फस्यौट गर्नुपर्दछ ।

११३.१ **अग्रिम कर कट्टी नगरेको** :२३४(२०८१।११।११) आयकर ऐन २०५८ को दफा ८८(४)मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्ति वा मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको एक दशमलव पाँच प्रतिशतका दरले कट्टा गरि रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले चारघरे फोनेक्स फुटसलदेखि डाँडागाउँ जाने बाटो स्तरोन्नती कार्य अन्तर्गत महालक्ष्मी एण्ड मनकामना माई निर्माण सेवालाई अन्तिम बिल भुक्तानी दिँदा अग्रिम कर रु.२६१२८।- कट्टी नगरी कर बापतको रकम भुक्तानी भएको हुँदा सम्बन्धित निर्माण सेवाबाट कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,१२८ |

११३.२ **प्रमाण कागजात पेश नभएको :**१७७( २०८१।१०।११) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । सडक बत्ती जडान तथा मर्मत शिर्षकबाट वसन्ती इनर्जी पावर प्रा.लि. लाई रु.४,६४,७६२।- भुक्तानी भएको देखिन्छ । सो संग सम्बन्धित बिल भरपाई तथा अन्य प्रमाण कागजात भौचरसँग संलग्न नरहेकोले सो खर्चसँग सम्बन्धित प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६४,७६२ |

११३.३ बिल बेगर पिएस आइटम भुक्तानी :आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले बिल बेगर देहायको कार्यमा पि एस वापतको रकम भुक्तानी गरेको पाइएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौचर नं | कामको विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | पिएस वापतको रकम | बिल बेगरको पिएस वापत भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ४(०८२।०१।०३) र ८(०८२।०२/०८) | काठमाडौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं.२ वृहत शान्तिधाम परिसरमा पूर्वाधार निर्माण | दक्षिणकाली अल ओभर बिल्डर्स एण्ड सप्लार्यस प्रा.लि. | २६, ६१ , ५८२ | ९४५०० | ५२३१५ |
| २१(०८२।०३।१८) | काठमाण्डौं जिल्ला ता.न.पा.-१ साङ्ले खोला थापागाउँ हुँदै पिपलबोट सम्म सडक स्तरोन्नती | लोलाङ निर्माण सेवा | १९, ४३ , १५४ | ५५००० | ५५००० |
| १३३(२०८१।०७।०६) | शहरी स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं.४(TR 39 80-81) | एस.पि.इन्जिनियरिङ कन्सल्ट सर्भिस | Unseen work | १५००० | १५००० |
| २८०(०८१।१२।०६) | मानसिङ धर्म मा.वि. मा तला थप | ब्लु स्काई कन्स्ट्रक्सन प्रा.लि. | Unseen work | ४०००० | ४०००० |
| २००(२०८१।११।०५) | बुढाथोकी टोल सडक स्तरोन्नती | बुढाथोकी टोल सडक उपभोक्ता समिति | ल्याब टेष्ट रिपोर्ट | १२००० | १२००० |
| २०७(२०८१।११।०५) | ठुलोकोट सडक निर्माण | ठुलोकोट सडक निर्माण उपभोक्ता समिति | ल्याब टेष्ट रिपोर्ट र बिल | १०००० | १०००० |
| जम्मा | | | | | १८४३१५ |

| असुल गर्नुपर्ने | १,८४,३१५ |
|---|---|

११३.४ **बढी भुक्तानी** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।देहायको भुक्तानीमा बिल भन्दा बढी भुक्तानी भएको पाइएकोले देहायबमोजिमबाट असुल गर्नुपर्ने रु.

| | | | | | |
|---|---|---|---|---|---|
| ७०६(०८२।०३।०८) | नदीनाला सरसफाई शिर्षकबाट सरसफाई कार्यक्रम सञ्चालन | काठमाण्डौ वेस्ट म्यानेजमेन्ट एण्ड रिसाइक्लिङ्ग सेन्टर | ४४१७० | ४८८४२ | ४१७० |
| १४२(२०८१।०७।१३) | नगर ग्रावेल तथा मर्मत सम्भार शिर्षक बाट वडा नं.३ अन्तर्गत निर्माणाधीन सामुदायिक भवनमा पाइप मर्मतको कार्य | कैलावति सप्लार्यस | ८०००० | ८७०४० | ७०४० |
| २८४(०८१।१२।०६) | लाखेडोल भित्रि सडक स्तरोन्नती | घलेडाँडा हाईट उ.स.प्राविधिक कार्यसम्पन्न प्रतिवेदन बमोजिम catchpit cover ८० परिमाणमा २० परिमाण मात्र कार्य भएकोमा पुरै भुक्तानी भएको साथै GI pipe fitting मा पनि घटी कार्य भएको तर पुरै भुक्तानी भएको हुँदा बढी भुक्तानी | ९०६१६० | ९, ४३ , ९८२ | ३७८२२ |
| ३७८(०८२।०१।०२) | लक्ष्मिटार सडक स्तरोन्नती | लक्ष्मीटार उपभोक्ता समिति | ८८६७७३ | ९०५७०० | १८,९२७ |
| २३९(२०८१।११।१२) | ता.न.पा.८ मा पहिरो नियन्त्रण | पाखा टोल उ.स. | मर्मत संभार कोष कट्टि वापतको रकम कट्टा नभएको | | ६००० |
| जम्मा | | | | | ७३९५९ |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **६०,९३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,९५९ |

११४ **अनुगमन भत्ताः**

६९८।२०८१।३।६ पालिकाले मिति २०८१।१।१९ देखि २९ सम्म संचालन गरेको आखाँ शिविर कार्यक्रममा १० जना जनप्रतिनिधि तथा कर्मचारीले ११ दिने कार्यक्रममा ४ जनाले १० दिन सम्म २ जनाले ५ दिन र ४ जनाले ३ दिन सम्म अनुगमन गरेको भनि अनुगमन भत्ता बुझेको देखिन्छ ।यसरी अनुगमन आवश्यक हो कि होइन अनुगमन गर्न अख्तियार प्राप्त अनुगमन पश्चात अनुगमन प्रतिवेदन समेत बुझाएको देखिदैन । यसरी आवश्यकता यकिन नगरी अनुगमन भत्ता भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सिनं | नाम पद | अनुगमन दिन | अनुगमन भत्ता |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री कृष्ण हरि महर्जन | १० | १०००० |
| २ | नगर उपप्रमुख श्री सृजना बुर्लाकोटी | १० | १०००० |
| ३ | प्रप्रअ श्री इश्वर प्रसाद आचार्य | १० | १०००० |
| ४ | लेअ श्री सविना अर्याल | १० | १०००० |
| ५ | आलेप अ श्री निर्मला शर्मा | ५ | ५००० |
| ६ | लेखापाल श्री प्रमोद डाँगी | ५ | ५००० |
| ७ | सलेपा श्री प्रकाश अधिकारी | ३ | ३००० |
| ८ | सुचना प्रविधि अधिकृत श्री अशोककुमार श्रेष्ठ | ३ | ३००० |
| ९ | अधिकृत सातौ शम्भु प्रकाश शर्मा | ३ | ३००० |
| १० | अ छैठौं भुपेन्द्र बडाल | ३ | ३००० |
| जम्मा | | ६२ | ६२००० |

११५ **इन्धन खर्च:**

पालिकाको इन्धन खर्च सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार रहेका छन्:

११५.१ स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम नगर तथा नगरउपप्रमुखले मासिक १०० लिटर ईन्धन र ५ लिटर मोबिल त्रैमासिक, वडा अध्यक्षलाई मासिक २० लिटर ईन्धन र १ लिटर मोबिल त्रैमासिक पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ । पालिकाले यस वर्ष इन्धन पदाधिकारीमा रु.४५००००० र इन्धन कार्यालय प्रयोजनमा रु.६५००००० गरी रु.११०००००० बजेट विनियोजन गरेकोमा पदाधिकारी कार्यालय प्रयोजन/अन्य प्रयोजन समेत ६ वटा चार पाङ्ग्रे र ५४ वटा दुई पाङ्ग्रे सवारी साधन सहित ६० सवारीको रहेकोमा वार्षिक इन्धन पदाधिकारीमा रु.४३५५५३७ र इन्धन कार्यालय प्रयोजनमा रु.४५९५६७० गरी रु.८९५१२०७ खर्च गरेको छ। पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्दै सवारी लगबुक माईलेज,अभिलेख तथा मर्मतबाट बृद्धि भएको माईलेज समेतको आधारमा मितिव्ययीता कायम गरिनुपर्दछ।

११५.२ **पदाधिकारीको लागि भएको इन्धन खर्च** :स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ लाई संशोधन गर्न वनेको ऐन २०७६ को दफा ३ को अनुसुचि १ क (ख) अनुसार नगर प्रमुख र उपप्रमुखले मासिक १००।१०० लिटर वडा अध्यक्षलाई मासिक २० लिटर इन्धन पाउने व्यवस्था रहेको छ भने कार्यपालिका सदस्य र वडा सदस्यले इन्धन पाउने उल्लेख छैन। पालिकाले नगर प्रमुखले पाउने ईन्धन सुविधा वार्षिक १२०० लिटर रहेकोमा जम्मा ५०६० लिटर खर्च भएको पाईयो । यसरी नगर प्रमुखले नियमानुसार पाउने सुविधा भन्दा बढी ३८६० लिटर , नगर उपप्रमुखले पाउने सुविधा भन्दा २२५० लिटर, ११ वडा अध्यक्षले सुविधा सुविधा भन्दा १२० लिटर र वडा सदस्यले मासिक सुविधामा नै इन्धन वापतको रकम भुक्तानी लिएकोमा इन्धन वापत २८८ लिटर खर्च गरेको पाइएकोले सुविधा भन्दा ७७१८ लिटर बढी खर्च भएको देखिन्छ । सुविधा सम्वन्धि ऐनले तोकेको सिमाभन्दा बढी सुविधा उपलव्ध गराउन मिल्ने आधार देखिदैन । यस सम्बन्धमा पालिकाले आन्तरिक स्रोतबाट भएको थप खर्च सभाबाट एकमुष्ट समर्थन गरेको तथा योजना कार्यक्रमको अनुगमन लगायतमा पदाधिकारीले सुविधा भन्दा बढी ईन्धन खपत गरेको जनाएको छ । ऐनले दिएका सुविधा विपरित भुक्तानी हुने यस्ता थप सुविधा नियन्त्रण हुनुपर्दछ ।

| पद | वार्षिक इन्धन खर्च लिटर | सुविधा अनुसार पाउने | सुविधा भन्दा बढी |
|---|---|---|---|
| नगर प्रमुख | ५०६० | १२०० | ३८६० |
| नगर उप प्रमुख | ३४५० | १२०० | २२५० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा अध्यक्ष | ३६० | २४० | १२० |
| वडा सदस्य | १४४ | - | १४४ |
| वडा सदस्य | १४४ | - | १४४ |
| जम्मा | १२७५८ | ५०५० | ७७१८ |

११५.३ **कर्मचारीहरुको इन्धन खर्च:**अर्थ मन्त्रालयबाट जारी कार्यसंचालन निर्देशिका २०८१ को दफा ४९(६)मा प्रति मोटरसाइकल / स्कुटरलाई कार्यालयको कामको प्रयोजनार्थ मासिक १२ लिटर पेट्रोल दिन सकिने उल्लेख छ । पालिकाले ८१ जना कर्मचारीलाई इन्धन वापत १६८२४ लिटर पेट्रोल खर्चको विवरण पेश गरेकोमा पालिकाले उक्त निर्देशिका विपरित देहाय बमोजिमको कर्मचारीलाई ११८८ लिटर खर्च गरेको देखिएकोमा २०८२ असार मसान्तको पेट्रोलको दर रु १६० लाई आधार मान्दा रु १९००८० बढी खर्च गरेको देखिन्छ ।यस सम्बन्धमा पालिकाले आन्तरिक स्रोतबाट भएको थप खर्च सभाबाट एकमुष्ट समर्थन गरेको तथा योजना कार्यक्रमको अनुगमन लगायतमा पदाधिकारी र क कर्मचारीले सुविधा भन्दा बढी ईन्धन खपत गरेको जनाएको छ । यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| पद | नाम | बार्षिक लिएको पेट्रोल लिटर | नियमानुसार पाउने | बढी |
|---|---|---|---|---|
| सातौ | उज्जवल न्यौपाने | २४० | १४४ | ९६ |
| छौटौ | सविता बराल | २४० | १४४ | ९६ |
| पाचौ | प्रदिप भणडारी | २४० | १४४ | ९६ |
| पाचौ | विकास महर्जन | २४० | १४४ | ९६ |
| पाचौ | बासुदेव अधिकारी | २४० | १४४ | ९६ |
| पाचौ | राज कुमार फुयाल | २४० | १४४ | ९६ |
| पाचौ | नृपेन्द्र कुमार श्रेष्ठ | २४० | १४४ | ९६ |
| पाचौ | पंख बहादुर शाही | २४० | १४४ | ९६ |
| पाचौ | उज्जवल सिंखडा | २४० | १४४ | ९६ |
| चौथो | मुना खड्का | २४० | १४४ | ९६ |
| चौथो | सुरेश धिताल | २४० | १४४ | ९६ |
| चौथो | भुवन सिंह | २४० | १४४ | ९६ |
| चौथो | सन्तोष तामाङ्ग | १८० | १४४ | ३६ |
| | जम्मा | ३०६० | १८७२ | ११८८ |

११५.४ **अन्य निकायको इन्धन खर्च:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था छ । सोही ऐनको दफा १८ (४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाको पालना वेगर कार्यालयले छुट्टै बजेट र अस्तित्व भएको देहायका कार्यालयलाई ३६०० लिटर खर्च लेखेको पाइयो । २०८२ असार मसान्तको दर रु. 146 लाई आधार मान्दा रु. ५२५६०० निम्नानुसारको कार्यालयलाई भुक्तानी गर्ने कार्य अनियमित देखिएको रु.

| कार्यालयको नाम | पेट्रोल लिटर | औषत दर असारको दररेटलाई आधार लिइएको रु | रकम |
|---|---|---|---|
| प्रहरी विट गुम्वा | ३६० | १४६ | ५२५६० |
| मुढ्खु प्रहरी चौकी | ३६० | १४६ | ५२५६० |
| जितपूर प्रहरी चौकी | ३६० | १४६ | ५२५६० |
| धर्मस्थली प्रहरी चौकी | ३६० | १४६ | ५२५६० |
| मनमैजु प्रहरी चौकी | ३६० | १४६ | ५२५६० |
| प्रहरी शाखा फुटुङ | ३६० | १४६ | ५२५६० |
| साङला प्रहरी | ३६० | १४६ | ५२५६० |
| महानगरीय ट्रा.प्रहरी नेपालटार | ३६० | १४६ | ५२५६० |
| धर्मस्थली ट्राफिक प्रहरी चौकी | ३६० | १४६ | ५२५६० |
| लोलाङ अस्थायी प्रहरी विट | ३६० | १४६ | ५२५६० |
| जम्मा | ३६०० | | ५२५६०० |

| | |
|---|---|
| अनियमित भएको | ५,२५,६०० |

११६ **सभाहलमा भएको कार्यक्रममा कर्मचारीलाई यातायात भत्ताः**

११६.१ १९१।२०८१।८।६ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ।पालिकाले मिति २०८१।३।२७ गते पालिकाको सभाहलमा १ दिने व्यक्तिगत घटनादर्ता र सामाजिक सुरक्षा सम्बन्धि तालिम कार्यक्रममा देहायबमोजिमका कार्यालयका कर्मचारीहरुलाई यातायात भत्ता भुक्तानी गरेको पाइएकोले यातायात वापतको रकम देहायबमोजिमबाट असुल गर्नुपर्ने रु.

| सि.नं | नामथर | पद | रकम |
|---|---|---|---|
| २ | संगीता न्यौपाने | फिल्ड सहायक | ५०० |
| ४ | गिता चौधरी | का.स. | ५०० |
| जम्मा | | | १००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००० |

११६.२ १८२।२०८१।८।५ पालिकाको सभाहलमा मिति २०८१।७।२७ मा संचालन भएको वार्षिक समिक्षा कार्यक्रममा कार्यालयका देहायबमोजिमका पदाधिकारीले यातायात वापतको रकम भुक्तानी लिएको पाइएकोले यातायात वापतको रकम देहायबमोजिमबाट असुल गर्नुपर्ने रु.

| नाम, थर | पद | रकम (रु.) |
|---|---|---|
| दिनेश राज थापा | प्रप्रअ | ५०० |
| श्री पदम बहादुर खत्री | अधिकृत आठौं | ५०० |
| सुधा अधिकारी | अधिकृत आठौं | ५०० |
| आरती पौडेल | स पाँचौ | ५०० |
|  | जम्मा | २००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रु **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००० |

## ११७ **क्रिष्टल माला बनाउने तालिमः**

११७.१ ७८७।२०८२।३।२० आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। पालिकाले क्रिष्टल माला बनाउने तालिम गर्नको लागि रु ३ लाख बजेट विनियोजन गरेकोमा सहयोगी साथी महिला मञ्चले पालिकामा रु ३७५३०० को प्रस्ताब पेश गरेको जसमा पालिकाले ३ लाख वेहोर्ने र रु ७५३०० सम्बन्धित संस्थाले बेहोर्ने गरी सम्झौता गरी मिति २०८२।३।११ देखि ३।१७ सम्म संचालन भएकोमा पालिकाले रु.२९४००० भुक्तानी गरेको देखिन्छ । उक्त संस्थाले पेश गरेको कागजात परिक्षण गर्दा स्रोत व्यक्ति वापत मिठू बराइलाई रु. ३१५०० पारिश्रमिक भुक्तानी गरेकोमा तालिम अवधिको निजको हाजिर संलग्न नरहेको, सहायक प्रशिक्षक पारिश्रमिक वापत रु. १०५०० बिमला पण्डितलाई भुक्तानी भएकोमा निजको हाजिरी तथा प्रशिक्षकको योग्यता पेश नभएको,कार्यक्रम सहयोगी वापतको रकम भगवती बोहोरालाई रु. ५४०० भुक्तानी भएकोमा निजको हाजिरी संलग्न नरहेकोले हाजिर पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,४०० |

११७.२ यस तालिम कार्यक्रममा ३१ जना सहभागीको यातायात भत्ता वापत ५०० को दरले ७ दिनको १०८५०० बुझाएको भरपाई संलग्न राखेकोमा सहभागीलाई फोन मार्फत सम्पर्क गरी सोध्दा उक्त संस्थाले खाजा खुवाएको तर सहभागीलाई यातायात भत्ता वापतको रकम नबुझाएको बुझिन आएकोले यातायात वापत भुक्तानी लिएको रु.१०८५०० सम्बन्धमा पालिकाले यकिन गरी सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,५०० |

## ११८ **कागजात पेश गर्नुपर्नेः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहयको भौचरसँग कागजात संलग्न नरहेकोले कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौचर नं | भुक्तानी पाउने फर्म/ व्यक्ती | खर्च शिर्षको नाम | रकम |
|---|---|---|---|
| ७९८।२०८२।३।२० | अरनिको किचन कन्सर्न | मसलन्द तथा कार्यालय सामाग्री | २२६२२ |
| ७९९।२०८२।३।२० | लक्कि ए एस इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामाग्री | ६०८०५ |
| ७९६।२०८२।३।२० | इन्स्टुमेन्टल जोन | धर्म संस्कृति मन्दिर थप | १५७०७० |
| | | जम्मा | २४०४९७ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४०,४९७ |

११९ **बैठक भत्ताः**

८८०।२०८२।३।२३ अर्थ मन्त्रालयबाट जारी कार्यसंचालन निर्देशिका २०८१ को दफा ४५ को २ मा बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनुपर्ने बुदा ९ मा कुनै छानबिन,अध्ययन,अनुसन्धान वा निश्चित कामका लागि गठन भएका समितिले आफ्नो उद्देश्य बमोजिमको कार्यका लागि बैठक बस्दा समितिका सदस्यले बैठक भत्ता नपाउने उल्लेख छ ।कानून बमोजिम गठन भएका समिति तथा बोर्डहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने उल्लेख गरेको छ ।पालिका अन्तर्गतका शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कनको पुनरावलोकन गर्न बसेको समितिले कार्यालय समय भित्र वा बाहिर समय किटान नगरी बैठक बसी बैठक भत्ता भुक्तानी लिएको पाइएकोले देहायबमोजिमबाट असुल गर्नुपर्ने रु.

| नाम पद | बैठक संख्या | भुक्तानी रकम करबाहेक |
|---|---|---|
| समन्वय इकाइ प्रमुख विचारी प्र अधिकारी | ९ | ११४७५ |
| शिक्षा शाखा प्रमुख विर बहादुर खड्का | ५ | ६३७५ |
| शिक्षा अधिकृत पदम बहादुर खत्री | ९ | ११४७५ |
| प्रास आरति पौडेल | ९ | ११४७५ |
| कअ उमेश घिताल | ७ | ८९२५ |
| | जम्मा | ४९७२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,७२५ |

१२० **नगर प्रहरी राशन भत्ताः**

८६४।२०८२।३।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। यस नगरपालिकाको मिति २०८१।१२।१० मा बसेको १६ औ नगरसभाको बैठकले यस नगरपालिकामा कार्यरत नगरप्रहरीहरु जुनसुकै वखत डिउटीमा खटाउनुपर्ने अवस्था रहेकोले नेपाल सरकारले नेपाल प्रहरी सेवामा उपलब्ध गराउँदै आइरहेको राशन भत्ता यस नगरपालिकामा कार्यरत २४ जना नगरप्रहरीलाई मिति २०८१ श्रावण १ देखि लागू हुने गरी उपलब्ध गराउने निर्णय २०८१।१२।१० मा गरेको देखिन्छ ।यसरी सेवा सुविधाको विषयमा निर्णय भएको मिति देखि लागु हुनुपर्नेमा पहिले देखि लागु हुने गरी निर्णय गरी खर्च भुक्तानी गर्न मिल्ने नदेखिएकोले निर्णय मिति भन्दा अगाडिको राशन भत्तावापत भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,९०,६४३ |

१२१ **कार्यादेश, लागत अनुमान र कार्यसम्पन्न वेगर पि.एस भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार सार्वजनिक निकायले ठेक्का सम्झौता अनुसार पि.एस आईटममा उल्लेख भएको निर्माण कार्यको भुक्तानी गर्दा स्वीकृत लागत अनुमान, कार्यादेश, कार्यसम्पन्न समाबेश गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्न बमोजिमका रिलोकेशन वापतको ठेक्का सम्झौतामा उल्लेख भएका कार्यहरुको बील बिजक, खरिद आदेश, कार्य सम्पन्न नराखी ठेकेदारकै बिलमा सिधै भुक्तानी दिएको देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.न | ठेक्का नं र फर्मको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १ | NCB/03/W/2081.82 सहस्र कन्स्ट्रक्सन प्रा.लि | ३००००० | रिलोकेशन गरेको |
| २ | NCB/50/W/2080.81 बिदिन ईन्जिनियरिङ्ग कन्सल्ट एण्ड कन्स्ट्रक्ट प्रा.लि | ४५०००० | आकस्मिक कार्य गरेको |
| जम्मा | | ७५०००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५०,००० |

१२२ **पेश्की बढी भुक्तानीः**

ठेक्का सम्झौताको जि.सी.सी ५७.३ अनुसार पालिकाले निर्माण व्यबसायीलाई सम्झौता भएको रकमको मूल्य अभिबृध्दि कर र पि.एस बाहेकको सम्झौताको २०% पेश्की भुक्तानी दिन सकिने व्यबस्था गरेकोमा NCB/43/2081.82 ठेक्कामा निर्माण व्यवसायी थापा रियलस्टेट एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि लाई सम्झौता रकम ७९३८६८२.४५(मू .अ कर र पि.एस समेत) को २०% ले हुने रु १५८५००० पेश्की भुक्तानी दिएकोमा सो सम्झौताको मू.अ कर र पि.एस बाहेक रु ६२७९३६५.१८ को २०% ले हुने रु १२५५८७२ मात्र भुक्तानी दिनुपर्ने देखिन्छ । २०८२।२।१६ मा सम्झौता भई २०८२।६।३० सम्म सम्पन्न गर्नुपर्ने ठेक्का २०८२।९।३० सम्म म्याद थप भई कार्य भैरहेकोमा ले.प अवधि सम्म पनि सम्पन्न भएको देखिएन ।निर्माण व्यवसायीलाई बढी भुक्तानी भएको पेश्की दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२९,९२८ |

१२३ **ठेक्काको गुणस्तरः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ अनुसार सार्वजनिक निकायले अन्तिम भुक्तानी गर्दा खरिद सम्झौता अनुसार गुणस्तर लगायतका प्रमाणहरु संलग्न गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। ठेक्का सम्झौताको जि.सी.सी. ४१ र ४२ अनुसार प्राविधिक कर्मचारीले चाहेमा थप गुणस्तर परिक्षण गराएर मात्र भुक्तानी सिफारिस गर्न सक्ने व्यबस्था छ । लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गरिएका निम्न ५ ठेक्काहरुमा गुणस्तर परिक्षण प्रयाप्त नदेखिएकोले सम्बन्धित कार्यमा गुणस्तर सुनिश्चित हुन सकिएन ।अतः निर्माण कार्यहरुको गुणस्तर सुनिश्चित गरी भुक्तानी गर्नुपर्दछ ।

| सि.न | ठेक्का नं र निर्माण व्यबसायीको नाम | आईटम | परीमाण | दर | रकम | हुनुपर्ने टेष्ट रीपोर्ट सेट | भएको रीपोर्ट सेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | NCB/06/W/2081.82 जय कालिका एड्रिया। बंशगोपाल जे.भी | M15 | ३८ | ८००० | ३०४००० | २ सेट | नभएको | |
| | | M20 | ५५.३५ | १०५०० | ५८११७५ | २ सेट | १ सेट | १ सेट नपुग |
| २ | NCB/22/W/2081.82 किशन एण्ड दृष्टि बिल्डर्स प्रा.लि | M15 | ६८.६६ | ९००० | ६१७९४० | २ सेट | नभएको | |
| ३ | NCB/29/W/2081.82 गंगा एण्ड सिंह।के.बी सन्स जे.भी | M20 | १६४.२६ | १६००० | २६२८१६० | ८ सेट | २ सेट | ६ सेट नपुग |
| ४ | NCB/61/W/2081.82 बीर रोल्पाली।थ्रि.डि.आई जे.भी | M15 | ४८.९९ | ८५०० | ४१६४१५ | १० सेट | १ सेट | ९ सेट नपुग |
| | | M20 | १५४.१८ | १३००० | २००४३४० | | | |
| ५ | NCB/60/W/2081.82 सेलेस्ना कन्स्ट्रक्सन प्रा.लि | M15 | १५५ | ६३८५ | ९८९६७५ | ५ सेट | नभएको | |
| जम्मा | | | | | ७५४१७०५ | | | |

१२४ **जिन्सी व्यवस्थापनः**

जिन्सी व्यवस्थापनको पाम्स प्रणालीमा आर्थिक वर्ष २०८०।८१ को खर्च भएर जाने जिन्सी अन्तर्गत अन्तिम मौज्दात २०८१।८२ को सोही विवरणमा पाम्स-भी२ (सुधारिएको प्रणाली) स्वतः सुरु मौज्दातमा नदेखिनेमा सो विवरण म्यानुअल पोष्टिङ्ग गरेर २०८१।८२ मा सार्नुपर्नेमा पालिकाले आ.व. २०८०।८१ मा अन्तिम मौज्दातमा खर्च भएर जाने जिन्सीको बाँकी मौज्दात १२१२ आईटमको रु.१६३८३१६६ जिन्सी २०८१।८२ को सुरु मौज्दातमा ईन्ट्रि गरेर मात्र जिन्सीको मौज्दात यकिन गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेमा सो बाँकी (मौज्दात) समेत म्यानुअल ईन्ट्रि गरी पुनः जिन्सी निरिक्षण र मौज्दात यकिन गरेको प्रमाण पेश हुनुपर्दछ ।

१२५ **संघीय सरकारको कार्यक्षेत्रः**

नेपालको संविधानको अनुसूची ५,६,७,८ र ९ तथा नेपाल सरकार कार्य विस्तृतिकरण प्रतिवेदन-२०७६ समेतकको आधारमा संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र र जिम्मेवारी परिभाषित गरेको देखिन्छ ।स्थानीय तहले स्थानीय स्तरको सडक निर्माण लगायतको अधिकार दायित्व हुने भए पनि सडक बिभाग(संघीय कार्यालय) अन्तर्गतको लोकमार्गको सडक स्तरोन्नती ठेक्का समेत पालिकाले सम्झौता गरी जरङ्खु-तीनपिप्ले खण्ड (वडा नं ३ र ५) अन्तर्गत आ.व. २०८०।८१ मा NCB/60/W/2080/81 मा सेलेस्ना कन्स्ट्रक्सन प्रा.लि.द्वारा २९४ मिटर लम्बाईमा असफाल्ट कङक्रिट तथा प्ल्म वाल र फुटपाथको कार्य गरेर १४८२४८१०।४१ सम्झौता मूल्यको रु. १,३४,१५,३७६ भुक्तानी भई कार्य सम्पन्न भएको छ । कार्य क्षेत्रमा दोहोरोपना हुने गरी सडक निर्माण गरेकोमा पालिकाले स्थानीयको माग र आवस्यकताको आधारमा सडक बिभाग संग समन्वयमा सो ठेक्का सम्पन्न गरेको जनाए पनि सडक बिभागले सडकको दाँया बाया सडक विभाग अंकित गरेको देखिएकोले पालिकाले यस्तो निर्माण कार्य गर्दा पालिकाको कार्य क्षेत्रमा ध्यान दिनुपर्दछ ।

१२६ **वडा नं ५ को तरकारी बजारः**

तारकेश्वर नगरपालिकाको वडा नं ५ मा २०७५।७६ को डि.पि.आर अनुसार ९२१४.८९ वर्ग मिटर क्षेत्रमा कुल लागत रु. ९०१९५४८६.४१ मध्ये २ वटा प्याकेजमा २०८१।८२ सम्म रु ६११९८९९५६.५० को कार्य सम्पन्न भैसकेको देखियो । खोला माथि स्ल्याब ढलान गरेर खुद्रा तरकारी बिक्री स्पट सहितको भवन २०८०।८१ मानै निर्माण सम्पन्न भैसकेको भए पनि पसल कबुल सहितको ३ तले भवनको निर्माण सम्पन्न भैसकेको देखिएन ।२०८०।८१ मानै निर्माण सम्पन्न भैसकेको रु ५१९९०९०९.३५ को बजार संचालनमा नल्याउदा प्रयोग बिहिन संरचनाले उद्देश्य अनुरुप नागरिकको सुबिधा र रोजगारी एवम् आय आर्जनलाई सिमित तुल्याएको पाईयो ।बजार क्षेत्रमा प्रदेशको लागि ठूलो प्रबेश बिन्दु नभएकोले तरकारी ढुवानी गर्ने मालबाहक सवारीहरु साघुरो(१०फिटे

सडक) बाटोबाट प्रबेश गर्न नसक्ने देखिएकोले दीर्घकालिन उपयोगको लागि कम्तिमा ८ मिटर चौडा सडक सञ्जालमा बजारलाई जोड्नुपर्ने देखिन्छ ।घना मानव बस्तीको बिचमा अबस्थित बजारलाई सडक बिस्तार सहित प्रयोगमा ल्याउन पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।बजारको पूर्व तर्फको भाग वाल भत्केर जोखिमयुक्त अबस्थामा रहेको तथा बर्षातमा खोलामा बाढीको जोखिम बढ्न सक्ने देखिन्छ ।डि.पी.आर सहित योजना कार्यान्वयन सम्मको निर्णयमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउदै निर्माण सम्पन्न भएको बजारलाई उपयोगमा ल्याउनु पर्दछ ।स्थलगत अवलोकनको क्रममा देखिएको अवस्था निम्नानुसार छ।





१२७ **राजश्व वक्यौताः**

पालिकाले आ.व. २०८१।८२ मा आर्थिक ऐन, २०८१ मा व्यवस्था भएको दर र लक्ष्य अनुसार व्यवसाय तथा सम्पत्ती कर असुल उपर गर्नुपर्ने देखिन्छ । यस पालिकाले आ.ब २०८१।८२ मा ३४ शीर्षकमा कुल राजश्व रु ३८०९१५२६४.६८ जम्मा भएको मध्ये सम्पत्ती कर ८४१५७६९७.५३, व्यबसाय रजिष्ट्रेसन दस्तुर रु ३२१२३८० तथा व्यबसाय कर रु ३०४८३३७ असुल उपर भएकोमा सो करको ठूलो हिस्सा बक्यौता रहदै आएको छ । यस सम्बन्धमा पालिकाले सेवाग्राहीले सेवा लिने समयमा तिर्ने हुँदा जरिवाना सहित कर असुल उपर हने व्यहोरा जनाएको छ । व्यवसाय कर भने व्यवसाय बन्द भए पछि वक्यौता रहने समस्या रहने गरेको पाईयो ।आ.व. २०८१।८२ मा वक्यौता रहेको उक्त करको व्यहोरा तपशिल बमोजिम रु. ५२६२७५१ रहेको छ ।

| आ.व. २०८१।०८२ सम्मको सम्पत्ति कर वक्यौता विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | करदाता संकेत | करदाताको नाम थर | वक्यौता रकम (रू.) |
| १ | 10-31-0030 | सुन्दर बहादुर थापा | १९३४३४ |
| २ | 11-02-0025 | इन्द्रमान महर्जन | १२७५८१ |
| ३ | 10-01-0003 | ओम कुमारी बस्नेत | ३९९७८६ |
| ४ | 03-01-0150 | अमरसिद्धि ह्याच प्रा०लि० | ३४९१६१ |
| ५ | 09-29-0048 | रस्मीता सापकोटा | ३०५०६९ |
| ६ | 05-06-0185 | कमिटेड इन्टरप्रेनर रियल इस्टेट प्रा०लि० | २८१५८५ |
| ७ | 10-06-0015 | कृष्णमान र भुवनमान महर्जन समेत | २४१६३७ |
| ८ | 09-06-0168 | किशोर बुढाथोकी | १०८७८३ |
| ९ | 09-29-0043 | राम कृष्ण पाठक समेत | १०४९४१ |
| १० | 02-29-0211 | राधा कृष्ण अधिकारी | १०१४२१ |
| ११ | 11-31-0201 | सेती महर्जन | ९६०३४ |
| १२ | 11-27-0019 | माया देवी गर्तौला | ९४०२७ |
| १३ | 11-31-0012 | सुन्दर प्रसाद घिमिरे | ९३४०५ |
| १४ | 06-05-0005 | ऋषि बहादुर प्रधान | ९३०४४ |
| १५ | 03-31-0743 | सरस्वती तिमलसिना | ८८३९७ |
| १६ | 09-26-0033 | भेष कुमारी पौडेल | ८८३७५ |
| १७ | 08-31-0238 | शशि कुमार लामा | ८०५२० |
| १८ | 07-06-0095 | केशवराज श्रेष्ठ | ८०३३० |
| १९ | 06-14-0010 | टोप प्रसाद गजुरेल | ७९७६७ |
| २० | 00-06-0015 | कोपीला पाण्डे | ७९६१३ |
| २१ | 02-29-0693 | राज कुमार फुयाल समेत | ७७८३० |
| २२ | 09-25-0021 | बाटुली महर्जन | ७६२६६ |
| २३ | 09-31-0284 | सिताराम थापा | ७६०३८ |
| २४ | 11-20-0035 | देवकी राना मगर | ७४९८४ |
| २५ | 11-08-0043 | गंगा बहादुर कुँवर | ७४९३९ |
| २६ | 06-31-0733 | सावित्री आचार्य अधिकारी | ७३९२० |
| २७ | 09-26-0008 | चम्पा शाही | ६९९७९ |
| २८ | 09-25-0141 | बालकृष्ण महर्जन समेत | ६९९३७ |
| २९ | 09-30-0020 | लक्ष्मी न्यौपाने सिग्देल | ६९५६८ |
| | | | |

| | | | |
|---|---|---|---|
| ३० | 11-31-0389 | सुन्दर महर्जन | ६८७९२ |
| ३१ | 09-31-0026 | शुशिला न्यौपाने | ६७५५१ |
| ३२ | 08-25-0245 | चिनीमाया अधिकारी | ६७०८५ |
| ३३ | 08-27-0117 | मनुका पाठक | ६५५०४ |
| ३४ | 11-06-0054 | कृष्ण कुमारी कुँवर थापा | ६५०२४ |
| ३५ | 11-29-0052 | राधा वि०सी | ६४५३९ |
| ३६ | 08-22-0031 | नवराज तिवारी | ६२६३४ |
| ३७ | 09-27-0021 | मन्जु खड्का | ६१७०२ |
| ३८ | 08-25-0085 | बिमला श्रेष्ठ समेत | ५९७६९ |
| ३९ | 09-23-0014 | पुरुषोतम थापा | ५९५९२ |
| ४० | 06-32-0121 | हरि शरण सापकोटा | ५८५७५ |
| ४१ | 04-06-0138 | कल्पना बुढाथोकी | ५७८४८ |
| ४२ | 09-27-0113 | मणि नाथ पनेरु | ५६१८४ |
| ४३ | 10-14-0002 | टिका देवी पुन | ५६०६७ |
| ४४ | 03-29-0084 | रामबाबु अर्याल | ५४८७१ |
| ४५ | 09-29-0009 | रस्मिता सापकोटा | ५३९९३ |
| ४६ | 08-30-0097 | लक्ष्मी थपलिया | ५३५८५ |
| ४७ | 10-31-0055 | शोभा पौडेल | ५३२११ |
| ४८ | 08-12-0053 | जगत बहादुर महर्जन समेत | ५३०९० |
| ४९ | 11-06-0015 | केनेडी अर्याल | ५२२५७ |
| ५० | 11-31-0140 | सिता घले | ५२२५६ |
| ५१ | 02-05-0009 | ऋषि बहादुर प्रधान | ५१६४७ |
| ५२ | 09-31-0053 | शारदा भण्डारी न्यौपाने | ५०१४२ |
| ५३ | 09-25-0103 | बुद्ध महर्जन | ५०००८ |
| जम्मा | | | ५१४६२९७ |

| आ.व. २०८१।०८२ सम्मको व्यवसाय कर वक्यौता विवरण | | |
|---|---|---|
| क्र.सं. | व्यवसायको नाम | वक्यौता रू. |
| १ | डाँफे खाद्य उद्योग प्रा°लि° | १९८०० |
| २ | मेगा पब्लिक स्कुल प्रा°ली° | २१५०० |
| ३ | भुवनेश्वरी फर्निचर उधोग | ८०६३ |
| ४ | ड्रीम ल्याण्ड सोफा हाउस प्रा°ली | ८०६३ |
| ५ | ए एण्ड एस सोप एण्ड केमिकलस् इण्डष्ट्रिज प्रा° लि° | ७४२६ |
| ६ | सिमसन गहना पसल | ७४२६ |
| ७ | व्राइव्ले कृषि फर्म | ६७५० |
| ८ | अंकिताज लिक्वर्स | ६४५० |
| ९ | पिस मल्टी ट्रेडर्स | ६४५० |
| १० | दिदि बहिनी पोल्टी फार्म | ४९५० |
| ११ | धादिङ साथीभाई ग्रिल वर्कशप | ४९५० |
| १२ | दक्षिणकाली मेटल वर्कशप | ४९५० |
| १३ | सरस्वती मसला व्यवसाय | ४८३८ |
| १४ | सांग्रिला रेष्टुरेन्ट एण्ड बार | ४८३८ |
| जम्मा | | ११६४५४ |

१२८ **कार्यविधि भन्दा बढी प्रोत्साहन भत्ता भुक्तानी :**

पालिकाबाट प्राप्त प्रतिक्रियाको आधारमा कायम संसोधित बेरुजु यसै प्रतिवेदनको थप बेरुजु खण्डतर्फ दफा नं. २ मा समावेश गरिएको छ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **११२,१८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **४३,४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **४३,४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१०८,९४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१७७,०३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२३३,५६१**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३०,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३८,९२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३०,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१०८,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३०,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **५८,६९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **५८,६९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१४७,६१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२९,३१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३०,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **५८,६९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१४७,६१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१३९,२४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **४८,८७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२७,२३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१२९ **कर्मचारी प्रोत्साहन भत्ता :**

पालिकाबाट प्राप्त प्रतिक्रियाको आधारमा कायम संसोधित बेरुजु यसै प्रतिवेदनको थप बेरुजु खण्डतर्फ दफा नं. २ मा समावेश गरिएको छ ।

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१९** को निर्णयले रू **६,५८१,२४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१३० **उपभोक्ता समिति मार्फत तालिम संचालन :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा १ करोड रुपौंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । तर तालिम कार्यक्रम उपभोक्ता समितिबाट संचालन गर्न सकिने कानुनी व्यवस्था देखिदैन तर नमुनाको रुपमा परीक्षण गर्दा वडाबाट संचालन भएको अधिकांश तालिम कार्यक्रम उपभोक्ता समिति मार्फत संचालन गरेको पाइएकोले कानुन विपरित उपभोक्ता समितिबाट तालिम संचालन गरी भुक्तानी दिने नियमसम्मत नदेखिएको रु.

| भौचर नं मिति | तालिमको नाम | उपभोक्ता समितिको नाम | खर्च रकम |
|---|---|---|---|
| १६।२०८१।६।१६ | युवा महिला दलित लक्षित सीपमुलक कार्यक्रम वडा नं ६ | युवा महिला दलित वर्ग लक्षित उस | ५००००० |
| १९।२०८१।६।१६ | ड्राइभिङ तालिम | जनजागरण महिला उपभोक्ता समिति | २००००० |
| २५।२०८१।६।१८ | १० दिने अचार बनाउने तालिम | सिकाइ महिला उस | १७५७७० |
| ४४५।२०८२।१।८ | १० दिने डल बनाउने एड्भान्स तालिम वडा नं ४ | जागृति सामादायिक अध्ययन केन्द्र उस | २४५००० |
| ४९६।२०८१।१।१९ | २ महिने दलित सिपमुलक तालिम वडा नं २ | दलित वर्ग सिपमुलक कार्यक्रम उपभोक्ता समिति | २००००० |
| ६३३।२०८२।२।२२ | ३ महिने बुटिक तालिम | जितपुरफेदि प्रगतीशिल महिला उस | ४६१००० |
| ६७०।२०८२।३।४ | १५ दिने स्वीटर मोजा पञ्जा बुनाइ तालिम | मनमैजु महिला उपभोक्ता समिति | १९६००० |
| ८५७।२०८२।३।२२ | १ महिने सिलाइ कटाइ तलिम | दलित महिला आय आर्जन उस | ३४३००० |
| ८९०।२०८२।३।२४ | वडा नं ४ अन्तर्गत ६५ दिने ब्युटी पार्लर तालिम | आत्मनिर्भर बज्रयोगीनी उपभोक्ता समिति | २४५००० |
| जम्मा | | | २५६५७७० |

| | |
|---|---|
| अनियमित भएको | २५,६५,७७० |

१३१ **अध्ययन अवलोकन भ्रमण :**

आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व नियमावली,२०७७ मा सरकारी रकम खर्च गर्दा मितिव्ययीता अपनाउनुपर्ने व्यवस्था उल्लेख छ।साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३(६) मा स्वीकत बजेट खर्च गर्दा मितव्ययीता कार्यदक्षता प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले वडाका पदाधिकारी तथा कर्मचारीको क्षमता विकास कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास कार्यक्रमबाट कार्यक्रम तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम संशोधन गरी अध्ययन अवलोकन भ्रमण गई रु ५०,२४,१३० भुक्तानी गरेको पाइयो ।पालिकाबाट गरेको अधिकांश अध्ययन अवलोकन भ्रमण कास्की पोखरा मुस्ताङ दोलखा जिरी र शैलुङ गएको पाइएकोमा उक्त भ्रमणमा एकै ठाउको लागि प्रयोग गरेको सवारी साधनको

भाडामा समेत विविधता पाइएकोले खर्च गरी पेश गरेको सवारी भाडा सम्बन्धमा एकिन हुन सकिने अवस्था देखिएन । यसरी क्षमता विकास कार्यक्रम संसोधन गरी अध्ययन अवलोकन भ्रमण गर्दा कार्यक्रमको लक्ष्य अनुरुप प्रगती हासिल नहुने हुँदा पालिकाले कार्यक्रम छनौट गर्दा उत्पादन वृद्धि रोजगारी सृजना गर्ने जस्ता कार्यमा बजेट विनियोजन गरी खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।यस सम्बन्धि खर्चको केही विवरण देहायअनुसार रहेका छन् ।

| भौचर नं | विवरण | भ्रमण स्थान | संख्या | खर्च रकम |
|---|---|---|---|---|
| ४०९।२०८१।१२।२२ | साङ्ला स्वास्थ्य केन्द्र वडा नं १ | | | १००००० |
| ४४३।२०८२।१।८ | महिला स्वास्थ्य स्वयंसेविकाको अध्ययन अवलोकन जितपुरफेदी स्वास्थ्य चौकी | मुस्ताङ कास्की | १८ | २००००० |
| ४४४।२०८२।१।८ | शहरी स्वास्थ्य केन्द्र वडा नं ४ का महिला स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन | मुस्ताङ कास्की | १८ | २००००० |
| ५७२।२०८२।२।७ | वडा नं ७ फुटुङ स्वास्थ्य केन्द्र महिला स्वास्थ्य स्वयं सेविका अध्ययन अवलोकन | मुस्ताङ कास्की | | २००००० |
| ५५९।२०८२।२।७ | वडा नं ८ मनमैजु स्वास्थ्य चौकी महिला स्वास्थ्य स्वयं सेविका अध्ययन अवलोकन | | | २५०००० |
| ४९७।२०८२।१।१९ | वडा नं ९ महिला स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन भ्रमण | | | २००००० |
| ६३४।२०८२।२।२३ | वडा नं ५का महिला स्वास्थ्य स्वयंसेविका क्षमता विकास कार्यक्रम संशोधन गरी अध्ययन अवलोकन ( ४ दिने | पोखरा बाग्लुङ मुक्तिनाथ गलेश्वर | २५ | २५०००० |
| ६४५।२०८२।२।२९ | जेष्ठ नागरिक भ्रमण कार्यक्रम १ दिने | चन्द्रागिरी र थानकोट पार्क | १५६ | २५०००० |
| ६४६।२०८२।२।२९ | वडा नं २ का जेष्ठ नागरिक सम्मान कार्यक्रमबाट जेना तिर्थयात्रा कार्यक्रम | | ४५ | २००००० |
| ६४७।२०८२।२।२९ | महिला स्वास्थ्य स्वयंसेविका क्षमता विकास कार्यक्रम संशोधन गरी अध्ययन अवलोकन वडा नं ११( ५ दिने ) | कास्की बाग्लुङ मुस्ताङ | ३१ | १९९००० |
| ६६२।२०८२।३।३ | वडा नं ५ का जेष्ठ नागरिकको भ्रमण | कौवा पार्क अवलोकन | | २३२४० |
| ६६७।२०८२।३।३ | वडाका कर्मचारी तथा जनप्रतिनिधि अध्ययन अवलोकन भ्रमण | | १० | |
| ६८५।२०८२।३।५ | जेष्ठ नागरिक एकल महिला तिर्थयात्रा कार्यक्रम | देवघाट चितवन मौलाकालिका मन्दिर | ११० | ४२८८७० |
| ६९२।२०८२।३।६ | शहरी स्वास्थ केन्द्र वडा नं १० | | | २००००० |
| ७४९।२०८२।३।१८ | वडा नं ६ का कर्मचारी तथा जनप्रतिनिधि ( ५ दिने ) | धादिङ मुस्ताङ मुक्तिनाथ | ८ | २१९६४५ |
| ७२८।२०८२।३।१२ | वडा नं १० का कर्मचारी तथा जनप्रतिनिधि अध्ययन अवलोकन( ५ दिने ) | पोखरा म्याग्दी मुस्ताङ | ५ | २००००० |
| ७७५।२०८२।३।१९ | वडा नं ९ का कर्मचारी तथा जनप्रतिनिधि अध्ययन अवलोकन( ३ दिने ) | पोखरा घन्द्रक लगायत | ९ | १५०००० |
| ८५८।२०८२।३।२२ | जेष्ठ नागरिक सम्मान कार्यक्रमबाट जेष्ठ नागरिक भ्रमण खर्च | पलान्चोक भगवती डोलेश्वर महादेब सुर्यविनायक | ६० | ९८००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८६५।२०८२।३।२२ | वडा नं ६ जेष्ठ नागरिक भ्रमण कार्यक्रम धर्मस्थली जेष्ठ नागरिक सहयोग तथा अनुगमन समाज मार्फत संचालन | साँसु शालिनदी | ३६९ | २१९८०० |
| जम्मा | | | | ३५८८५५५ |

१३२ **अन्तरक्रिया कार्यक्रम :**

७४५।२०८२।३।१८ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिद गर्नुपूर्व लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरिएको छ। सोही दफाको उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा निर्माण कार्य बाहेक अन्य खरिदको हकमा १ लाख रुपैयाँसम्मको खरिदमा लागत अनुमान तयार गर्न आवश्यक नपर्ने उल्लेख छ। तर १ लाख रुपैयाँभन्दा बढी लागत लाग्ने जुनसुकै तालिम कार्यक्रम, परामर्श सेवा वा मालसामान खरिद गर्दा अनिवार्य रूपमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको तथा तालिम कार्यक्रम परामर्श सेवा वा अन्य सेवा मार्फत गर्न भए नियमावलीको नियम १२ र १३ बमोजिमको ढाँचामा लागत अनुमान तयार गरी नियम १४ अनुसार तोकिएको अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आव २०८१।८२ को बजेटबाट संचारकर्मीसंग अन्तरक्रिया कार्यक्रमको लागि रु ५ लाख विनियोजन भएकोमा मिति २०८२।२।६ मा बसेको कार्यपालिकाको बैठकले स्थानीय निकाय र मिडियाबिच प्रभावकारी संचारका साथै नगरपालिकाका वर्तमान योजना नीति तथा चुनौती लगायत विषयमा नगर प्रमुखसँग सञ्चारकर्मी अन्तरक्रियका कार्यक्रम तारकेश्वर नगरपालिकाको मिडिया पार्टन स्मार्ट पाटीको आयोजनामा बजेटको सिमाभित्र रही भुक्तानी हुने गरी निर्णय गरेको देखिन्छ।यही निर्णयको आधारमा मिति २०८२।२।२६ गते कार्यक्रम संचालन भएको छ। कार्यालयले लागत अनुमान तयार नगरी सोझै प्रस्ताबदाताको प्रस्ताब बमोजिम कार्यक्रम संचालन गरी रकम भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९०,००० |

१३३ **तालिम कार्यक्रममा बढी भुक्तानीः**

८५७।२०८२।३।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। आदिवासी जनजाती महिला दलित महिला उत्थान कार्यक्रम दलित महिला लक्षित आय आर्जन उपभोक्ता समिति मार्फत २०८२।२।१४ देखि ३।१५ सम्म सिलाइ कटाइ तालिम संचालन भएकोमा कार्यक्रममा प्रस्तावना बमोजिम ६९४ जनाको २०० को दरले रु १३८८०० भुक्तानी पाउनेमा रु १४४००० तथा पालिकाको नम्स अनुसार उद्घाटन तथा समापनमा २००० को दरले ४००० खर्च गर्न पाइनेमा १००००को बिल पेश गरी नम्स भन्दा बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२०० |

१३४ **बैठक भत्ताः**

५४०।०८२।३।६ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।देहायका कर्मचारीहरुले कार्यालय समय अघि पछि भनि बैठक भत्ता बुझेकोमा भत्ता अवधिको हाजिरी परीक्षण गर्दा सो अवधिमा कार्यालयमा उपस्थिति हाजिरी नमिलेकोले बैठक भत्ता सम्बन्धि देखिएका वेहोराहरु निम्नानुसार छन् ।

१३४.१ मिति २०८२।१।१२ गते बेलुका ५ बजेर १५ मिनेटमा बोलपत्र मूल्यांकन समितिको बैठक बसेको भनि बैठक भत्ता बुझेकोमा बैठकमा उपस्थित कर्मचारीहरुको विद्युतिय हाजिरी परीक्षण गर्दा ४ बजेर ३५ मिनेट अगाडिनै हाजिरी गरेर गएको देखिएकोले देहायका कर्मचारीबाट बैठक भत्ता रकम असूल गर्नुपर्ने रु.

| भौन र मिति | कर्मचारीको नाम | भत्ता रकम कर पश्चात रु. |
|---|---|---|
| ५४०।३।६ | प्रप्रअ ईश्वर प्रसाद आचार्य | १२७५ |
| | असई मूना खड्का | १२७५ |
| | जम्मा | २५५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५० |

१३४.२ देहायका कर्मचारीहरुले बैठक भत्ता बुझेको अवधिमा कार्यालयमा अनुपस्थिति देखिएकोले बैठक भत्ता बुझेको रकम असूल गर्नुपर्ने रु.

| बैठक मिति | कर्मचारीको नाम | भत्ता रकम | कैफियत |
|---|---|---|---|
| ०८२।१।१४ | प्रप्रअ ईश्वर प्रसाद आचार्य | १२७५ | कार्यालयमा अनुपस्थिति भई बैठक भत्ता बुझेको |
| ०८१।१२।१५ | प्रप्रअ ईश्वर प्रसाद आचार्य | १२७५ | कार्यालयमा अनुपस्थिति भई बैठक भत्ता बुझेको |
| | जम्मा | २५५० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५० |

१३४.३ देहायका मितिमा कार्यालयका कर्मचारीले बोलपत्र मूल्यांकन समितिको बैठक भत्ता बुझेकोमा बैठक बसेको दिन सार्वजनिक विदा परेको र सो दिनहरुमा समितिको संयोजक तथा सदस्यहरु कार्यालयमा उपस्थिति नदेखिएकोले बैठक भत्ता रकम असूल गर्नुपर्ने रु.

| बैठक मिति | कर्मचारीको नाम | बैठक संख्या | भत्ता रकम |
|---|---|---|---|
| ०८१।१२।१८ र ०८१।१२।२४ | प्रप्रअ ईश्वर प्रसाद आचार्य | २ | २५५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,५५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५० |

१३५ **प्रमाण कागजात पेश नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।नमुना परीक्षणका क्रममा देहायका भौचरहरु लेखापरीक्षणका क्रममा पेश हुन नआएको र सुत्र प्रणालीबाट हेर्दा देहायका पार्टिलाई भुक्तानी भएको देखियो ।अतः नियमावली बमोजिम खर्च रकमको प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| शिर्षक | भौ.नं. र मिति | भुक्तानी भएको विवरण | भुक्तानी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| प्रदेश चालु | १९।०८२।३।२१ | के एण्ड ट्रेड कन्सर्न | ९९२६१ | भौचर पेश नभएको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,२६१ |

१३६ **समितिको संयोजक वेगर बैठक भत्ताः**

९७०।०८२।३।२५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।देहायका कर्मचारीहरुले कार्यालय समय अधि पछि भनि बैठक भत्ता बुझेकोमा भत्ता अवधिको हाजिरी परीक्षण गर्दा सो अवधिमा कार्यालयमा उपस्थिति हाजिरी नमिलेको तथा पालिकामा मिति २०८२।२।८ र २०८२।२।११ गतेका दिन नगर कृषि समन्वय समितिको बैठक बसि बैठक भत्ता बुझेको भनेकोमा समितिको संयोजक नगर प्रमुख श्री कृष्णहरि महर्जनको अनुपस्थितिमा बैठक बसि भत्ता बुझेको देखिएकोले निम्नानुसारका पदाधिकारी तथा कर्मचारीबाट भुक्तानी भएको भत्ता रकम असूल गर्नुपर्ने रु.

| पदाधिकारीको नाम | भत्ता संख्या | रकम कर कट्टि पश्चात रु | कैफियत |
|---|---|---|---|
| नगर प्रमुख कृष्ण हरि महर्जन | २ | २५५० | समिति संयोजक को अनुपस्थितिमा बैठक बसि बैठक भत्ता बुझेको |
| उपप्रमुख सृजना बुर्लाकोटि अर्याल | २ | २५५० | |
| प्रप्रअ ईश्वर प्रसाद अचार्य | २ | २५५० | |
| सदस्य अन्जू बस्नेत | २ | २५५० | |
| सदस्य चन्द्र प्रसाद घिमिरे | २ | २५५० | |
| लेखा सविना अर्याल | २ | २५५० | |
| कृषि प्राविधिक उमेश बोहरा | २ | २५५० | |
| | जम्मा | १७८५० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,८५० |

## १३७ स्वास्थ्य तर्फको दरबन्दी पदपुर्तीः

पालिकामा आर्थिक वर्ष २०८१।८२ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ति र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | | सेवाग्राहीको संख्या | औषधी वितरण रु |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| प्राथमिक स्वास्थ्य केन्द्र | १ | १४ | १४ | १० | १२४८८७ | ६१८८४३८ |
| आधारभूत स्वास्थ्य केन्द्र | ६ | ५४ | ४२ | १२ | १२४८८७ | ६१८८४३८ |
| शहरी स्वास्थ्य केन्द्र | ६ | ४८ | ३४ | १४ | | |
| जम्मा | १३ | ११६ | ९० | ३६ | | |

उक्त विवरण अनुसार पालिकामा १३ स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य केन्द्र रहेका छन । १३ स्वास्थ्य संस्थामा ११६ दरबन्दी स्वीकृत भएकोमा ८३ स्थायी र ३६ करार गरी १२६ जना कर्मचारी मार्फत १२४,८८७ जना सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

## १३८ विपन्न नागरिक औषधि उपचार विवरणः

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार जम्मा रु.९१ लाख ४० हजार भुक्तानी गरेको, निर्देशिका २०८० अनुसार विपन्न नागरिक औषधि उपचार कार्यक्रमतर्फ थप १३७ जनालाई निःशुल्क उपचारका लागि सिफारिस समेत गरेको छ । जसमा मुटुरोग ५२, क्यान्सर ६४, मृगौला १७ र स्पाईनल ईन्जुरी ४ रहेको विवरण उपलब्ध भएको छ ।

| चौमासिक/ उपचारको किसिम | व्यक्ति संख्या | जम्मा रकम रु. |
|---|---|---|
| प्रथम चौमासिक | | |
| क्यान्सर रोगि | १०१ | २०२०००० |
| मृगौला डाईलासिस | ३० | ६००००० |
| मृगौला प्रत्यारोपण | ८ | १६०००० |
| मेरुदण्ड पक्षपात | ५ | १००००० |
| जम्मा | १४४ | २८८०००० |
| दोस्रो चौमासिक | | |
| क्यान्सर रोगि | १२२ | ३१६००० |
| मृगौला डाईलासिस | ३७ | २००००० |
| मृगौला प्रत्यारोपण | १० | २४०००० |
| मेरुदण्ड पक्षपात | ६ | १४०००० |
| जम्मा | १७५ | ३७४०००० |
| तेस्रो चौमासिक | | |
| क्यान्सर रोगि | १३२ | १७९५००० |
| मृगौला डाईलासिस | ३७ | ५१०००० |
| मृगौला प्रत्यारोपण | १० | १३०००० |
| मेरुदण्ड पक्षपात | ६ | ८५००० |
| जम्मा | १८५ | २५२०००० |
| कुल जम्मा | | ९१४०००० |

यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी वास्तविक औषधि तथा स्वास्थ्य परीक्षण प्रमाणका आधारमा सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेवसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

१३९ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष ०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिका अन्तर्गत रहेको २ बर्थिङ सेन्टरमा गत वर्षको अन्त्यमा ५३ थान न्यानो झोला मौज्दातमा रहेको तथा यस आ.व. मा ५० थान न्यानो झोला रु ४४६३५ खरिद भएको पालिकाले जनाएको छ । यस वर्ष २९ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ७४ थान न्यानो झोला मौज्दातमा रहेका छन् ।खरिद भएका न्यानो झोलाहरु तोकिएको स्पेशिफिकेशन बमोजिम भए नभएको अधिकारीक तहबाट परीक्षण भएको देखिएन । पालिकाले गर्भवती महिलाको तथ्यांकको आधारमा माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी न्यानो झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

१४० **औषधि खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान खूला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक श्रोतबाट कोटेसनको माध्यमबाट रु ५०२९०८० र बोलपत्रको माध्यमबाट रु.२४,३३,१२९।०० को गरी रु ७४६२२०९ औषधी तथा औषधिजन्य सामाग्री खरिद गरेको पाइयो। सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

| भौचर नं | फर्मको नाम | भुक्तानी रकम | खरिद बिधि | कैफियत |
|---|---|---|---|---|
| १२५।२०८१।७।६ | जि एच मेडिहेल्थ कन्सर्न | ५८२००० | सोझै | लागत अनुमान तयार नगरेको |
| ३२५।२०८१।११।१५ | सेतीदेवी मेडिसिन सप्लायर्स प्रालि | ६६२६८७ | सोझै | विलमा ब्याज नं र expiry मिति नखुलेको |
| ३२६।२०८१।११।१५ | गोसाइकुण्ड मेडिसिन सप्लायर्स प्रालि | ८५२८०० | सोझै | |
| ४७८।२०८२।१।१५ | इलाई मेडिहेल्थ कन्सर्न प्रा | ९७२३१० | सोझै | स्पेशिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा विज्ञबाट मुचुल्का उठाइ राख्ने नगरेको |
| ६०८।२०८२।२।१६ | निरीजमा मेडिको सप्लायर्स | ९७४०४५ | सोझै | स्पेशिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा विज्ञबाट मुचुल्का उठाइ राख्ने नगरेको |
| ६२९।२०८२।२।२२ | मेडिगोल्ड इन्टरनेशनल प्राली | ९८५२३८ | सोझै | विलमा ब्याच नं र expiry मिति नखुलेको |
| ९४६।२०८२।३।२५ | गोसाइकुण्ड मेडिसिन सप्लायर्स प्रालि | २४३३१२९ | बोलपत्र | विलमा ब्याच नं र expiry मिति नखुलेको विज्ञबाट मुचुल्का उठाउने नगरेको |
| | जम्मा | ७४६२२०९ | | |

•आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने गरेको तथा उक्त औषधि बिक्रीको लागि हो होइन खुलाएको प्रमाण समावेश नभएको ,

•आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको खुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन नभएको ,

•औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

•औषधिको खर्च घटाउदा वास्तविक खर्चको आधारमा नभई एकमुष्ट मागफारामको आधारमा घटाउने गरेको ,

अत मापदण्ड बमोजिम खरिद, गुणस्तर परीक्षण,आम्दानी र भण्डारण गरी औषधी व्यवस्थापन गर्नुपर्दछ। साथै औषधी गुज्रन म्याद १८ महिना वा दुई तिहाई अवधी रहने गरी खरिद गर्नुपर्दछ ।

१४१ **अनुगमन भत्ताः**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धीत कर्मचारी मात्र खटाउनु पर्ने तर यसरी खटाईएको टोलीलाई अनुगमन भत्ता दिने उल्लेख छैन ।पालिकाले देहायका कार्यक्रममा अनुगमनकर्ता राखि (पालिकाकै सभाहलमा सञ्चालित कतिपय कार्यक्रममा समेत) अनुगमन भत्ता भुक्तानी गरेको छ । यसरी निर्देशिकाविपरीत प्रदान गरिएको अनुगमन भत्ता रकम सम्बन्धित पदाधिकारी तथा कर्मचारीबाट असूल हुनुपर्ने रु.

| भौन र मिति | कार्यक्रमको नाम | अनुगमनकर्ताको नाम पद | अनुगमन सं | अनुगमन भत्ता रकम रु. | कर कट्टि पश्चात रु. |
|---|---|---|---|---|---|
| २२।७।१३ | डेंगु रोग नियन्त्रण | प्रप्रअ दिनेशराज पन्त | २ | २००० | २००० |
| १२३।३।२४ | रोजगार संवाद कार्यक्रम | नगर प्रमुख कृष्णहरि महर्जन | १ | १००० | ८५० |
| | | नगर उपप्रमुख सृजना बुर्लाकोटि | १ | १००० | ८५० |
| | | प्रप्रअ ईश्वर प्रसाद आचार्य | १ | १००० | ८५० |
| ५३।१२।१३ | लघुउद्यम कार्यक्रम | नगर उपप्रमुख सृजना बुर्लाकोटि | २ | २००० | २००० |
| | | अशोक कुमार श्रेष्ठ | १ | १००० | १००० |
| ७८।२।४ | गरिवि निवारण कार्यक्रम | नगर उपप्रमुख सृजना बुर्लाकोटि | ३ | ३००० | ३००० |
| | | प्रप्रअ ईश्वर प्रसाद आचार्य | ३ | ३००० | ३००० |
| | | सविता आचार्य | ४ | ४००० | ४००० |
| ६६।१२।३१ | स्वास्थ्य चौकि सेवा कार्यक्रम | प्रप्रअ ईश्वर प्रसाद आचार्य | ४ | ४००० | ४००० |
| | | अशोक कुमार श्रेष्ठ | १ | १००० | १००० |
| | | | | जम्मा | २२५५० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,५५० |

१४२ **अपाङ्गता भएका व्यक्तिका लागि पुर्नस्थापना कार्यक्रमः**

१७।०८२।३।१८ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिका र अपाङ्गता मानव अधिकार प्रवर्द्धन समाजबिच अपाङ्गता भएका व्यक्तिका लागि विद्युतिय पुस्तकालय निर्माण कार्यका लागि मिति ०८२।२।२३ का दिन मिति २०८२।२।२३ देखि २०८२।३।१५ सम्म कार्यसम्पन्न हुनेगरी रु २९८००० मा भएको सम्झौताको वुंदा नं ४ मा अपाङ्गता मानव अधिकार प्रवर्द्धन समाजले कार्यसम्पन्न प्रतिवेदनको ३ प्रति हार्डकपि र सफ्टकपिको साथै Link उपलब्ध गराउनु पर्ने भन्ने उल्लेख भएकोमा सम्झौता बमोजिमको काम भए नभएको अनुगमन प्रतिवेदन तथा सम्झौता बमोजिमको कागजात सफ्टकपि तथा Link पेश नभई भुक्तानी भएको देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा अपाङ्गता मानव अधिकार प्रवर्द्धन समाजबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९८,००० |

१४३ **प्रदेश चालु कृषि कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले प्रदेश कृषि कार्यक्रम अन्तर्गत देहायका कृषि फर्म तथा कृषकसँग ५० प्रतिशत लागत साझेदारीमा भएको कृषि कार्यमा सम्झौता बमोजिम ५० प्रतिशत रकम भुक्तानी हुनुपर्नेमा सम्बन्धित कृषि फर्म तथा कृषकलाई सोभन्दा बढी भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको रकम सम्बन्धित कृषि फर्म तथा कृषकबाट असूल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | कार्यक्रमको नाम | सम्झौता मिति | कृषक वा फर्मको नाम | कार्य सम्पन्न गर्नुपर्ने मिति | कार्य सम्पन्न भएको रकम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम रु. | बढि भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| २१।३।२५ | तरकारी खेती प्रवर्द्धन कार्यक्रम | ०८२।२।२० | नव तारकेश्वर कृषि तथा पशुपालन व्य | ०८२।३।१० | ९३६८०८ | ४६८४०४ | ५००००० | ३१५९६ |

| असुल गर्नुपर्ने | ३१,५९६ |
|---|---|

१४४ **उपभोक्ता समितिको अंशः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) अनुसार उपभोक्ता मार्फत निर्माण कार्य गर्दा उपभोक्ताको अंश, मूल्य अभिबृध्दि कर समेत एक करोड सम्म लागत भएको योजना निर्माण।मर्मत कार्यान्वियन गर्न सकिने व्यबस्था छ ।पालिकाले कुनै योजना वा कार्यक्रममा लागत अनुमान वा कार्य सम्पन्न प्रतिबेदन तयार गरेकोमा सोही रकमको ८०% रकम कार्यालयले छुट्याउने र बाँकी अंश उपभोक्ता समितिको हुनुपर्ने देखिन्छ ।यस पालिकाले आ.व. २०८१।८२ मा उपभोक्ता समिति मार्फत आयोजना सञ्चालन गर्दा कार्यालयले छुट्याएको बजेटमा उपभोक्ता समितिको अंश जोडेर लागत अनुमान तयार गर्ने अभ्यास भएकोले १२० को लागत अनुमान तयार भई सोको बिस प्रतिशत उपभोक्ताको हिस्सामा कार्य सम्पन्न मान्दा ७६% मात्र कार्यालयको अंश हुन जादा उपभोक्ताको हिस्सा १६% मात्र हुन गई उपभोक्ताको हिस्सामा कम योगदान हुन गएको देखिन्छ । पालिकाले एकै ढाँचामा भुक्तानी गरेकोले सबै उपभोक्ता समितिलाई संरचनात्मक समस्याले गर्दा बढी भुक्तानी भएको देखिन्छ।यस नमूनामा नपरेका अन्य उपभोक्ता समितिलाई भुक्तानी भएको रकम परीक्षण गरी पालिकाले असुल उपर गरेको प्रमाण पेश गर्नु पर्दछ ।पालिकासँग विवरण माग गर्दा यथार्थ भुक्तानीको विबरण प्राप्त नभएकोले नमूना परीक्षणको आधारमा तपशिल बमोजिमका ४० उपभोक्ता समितिसँगको सम्झौतामा बढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु.

| सि.न | भौ.न र मिति | उ.स को नाम | लागत अनुमान। सम्झौता | कार्य सम्पन्न | पालिकाको भुक्तानी | हुनुपर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | ४७०। २०८२।२। २२ | नलम्पा पार्क स्तरोन्नती उ.स | २२०३१९४.२७ | २२११४८८.३९ | १९६०००० | १८०२५५५.४१ | १५७४४४.५८ |
| २ | ४६९। २०८२।२। २२ | साघुको पुल देखि पृकुन मन्दिर सम्म नदी कटान नियन्त्रण उ.स | १८०८८१३.८३ | १८०८८१३.४ | १४६१४५३ | १४४७०५१.०६ | १४४०१.९४ |
| ३ | ६७३। २०८२।३। २५ | दाहालचोक टोल सुधार उ.स | १८०१२३६.५ | १८०१२३६.४ | १४७०००० | १४४०९८९.१२ | २९०१०.८८ |
| ४ | ६३४। २०८२।३। २५ | तीनपिप्ले थुम्की सडक स्तरोन्नती उ.स | २४०२०१८.४६ | २४०२०१८.४६ | १९५१३७७ | १९२१६१४.७६ | २६७६२.२४ |
| ५ | ६४०। २०८२।३। २४ | चिम्बर पोखरी भरुमेश्वर घाट सडक स्तरोन्नती उ.स | २४०७३२४.०६ | २१३५४९६.६९ | १७३४००० | १७०८३९७ | २५६०२.६५ |
| ६ | ६४३। २०८२।३। २५ | कालिदेवी मावि | २४२७१०० | २४२७१०० | १९६०००० | १९४१६८०.२ | १८३१९.८ |
| ७ | ६५२। २०८२।३। २५ | गैरी देखि रामधाम जाने सडक स्तरोन्नती उ.स | १८०४३६२.३९ | १७९३०६९.९७ | १४५२००० | १४३४४५५.९७ | १७५४४.०३ |
| ८ | १३१। २०८१।७। ६ | समाबेशी दलित बस्ती लक्षित उ.स | ९६१७०२.५२ | ९६१७७२.५८ | ८००००० | ७८५३६२.०१ | १४६३७.९८ |
| ९ | ४७४। २०८२।२। २६ | पृथ्वी नारायण मा.बि न्यौपाने चोक धितालथोक सडक निर्माण उ.स | ३६०१०८३.८१ | ३६०२४७३.१८ | २९३२७०० | २८८०८६७.०४ | ५१८३२.९६ |
| १० | ६०५। २०८२।३। २४ | फेदी चिसापानी सडक उ.स | ३००६९६६.४१ | ३००८९७४.४८ | २४८२३१० | २४०५५७३.१२ | २६७३६.८८ |
| ११ | ५७८। २०८२।३। २० | चो गाँउ अर्याल गाँउ जाने सडक निर्माण उ.स | ३००८६९७.३६ | २९९९५२०.७४ | २४९०००० | २३९९६१६.६ | ४०३८३.४ |
| १२ | ५३८। २०८२।३। ६ | गाभे टोल देखि साधुरामको घर जाने उकालो बाटो ढलान उ.स | ६०१५०७.८४ | ६१५०३६ | ४८८७४६ | ४८१२०६.२७ | ७५३९.७३ |
| १३ | ५४३। २०८२।३। | पिपल डाँडाँ बाट ढकालको घरजाने सडक स्तरोन्नती | १८०१३५१.३४ | १८००२५४.४५ | १४६८२५० | १४४०२०३.५६ | २८०४६.४४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ९ | उ.स | | | | | |
| १४ | ५२२। २०८२।३। २ | मुलबारी टोल सुधार उ.स | १२०२८५३.१९ | १२४१७२२.१७ | ९८०००० | ९६२२८२.५५ | १७७१७.४५ |
| १५ | ५११। २०८२।२। ३० | पाखुरे डाँडाँ बिष्ट टोल बाटो स्तरोन्नती उ.स | १६८२०४०.३५ | १७१०९७६.६१ | १३७२००० | १३४५६३२.२८ | २६३६७.७२ |
| १६ | ५०२। २०८२।२। २९ | साबिक वडा नं ३ को मुल सडक स्तरोन्नती उ.स | २४१४०८८.१८ | २३५७७९१.७८ | १९०३७०० | १८८६२३३.४२ | १७४६६.५८ |
| १७ | ७।२०८२। १।२२ | लामपिडी देखि बिहानी चोक सम्म सडक स्तरोन्नती उ.स | २४०७३५२.९३ | २४१९४५४.६४ | १९६०००० | १९२५८८२.३४ | ३४११७.६५ |
| १८ | २२। २०८२।३। २१ | किरात खालिङ्ग राई सामुदायिक तथा सास्कृतिक संग्राहलय भवन निर्माण उ.स | २१६३७४६.९७ | २३३४३००.७६ | १७६४००० | १७३०९९७.५७ | ३३००२.४२ |
| १९ | २०७। २०८१। ११।५ | ठूलोकोट सडक निर्माण उ.स | १८२१८२६.९६ | १७८९६२९.११ | १४४३४५० | १४३१७०३.२८ | ११७४६.७२ |
| २० | २०१। २०८१। ११।५ | आशापुरी मन्दिर देखि मनमैजु सिमाना सडक उ.स | १८९८४६८.२८ | १८९५८००.५८ | १५४५२४० | १५१६६४०.४६ | २८५९९.५४ |
| २१ | २३७। २०८१। ११।१२ | धितालथोक देखि चोगाँउ जाने सडक स्तरोन्नती उ.स | १८००७१७.०१ | १७९५३७०.९७ | १४६५५०० | १४३६२९६.७७ | २९२०३.२२ |
| २२ | २२३। २०८१। ११।८ | घलेपुल वाल निर्माण उ.स | २४०३०३२.०३ | २३८२५१५.४६ | १९४२८०० | १९०६०१२.३६ | ३६७८७.६३ |
| २३ | २००। २०८१। ११।०५ | बुधाथोकी टोल सडक उपभोक्ता समिति | ११७८७३८.२ | ११८२२९०.८७ | ९६०४०० | ९४२९९०.५६ | १७४०९.४४ |
| २४ | १९६। २०८१। ११।०१ | आनन्द टोल सडक निर्माण उ.स | १८२०९०६.३९ | १८२३२९८.१६ | १४७०००० | १४५६७२५.११ | १३२७४.८९ |
| २५ | १९५। २०८१। ११।०१ | उमामहेश्वर तथा ढकालटार महिला समुह | ३६५२८०.६९ | ३६७४५५.५ | २९४००० | २९२२२४.५५ | १७७५.४४ |
| २६ | १६०। २०८१।८। ९ | मनमैजु टफाटोल उ.स | ३००१६३२.०५ | २७५४८८५.७५ | २२५४८८५.७५ | २२०३९०८.६ | ५०९७७.१५ |
| २७ | १५०। | शहरी स्वास्थ्य केन्द्र | १२००१२०.३८ | ११९०८४४.२४ | ९८८४०० | ९५२६७५.३९ | १५७२४.६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०८१।७। २८ | लोलाङ्गमा शौचालय निर्माण उ.स | | | | | |
| २८ | १५३। २०८१।७। ९ | काभ्रेस्थली गुठीघर पुलबाट उत्तरतर्फ वाल निर्माण उ.स | १८१५६०८.३१ | १८१८३०५.२६ | १४६१४५० | १४५२४८६.६४ | ८९६३.३५ |
| २९ | १२२। २०८१।७। ४ | गौरीशंकर टोल निर्माण उ.स | २४००५८१.६८ | २२५५११७.६ | १८३८८०० | १८०४०९४.०८ | ३४७०५.९२ |
| ३० | १२३। २०८१।७। ४ | धितालथोक हुदै पुसल जाने सडक स्तरोन्नती उ.स | २४०३६४८.३३ | २४०५५७५.३३ | १९६०००० | १९२२९१८.६६ | ३७०८१.३३ |
| ३१ | १०८। २०८१।६। २२ | हिलेडोल बाटो निर्माण उ.स | २४००७९३.८४ | १७२४६७२.८७ | १३९६६०० | १३७९७३८.३ | १६८६१.७ |
| ३२ | १०५। २०८१।६। २१ | धमाधु खेलचौर पार्क निर्माण उ.स | ६००६५८१.७ | ५९२८७२०.६१ | ४८१५१७७ | ४७४२९७६.४८ | ७२२००.५१ |
| ३३ | ८३। २०८१।६। २१ | माझी भेडीगोठ पदमसाल वारी सडक स्तरोन्नती उस | २४२३३२३.३१ | २४३१९५६.८५ | १९५२००० | १९३८६५८.६४ | १३३४१.३५ |
| ३४ | २८। २०८१।६। १८ | मनमैजु र फुटुङ्गको उत्तरतर्फ बुढाथोकी चोक जाने बाटोमा पर्खाल निर्माण उ.स | २४०१२१०.८८ | २४१६१९९.०६ | १९६०००० | १९२०९६८.७ | ३९०३१.३ |
| ३५ | १३। २०८१।६। १६ | बाहुन खहरे खोलामा कोरीडोर निर्माण उ.स | १८००३७०.७१ | १७६५८८६.९१ | १४४१२०० | १४१२७०९.५२ | २८४९०.४७ |
| ३६ | २।२०८१। ६।१५ | सार्वजनिक जग्गा रेखाङ्कन तथा संरक्षण उ.स | १८००६८८.२७ | १८००६८८.२७ | १४७०००० | १४४०५५०.६१ | २९४९४.३९ |
| ३७ | ४।२०८१। ६।१५ | फुसिख्य अनपमा धः उ.स | ३६०००७२.४६ | २८३०३९८.७६ | २२९८६०० | २२६४३१९ | ३४२८०.९९ |
| ३८ | २६। २०८१।६। १८ | कुलान्छे उ.स | २४०१२४९.४७ | २००३६६३.७३ | १६२८८०० | १६०२९३०.९८ | २५८६९.०१ |
| ३९ | २४। २०८१।६। १८ | बुद्धचौर मुलबाटो निर्माण उ.स | १८०४५८१.७४ | १८०५८५८.१८ | १४७०००० | १४४३६६५.४ | २६३३४.६ |
| ४० | २१। २०८१।६। १८ | भाजुको पाखाटोल उ.स | २२८०४७२.३९ | २२४६६४२.१६ | १८३२६९० | १७९७३१३.७२ | ३६३७६.२७ |
| जम्मा | | | | | | | ११९५४६५.१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,९५,४६५.१५ |

१४५ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले ४९६ योजनामा ४८ करोड २७ लाख ४३ हजारको कार्य उपभोक्ता समिति मार्फत गराएको छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

**(क)खर्चको अनुमोदन-** नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाईएन ।

**(ख)प्राविधिक बिल र कार्यसम्पन्न-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

